रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ८ अङ्क ७ पूर्णाङ्क ३२५ २०७९ भदौ १ गते बुधबार | Wednesday, 17 August 2022 | www.eratokhabar.com/ www.ratokhabar.com | मूल्य रु. १०

मिटरब्याजी शोषणविरुद्धको आन्दोलनमा जवस/मोर्चाहरूको ऐक्यबद्धता

काठमाडौँ/ नेकपा (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपाललगायत जवस/मोर्चाहरूले मिटरब्याजी शोषणविरुद्ध पीडितहरूले सञ्चालन गरेको आन्दोलनमा पूर्ण ऐक्यबद्धता र समर्थन जनाउँदै जनताविरुद्ध भइरहेका सबै किसिमका शोषण, दमन र अत्याचार अविलम्ब अन्त्य गर्न माग गरेका छन् ।

आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै जवस/मोर्चाहरूले सीमित व्यक्तिहरूले जनताको पैसा कब्जा गरेर देशैभरि मिटरब्याज आतङ्क उत्पन्न गरेको, गाउँका सोझासीधा जनतालाई झुक्याएर झूट्टा र जाली तमसुक बनाई सर्वसाधारणको सम्पत्ति हडपी घरबारविहीन बनाएको तर सरकार यस गम्भीर समस्याप्रति संवेदनशील नदेखिएकाले पीडित जनताको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै आन्दोलित बनेको जनाएका छन् ।

संयुक्त विज्ञप्तिमा केही समययता मिटरब्याजीले _____ ... बाँकी ७ पृष्ठमा

जनगणतान्त्रिक सम्पर्क मञ्चको राष्ट्रिय सम्मेलन भदौ २५ गते

काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट जनगणतान्त्रिक सम्पर्क मञ्चको प्रथम बैठकले मञ्चको राष्ट्रिय सम्मेलन भदौ २५ गते सम्पन्न गर्ने निर्णय गरेको छ । काठमाडौँमा शनिबार सम्पन्न मञ्चको बैठकले पार्टी निर्णय कार्यान्वयन गर्न तदारुकतासाथ जुट्ने निर्णय पनि गरेको छ ।

... बाँकी ७ पृष्ठमा

क्रान्तिकारी ट्रेड युनियन महासङ्घ चितवनको भेला

चितवन/ 'संसदीय संशोधनवादका विरुद्ध भण्डाफोर गरौँ ! वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न अघि बढौँ ! भन्ने नारासहित अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ चितवनको भेला सम्पन्न भएको छ । भेलाले ४१ सदस्यीय जिल्ला समिति गठन गरेको छ ।

महासङ्घका चितवन संयोजक गणेशको

... बाँकी ७ पृष्ठमा

निर्माणकार्यमा लापरबाही गर्ने साउदलाई जनस्वयम्सेवकको चेतावनी

कञ्चनपुर/ नेकपा (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपाल कञ्चनपुरले राजेन्द्र निर्माण सेवा प्रालिका सञ्चालक भीम साउदले काममा देखाएको चरम लापरबाही तुरुन्तै नसुधारेमा कडा सङ्घर्षमा उत्रिने चेतावनी दिएको छ । चेतावनीसहितको पत्र सडक विभाग कार्यालय कञ्चनपुर महेन्द्रनगरमार्फत पूर्वाधार विकास तथा यातायात मन्त्रालयलाई दिइएको जानकारी सङ्गठका कञ्चनपुर जिल्ला इन्चार्ज

... बाँकी ७ पृष्ठमा

सहिदको समाधिमा उभिएर क्रान्तिको झन्डा उठाइरहने प्रतिज्ञा

कुख्यात दोरम्बा हत्याकाण्डको २० औँ स्मृति दिवस

अम्बिका चन्द, काठमाडौँ,

पेरिस कम्युनहरूका कम्युनार्डहरूको सम्झना गराउने ऐतिहासिक दोरम्बा हत्याकाण्ड नेपाली जनयुद्धको एउटा अविस्मरणीय परिघटना हो । रामेछाप दोरम्बा हत्याकाण्ड सम्झनेबित्तिकै निःशस्त्र २१ जना क्रान्तिकारी योद्धाहरूले बलिदान गरेको दिनको सम्झना आउँछ । जनयुद्धको आँधीबेहरीबाट आजसम्म आइपुगेका क्रान्तिकारीहरूका लागि त यो दिन एउटा नयाँ शिक्षा र प्रेरणाको दिन बन्छ । त्यस्तै क्रूर शासकहरूप्रति आक्रोश र आवेग पैदा गराउँछ ।

... बाँकी ७ पृष्ठमा

नेकपा (बहुमत) का केन्द्रीय सल्लाहकार प्रह्लादको सालिक अनावरण

जाजरकोट/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सल्लाहकार सदस्य तथा जाजरकोटी कम्युनिस्ट आन्दोलनका होनहार योद्धा जयबहादुर राणा 'प्रह्लाद' को सालिक अनावरण गरिएको छ । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) जाजरकोटको आयोजनामा मङ्गलबार उनको गृहनगर रिम्नामा कार्यक्रम आयोजना गरी सालिक अनावरण गरिएको हो । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का प्रवक्ता हेमन्तप्रकाश ओली 'सुदर्शन' ले हालै निधन भएका प्रह्लादको सालिक अनावरण गरेका हुन् ।

सालिक अनावरण कार्यक्रममा प्रमुख अतिथि नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनले जीवनभर क्रान्तिकारी आन्दोलनका पक्षमा लड्ने आफ्नो पार्टीका केन्द्रीय सल्लाहकार सदस्य प्रह्लाद एक निडर, क्रान्तिकारी योद्धा रहेको भन्दै क्रान्तिकारी आन्दोलन र नेपाली जनयुद्धमा उनको योगदान निकै माथि रहेको बताए । साथै उनले क्रान्तिकारी आन्दोलनलाई निरन्तर अघि बढाउनु र जनतालाई धोका नदिनु नै जाजरकोटका अग्रणी योद्धा प्रह्लादका सपनाहरूको रक्षा र सम्मान हुने विश्वास व्यक्त गरे । नेपाली जनताका सबैखाले समस्याहरूको समाधान गर्ने र क्रान्तिकारी आन्दोलनको रक्षा र विकास तथा जनयुद्धका उपलब्धिहरूको रक्षा क्रान्तिकारी शक्तिले मात्र गर्ने भएकाले बलियो क्रान्तिकारी एकता आवश्यक रहेको भन्दै नेता सुदर्शनले बृहत् क्रान्तिकारी एकताका लागि काम र प्रगति भइरहेको बताए । आफ्नो

... बाँकी ७ पृष्ठमा

संसदीय चुनावले कुनै समस्या हल हुनेछैन : सुदर्शन

बाँके/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का प्रवक्ता हेमन्तप्रकाश ओली 'सुदर्शन' ले संसदीय व्यवस्थामा गरिने कुनै पनि निर्वाचनले देशको सङ्कट टार्न नसक्ने बताएका छन् । पार्टीको कर्णाली ब्युरोद्वारा बाँकेको नेपालगन्जमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा नेता सुदर्शनले देश निकै जर्जर अवस्थामा पुगिसकेकाले देशले धान्नै नसक्ने गरी आर्थिक र राजनीतिक सङ्कट आउने पनि बताए । दलाल संसदीय व्यवस्थाले कुनै पनि समस्या हल गर्न नसक्ने अवस्थामा पुगिसकेकाले यसको विकल्प अनिवार्य आवश्यकता भैसकेको उनको भनाइ थियो ।

देशका समस्याहरु समाधान गर्नका लागि आफ्नो पार्टीले संसदीय व्यवस्थाको विकल्पमा स्वाधीन संयुक्त सरकारको प्रस्ताव गरेको प्रस्ट पार्दै उनले उक्त सरकारले शिक्षा, स्वास्थ्य, आवास, जमिन र रोजगारीको सुनिश्चितता गर्ने बताए । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र न्यायपालिकाको व्यवस्था हुनुपर्ने उनको भनाइ थियो । नेता सुदर्शनले तीनबुँदे सहमतिका आधारमा

... बाँकी ७ पृष्ठमा

नेकपा (बहुमत) कर्णाली ब्युरोको बैठक सम्पन्न

बर्दिया/ नेकपा (बहुमत) कर्णाली ब्युरोको बैठक पार्टी केन्द्रीय सचिवालय सदस्य एवम् ब्युरो इन्चार्ज सङ्गम आरसीको अध्यक्षता र पार्टी प्रवक्ता सुदर्शनको प्रमुख आतिथ्यमा शनिबार बर्दियामा सम्पन्न भएको छ ।

बैठकले दुई महिनासम्म राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान सञ्चालन गर्ने केन्द्रीय सचिवालयको बैठकको निर्णयलाई ब्युरोका सबै जिल्लामा घनीभूत रूपले सक्रियतापूर्वक लागू गर्ने निर्णय गरेको छ ।

बैठकमा पार्टी केन्द्रीय कार्यालय सदस्य उदयबहादुर चलाउने 'दीपक', पार्टी सचिवालय सदस्य एवम् कर्णाली ब्युरोका पूर्वइन्चार्ज समरजङ्गलगायत नेता अतिथिका रूपमा उपस्थित थिए ।

बैठकमा प्रमुख अतिथि पार्टी प्रवक्ता सुदर्शनले सचिवालय बैठकका निर्णय र योजनाहरू सम्प्रेषण

... बाँकी ७ पृष्ठमा

केन्द्रीय सदस्य शाह गिरफ्तार, अविलम्ब रिहा गर्न चेतावनी

काठमाडौँ/नेकपा (बहुमत) ले पार्टीका केन्द्रीय सदस्य तथा बाँके जिल्ला संयोजक कृष्ण शाहलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको भन्दै बिनासर्त अविलम्ब रिहा गर्न माग गरेको छ । पार्टी प्रवक्ता सुदर्शनले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै पार्टी काममा रहेको समयमा कोहलपुरको हबलदारपुरबाट शुक्रबार राती गिरफ्तार गरिएका पार्टी केन्द्रीय सदस्य शाहलाई अविलम्ब रिहा गर्न, अन्यथा विलम्बका कारण उत्पन्न हुने परिस्थितिको सामना गर्न चेतावनी पनि दिएका छन् ।

पार्टी प्रवक्ता सुदर्शनले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'हाम्रो पार्टीका केन्द्रीय सदस्य तथा बाँके जिल्ला संयोजक कमरेड कृष्ण शाहलाई हिजो शुक्रबार राती १० बजे पार्टी कामको सिलसिलामा पुगेको समयमा कोहलपुर नगरपालिकाको हबलदारपुरबाट प्रहरीले बिनाकारण गिरफ्तार गरेको छ ।'

पार्टी प्रवक्ताको विज्ञप्तिमा अगाडि भनिएको छ, 'एकातिर वर्तमान सरकारले नेकपा (बहुमत) सँग तत्कालीन नेपाल कम्युनिस्ट पार्टी र केपी वली सरकारबीच भएको तीनबुँदे सहमतिअनुसार झूट्टा मुद्दा खारेज गर्ने र सम्पूर्ण राजबन्दी रिहा गर्ने आश्वासन दिइरहेको छ भने अर्कातिर यसरी

... बाँकी ७ पृष्ठमा

एकलौटी पार्टी कार्यालय नबेच्न माओवादी केन्द्रलाई चेतावनी



चितवन/ नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) चितवनले संयुक्त वक्तव्य जारी गरी भरतपुर महानगर वडा नं. ४ वैदिक नगरमा रहेको पार्टी कार्यालय एकलौटी नबेच्न नेकपा (माओवादी केन्द्र) लाई चेतावनी दिएका छन् ।

नेकपा (बहुमत) चितवनका इन्चार्ज महेश र नेकपा (क्रान्तिकारी माओवादी) चितवनका इन्चार्ज विकासले सोमबार संयुक्त वक्तव्य जारी गर्दै पार्टी कार्यालयको जमिन र सम्पूर्ण भौतिक संरचना एउटै पार्टी हुँदा खरिद गरिएको र त्यहाँका सबै भौतिक संरचना र जमिनमा ३ वटै पार्टीको बराबर हक लाग्ने गरी जिल्ला प्रशासनको रोहबरमा सहमति भएको भए पनि माओवादी केन्द्र चितवनका सचिव

... बाँकी ७ पृष्ठमा

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा देशभर विरोधसभा

काठमाडौँ/ राष्ट्रघाती नागरिकता विधेयक, एमसीसी, एसपीपी, महँगी, कालोबजारीलगायत राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई लिएर ६ वाम घटकले बिहीबार देशभर विरोधसभा गरेका छन् ।

यसैक्रममा काठमाडौँमा आयोजित विरोधसभालाई नेकपा (क्रान्तिकारी माओवादी) का नेता सीपी गजुरेलले शासकहरूले राष्ट्रघात र जनघातका हरेक सीमा पार गरिसकेको बताए । नेता गजुरेलले जनताको धैर्यको बाँध टुट्न थालिसकेकाले शासकहरूले बालुवाटार र सिंहदरबार छाडेर भाग्नुपर्ने दिन आउने पनि बताए ।

राष्ट्रघाती नागरिकता विधेयक प्रमाणीकरण गर्न दलालहरूले राष्ट्रपतिलाई दबाब दिइरहेको चर्चा गर्दै नेता गजुरेलले नेपाललाई फिजीजस्तो बनाउने राष्ट्रघाती काममा राष्ट्रपतिले लालमोहर नलगाउने कुरामा आफूहरू विश्वस्त रहेको पनि बताए । राष्ट्रपतिलाई नागरिकता विधेयक संसद्लाई नै फिर्ता पठाउन आफूहरूले भेटेरै आग्रह गरेको जानकारी दिँदै नेता गजुरेलले राष्ट्रपतिले प्रमाणीकरण गरे पनि राष्ट्रघाती नागरिकता विधेयक आफूहरूले नमान्ने बताए ।

राष्ट्रघाती नागरिकता विधेयक, एमसीसी, एसपीपी, महँगी, कालोबजारीलगायत देश र जनताका समस्याहरूलाई लिएर ६ वाम घटकले आयोजना गरेको कार्यक्रममा नेकपा (बहुमत) का कार्यालय सदस्य बाबुराम गजमेरले देशका शासकहरूका कारण राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरू गम्भीर समस्यामा पर्दै गएको बताए । उनले यस किसिमका सबैखाले समस्याको समाधान वैज्ञानिक समाजवादी व्यवस्थामा हुने बताए ।

कार्यक्रममा नेकपा (मसाल) समन्वय समितिका नेता ओमबहादुर, संयुक्त क्रान्तिकारी मोर्चा नेपालका प्रतिनिधि माधव दाहाललगायत नेताहरूले विरोध मन्तव्य राखेका थिए ।

रत्नपार्क शान्तिबाटिकामा भएको कार्यक्रमको अध्यक्षता नेकपाका अध्यक्ष लोकनारायण सुवेदीले गरेका थिए भने सञ्चालन नेकपा (क्रान्तिकारी माओवादी) का पीबीएम तथा प्रदेश ३ का इन्चार्ज चन्द्रहरि सुवेदीले गरेका थिए ।

मकवानपुर, चितवन, कास्कीलगायत जिल्लामा पनि ६ दल/मोर्चाको आयोजनामा बिहीबार नै प्रदर्शन गरिएको छ ।

राष्ट्रघात, महँगी र भ्रष्टाचारविरुद्ध तीन दलको प्रदर्शन

चितवन/ नेकपा

... बाँकी ७ पृष्ठमा

इतिहास/सन्दर्भ

उत्पीडित वर्गको सैन्य रणनीति

सुदर्शन

'हरेक पुरानो समाजको गर्भबाट नयाँ समाज जन्माउन बलले सुँडेनीको काम गर्दछ ।' *- मार्क्स, पुँजी- भाग १, १८६७, पृष्ठ ७९०, हिन्दी ।*

'उत्पीडित वर्ग जसले हतियार चलाउन र हतियार प्राप्त गर्न सिक्दैन भने ऊ दासको व्यवहार गरिन लायक छ ।' *- लेनिन, सर्वहारा क्रान्तिको सैन्य कार्यक्रम, १९१६, ग्रन्थ २३- पृष्ठ ८०, अङ्ग्रेजी संस्करण ।*

'... बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउनैपर्छ ।' *- माओ, युद्ध र रणनीतिका समस्याहरू, १९३८, चुनिएका रचना- ग्रन्थ २, पृष्ठ २२५, अङ्ग्रेजी संस्करण ।*

१) भूमिका

नेपालमा हामीले दस वर्षको महान् जनयुद्धबाट जन्माएको जनमुक्ति सेना गुमाएका छौँ । गद्दार प्रचण्ड र बाबुरामले गर्दा नेपाली श्रमजीवी तथा उत्पीडित जनताले प्राप्त गरेका उपलब्धिहरू सबै गुमेका छन् । हामीले यो धोका र गद्दारीको भण्डाफोर गर्दै उत्पीडित वर्गको नयाँ समाज जन्माउने 'सुँडेनी' सङ्गठित गरिरहेका छौँ । बच्चा त आमाको गर्भमा छट्पटाइरहेको छ । हामीलाई त्यो बच्चा जन्माउने सिपालु र अनुभवी सुँडेनीको आवश्यकता परेको छ । त्यसलाई खतराबाट बचाउँदै क्रान्तिकारी कार्यदिशाबाट दीक्षित सुँडेनी हामीलाई चाहिएको छ । यहाँ हामी उत्पीडित वर्गको सैन्य कार्यदिशाबारे केन्द्रित भएर यो आलेखमा विश्लेषण र संश्लेषण गर्ने कोसिस गर्दैछौँ ।

२) समस्याहरू

पहिलो कुरा, हाम्रो कार्यदिशा लेनिनले विकास गरेको सशस्त्र जनविद्रोह हो वा माओले विकास गरेको जनयुद्ध भन्ने कुरामा धेरै मानिसहरू अलमलमा छन् । हामीले यी दुवै कार्यदिशाको विकासका अर्थमा जनक्रान्तिको कार्यदिशा संश्लेषण गरेका छौँ । दोस्रो कुरा, कतिपय मानिसहरूले के प्रश्न उठाइरहेका छन् भने आजको युगमा सशस्त्र क्रान्तिद्वारा सत्ता कब्जा गर्ने कुरा कति सम्भव हुनसक्छ ? सशस्त्र क्रान्ति सम्भव भए त प्रचण्ड र बाबुराम जनयुद्धबाट फर्केर संसदीय व्यवस्थामा आउने थिएनन् । वैभवशाली साम्राज्यवादी देशहरूले निःशस्त्रीकरणको नारा लगाइरहेका छन् । लड्नै थालेका अमेरिका र जनगणतन्त्र कोरिया (उत्तरकोरिया) त सिङ्गापुर वार्तामा पुगे । बरु नेपाल कम्युनिस्ट पार्टी र सरकारले वार्ताबाट समस्याको समाधान गर्नुपर्छ । यस्ता कुराहरू पनि चलिरहेका छन् । संशोधनवादीहरू जो नवप्रतिक्रियावादमा पतन भइसकेका छन्, उनीहरूले के हल्ला फैलाइरहेका छन् भने आजको विज्ञान र प्रविधिको युगमा सशस्त्र क्रान्ति गर्न असम्भव छ । हामीले संविधानमै 'समाजवाद' उल्लेख गरेका छौँ । त्यसकारण _____ ... बाँकी ४ पृष्ठमा

सम्पादकीय

२० औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसको सन्देश

२०६० साल साउन ३२ गते रामेछापको दोरम्बा-डाँडाकटेरीमा २१ जना योद्धाहरूको बलिदान भएको दिन हो । दोरम्बा हत्याकाण्ड भएको १९ वर्ष पुगेर २० वर्ष लागेको छ र फेरि पनि माओवादी शीर्ष नेताहरूले दोरम्बा डाँडाकटेरीमा महान् सहिदहरूको चिहानमाथि उभिएर सहिदका सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सहिदको बलिदानका आदर्शहरू कमजोर बन्दै गएको समयमा जनयुद्धबाटै आएका दुईवटा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू- नेपाल कम्युनिस्ट पार्टी (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) ले संयुक्त रूपमा बलिदान स्थलमा पुगेर स्मृति दिवस मनाउनु र सहिदका सपना पूरा गरेरै छोड्ने शपथ खानु ठूलो महत्वको विषय हो ।

दोरम्बा हत्याकाण्ड नेपालको राजनीतिक कालखण्डकै एक कुख्यात हत्याकाण्ड हो । यद्यपि जनयुद्धको समयमा फासिवादी शासकहरूले देशभर सयौँ सामूहिक हत्याकाण्डहरू मच्चाएर जघन्य युद्धअपराधहरू गरेका छन् तर पनि सरकार र युद्धरत पक्षबीच युद्धविराम भएर वार्ता भइरहेको समयमा मच्चाइएको कुख्यात हत्याकाण्ड भएकाले यो संसारभरकै विद्रोहीहरूका लागि पनि ठूलो क्षति हो र अविस्मरणीय र प्रतिशोधपूर्ण घटना हो । यस हत्याकाण्डले बारम्बार पेरिस कम्युनका कम्युनार्डहरूको सामूहिक हत्याकाण्डलाई स्मरण गराउँछ । पेरिस कम्युन जितेर पनि अनुभवको कमीका कारण हारिएको एक ऐतिहासिक मोर्चा थियो भने दोरम्बा जित्दाजित्दै वार्ताको मोर्चामा बसेको समयमा युद्धविराम भङ्ग गराउन र देशलाई पुनः युद्धको भुमरीमा फसाउनका लागि गरिएको शाही अमेरिकी फासिवादी सत्ताको ठूलो षड्यन्त्र र कत्लेआम थियो । यो जघन्य हत्याकाण्डलाई मुक्तिप्रेमीहरूले कहिल्यै बिर्सिने छैनन् र सदैव आततायी सत्तासँग बदलाभाव लिइराख्नेछन् ।

इतिहासले पाठ मात्र सिकाउँदैन, ऊर्जा पनि दिन्छ । दोरम्बा हत्याकाण्डले ठूलो क्षतिका बीच पनि क्रान्तिकारीहरूलाई पाठ पनि सिकाएको छ र अजश्र ऊर्जा पनि दिएको छ । दोरम्बा हत्याकाण्डपछि भङ्ग भएको सरकार र माओवादीबीचको वार्ता र पुनः सुरु भएको युद्धले सामन्ती राजतन्त्रको जरोकिलो नै उखेलिदिएको र क्रान्तिकारीहरूलाई विजय नहोउन्जेल लडिरहन र सचेत बनिरहन पाठ सिकाएको इतिहास पनि साथमै छ ।

यो साता तत्कालीन शाहीसत्ताले मच्चाएको कुख्यात दोरम्बा हत्याकाण्डको २० औँ स्मृति दिवस हो । रामेछाप जिल्लाको पश्चिमी भूगोलमा पर्ने दोरम्बा- डाँडाकटेरीको उच्च पहाडी भूभागमा २०६० साल साउन ३२ गते शाही सत्ताको सैनिक मेजर राममणि पोखरेलको नेतृत्वमा खटिएका शाही अमेरिकी सेनाका जल्लादहरूले सरकार-माओवादीबीच दाङको हापुरेमा संविधानसभालाई केन्द्र बनाएर भइरहेको वार्ता भङ्ग गर्ने र देशलाई पुनः गृहयुद्धमा धकेल्ने योजना, षड्यन्त्र र उद्देश्यले निहत्था माओवादी नेता-कार्यकर्तालाई नियन्त्रणमा लिएर आँखामा पट्टी बाँधी हात बाँधेर घिस्याउँदै लाम लगाएर बीभत्स र क्रूर तरिकाले नृशंस हत्या गरेका थिए । शाहीसत्ता र तिनका मतियारका रूपमा रहेका काङ्ग्रेस-एमाले संविधानसभाको चुनाव चाहँदैनथे । उनीहरू संविधानसभाको चुनाव भएमा शाहीसत्तासँगै प्रतिक्रियावादी संसदीय व्यवस्था ढलेर जनसत्ता स्थापना हुने त्रासले त्यसका विरुद्ध थिए । जनगणतन्त्र नेपाल निर्माण गर्ने लक्ष्य राखेर महान् जनयुद्धमा लामबद्ध भएका माओवादी नेता, कार्यकर्ता र क्रान्तिकारी जनताले संसद्वादीहरूलाई राजतन्त्रका विपक्षमा मोर्चा बनाउने कार्यक्रमसहित पुँजीवादी नारा ल्याएको थियो संविधानसभा चुनावको तर शाहीसत्ता, अमेरिकीलगायत विश्वका प्रतिक्रियावादी सत्ता र शासकहरू नेपाली जनताको हातमा न्यूनतम् शक्ति पनि हस्तान्तरण भएको सहन सक्तैनथे । परिणामतः दुवै सत्ताका सेना आआफ्नो क्याम्पबाट पाँच किलोमिटर टाढा ननिस्किने सर्त उल्लङ्घन गर्दै रातारात जिल्ला सदरमुकाम मन्थलीबाट बीसौँ कोस टाढा दोरम्बा पुगेर क्रान्तिकारीहरूको नृशंस हत्या गऱ्यो र वार्ता भङ्ग गराई देशलाई युद्धमा धकेल्यो ।

दोरम्बा हत्याकाण्डमा तत्कालीन शाही अमेरिकी सेनाले रामेछाप जिल्ला जनसरकार प्रमुख बाबुराम लामा पुष्प, प्रदीप दोङ 'रक्तिम', अम्बिका दाहाल 'ललिका', सङ्गीता, हर्कबहादुर तामाङ यथार्थ, रवि चौहान 'समीर', उमा कार्की 'सहारा', श्याम तामाङ 'इन्क्लाब', पदमराज गिरी 'असल', विष्णुमाया थापामगर 'बिमा', ठूलोराम तामाङ 'छोक्पा', सानोराम तामाङ 'तारा', लक्ष्मण तामाङ 'छाया', जमिन, सोम, विमला, युवराज मोक्तान, लीला मोक्तान, टेकबहादुर थापामगर 'विवेक', चतुर्मान थामी 'समर', उषासहित २१ जना क्रान्तिकारी नेता, कार्यकर्ता र माओवादी शुभेच्छुकहरूको बीभत्स हत्या गऱ्यो । सोही घटनापछि द्विपक्षीय वार्ता भङ्ग भएर माओवादी पुनः जनयुद्धमा गयो भने शाही अमेरिकी सेना राजतन्त्र लम्ब्याउने खेलमा लागेर पुनः युद्ध थोपर्न र हत्याकाण्ड मच्चाउनतिर लाग्यो ।

दोरम्बा हत्याकाण्ड नेपालमा संविधानसभाको चुनावबाट राजतन्त्रको अन्त्य गर्ने वैधानिक बाटोको समेत विरुद्ध थियो । साम्राज्यवाद र उसका दलाल तथा मतियारहरूले माओवादी जनयुद्धलाई दमनबाटै सिध्याउन रचेको गम्भीर प्रपञ्च थियो त्यो । यो कुरा हत्याकाण्डमा सुराकीको काम गर्ने रेलीमाई तामाङ, भीमबहादुर तामाङलगायतले जनकारबाहीमा पर्नुअघि जनअदालतमा दिएको बयानबाट पनि प्रमाणित भएको छ । तर उक्त हत्याकाण्डका मतियार शाही अमेरिकी मेजर राममणि, काङ्ग्रेसलगायत विभिन्न पार्टीमा मुन्टो लुकाएर बसेकाहरू अझै पनि खुलेआम जनविरोधी हर्कत गर्दै हिँडेका छन् । क्रान्तिकारीहरूका लागि यो दुःखको कुरा हो ।

वर्गसङ्घर्ष जारी छ । दोरम्बा हत्याकाण्ड हुँदा जनयुद्धका नायक भनिएकाहरू आज प्रकारान्तरले वर्गसङ्घर्ष नै परित्याग गरी हिजो आफ्नै टाउकाको मूल्य तोक्नेहरूसँग सत्ता साझेदारी गरिरहेका छन् । उनीहरूका लागि दोरम्बाको आलो घाउ कोट्ट्याउनु भनेको आफ्नै खुट्टामा बन्चरो हन्नुसरह बनेको छ । तिनले वर्गप्रतिबद्धता भुलेका छन् र शत्रु र मित्रको छ्यानबिन गर्ने नसक्ने गरी मानसिक सन्तुलन गुमाएका छन् । केही पात्र र प्रवृत्ति वर्गसङ्घर्षबाट भागे पनि वर्गसङ्घर्ष जारी छ र त्यो वैज्ञानिक समाजवादी क्रान्तिमार्फत वैज्ञानिक समाजवाद प्राप्त गर्ने उद्देश्यसाथ अर्को शिराबाट अघि बढिरहेको छ ।

खुसीको कुरा, ठीक यसै बेला संसदीय संशोधनवादीहरूलाई कारबाही गरेर किनारा लगाउँदै जनयुद्धबाटै आएका क्रान्तिकारी शक्तिहरूबीच एकताप्रक्रिया आरम्भ भएको छ । नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीच बनेको एकता संयोजन समितिले नयाँ उचाइमा दोरम्बालगायत हत्याकाण्ड र महान् वर्गसङ्घर्षमा बलिदान गर्ने दसौँ हजार सहिदका अधुरा सपना क्रान्तिमार्फत पूरा गर्ने आशा जगाएको छ । परिवर्तनकारी जनता र सहिद-बेपत्ता योद्धा-घाइते परिवारले वैज्ञानिक समाजवादी क्रान्तिले नै जनयुद्धकालमा सामूहिक हत्याकाण्ड मच्चाउने राममणिहरू र तिनका आदेशकर्ता तथा योजना निर्माताहरूलाई जनकारबाही गर्नेछ र वैज्ञानिक समाजवादी सत्ताको रत्तरञ्जित झन्डा फरफराउनेछ ।

जनगणतन्त्र नेपाल, वैज्ञानिक समाजवादी नेपाल स्थापना गरेर साम्यवादसम्म पुग्ने सपना देख्दै आरम्भ गरिएको महान् जनयुद्धका क्रममा नेपाल आमाका दसौँ हजार सुन्दर छोराछोरीले बलिदान गरे । हजारौँ अङ्गभङ्ग र बेपत्ता भए । हजारौँ घरबार र परिवारविहीन भए तर त्यत्रो त्याग र बलिदान गरेर आएको पार्टीको मूल नेतृत्व नै दलाली, गद्दारी र आत्मसमर्पणको बाटो रोज्दै जनता, पार्टीनेता र कार्यकर्ताको बलिदानीमाथि धोका दिएर दुस्मनसामु लम्पसार पऱ्यो । आज प्रचण्ड र बाबुरामहरू हिजो क्रान्तिकारीको टाउकाको मोल तोक्ने शेरबहादुर देउवाहरूकै क्याम्पमा शरण लिन पुगेका छन् भने क्रान्तिकारीहरूमाथि जनयुद्धकालमा झैँ फेरि घरघरमा पक्राउ पुर्जी टाँसिएको छ । जनयुद्ध आरम्भ गर्दा जनयुद्धलाई सम्झौतामा टुङ्ग्याउनु अपराध हुनेछ भन्दै जनतालाई युद्धमा लामबद्ध हुन प्रेरित गर्नेहरू आज राजनीतिक, वैचारिक रूपमा पूर्ण रूपमा पतीत बनेर विश्व-प्रतिक्रियावादसँग निर्लज्जतापूर्वक जीवनको भिक मागिरहेका छन् र हाँसीहाँसी बलिदान गर्ने सहिदको त्याग, शौर्य र बलिदानको घोर अपमान गरिरहेका छन् । राजनीतिक र वैचारिक रूपमा यो भौतिक मृत्युभन्दा पनि ठूलो पतन हो ।

जे होस्, नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) का शीर्ष नेतृत्वले २० औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस हत्यास्थलमै पुगेर संयुक्त रूपमा मनाएका छन् र सहिदका सपना पूरा गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । नेपालको क्रान्तिकारी आन्दोलनका लागि यो सुखद सन्देश हो । सहिदको बलिदानीलाई मनन गर्दै क्रान्ति अघि बढाउने र नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभारसहित वैज्ञानिक समाजवादी क्रान्ति पूरा गरेर देशमा वैज्ञानिक समाजवाद स्थापना गर्न यसले नयाँ ऊर्जा, प्रेरणा र हौसला दिएको छ । यसले श्रमिक-उत्पीडित जनता र विभिन्न संसदीय संशोधनवादी कित्ताहरूमा अल्मलिएर बसेका क्रान्तिकारीहरूलाई पनि क्रान्ति पूरा गर्न, सहिदका सपना पूरा गर्न नयाँ ऊर्जा र प्रेरणा दिनेछ भन्ने अपेक्षासहित दोरम्बा मोर्चामा बलिदान गर्ने २१ जनासहित सम्पूर्ण सहिदहरूमा हार्दिक श्रद्धाञ्जली !

इतिहासका पानाबाट

नभुलौँ सहिदहरूका सपनालाई !

सन्दर्भ : २० औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस

शरद रसाइली

दोरम्बा हत्याकाण्ड भएको बर्सौं बितिसकेको छ । तत्कालीन सरकार र विद्रोही माओवादीबीच वार्ता चलिरहेको बेलाको घटना । अन्तर्राष्ट्रिय रूपमा नै बुहचर्चित नकारात्मक परिघटना । एकातिर दर्जनौँ क्रान्तिकारी सहयोद्धाहरूले ज्यान गुमाएको घटना, अर्कोतिर बलिदानी र उत्सर्गको नयाँ कीर्तिमान कायम गरेको त्यो क्षण ! खोइ, बलिदानीको उत्कर्ष थियो कि नरसंहारको दुर्दशा ! मथिङ्गलमा कुरा खेल्दा प्रश्न उब्जिन्छ । जबाफ सहज छैन । किनकि नेपाली क्रान्तिको स्थिति न घरको न घाटको भएको छ । हजारौँको बलिदानले सार्थकता पाउने हो कि होइन ? आगामी दिनले बताउनेछ । तर हामीलाई दोरम्बा हत्याकाण्ड, गौर हत्याकाण्डजस्ता कहालीलाग्दा घटनाहरूले झस्काइरहेका छन् । पिरोलिरहेका छन् । जे होस्, निरन्तर क्रान्तिमा लागिरहन प्रेरणा मिलेको छ । ती तमाम सहिदहरूलाई रातो सलाम !

बलिदानबिना क्रान्ति सहज तरिकाले सोचेजस्तै अगाडि बढ्दैन, बढ्नेछैन । लाखौँ-करोडौँको बलिदानबिना संसारमा क्रान्ति कहीँ पनि सम्भव भएन र हुनेछैन । क्रान्ति चुनाववाट हुने कुरा पनि होइन किनकि क्रान्तिले राज्यसत्तामा वर्गको नेतृत्व परिवर्तन गर्ने उद्देश्य राख्छ । पुँजीपति वर्गले आफ्नो हातको राज्यसत्ता दयामायाले कहिल्यै अर्को वर्गलाई हस्तान्तरण गर्दैन । बरु सर्वहारा वर्गले बलिदानको असङ्ख्य मूल्य चुकाएर नयाँ इतिहास रचना गर्छ । क्रान्तिको यही सार्वभौम मान्यतालाई आत्मसाथ गर्दै धर्ती र आकाश हल्लाउने नेपाली जनयुद्धमा हजारौँको बलिदान भयो । हजारौँ वीर-वीराङ्गनाले आफूलाई बलिदानको कोटामा समाहित गराए । दस वर्षको बलिदानीपूर्ण सङ्घर्षले राजतन्त्र अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र स्थापना गऱ्यो तर आज विश्व-सर्वहारा वर्गको आशाको प्रकाशपुञ्ज बनेको माओवादी पार्टी गम्भीर अन्तरसङ्घर्षको मोडबाट अघि बढिरहेको छ । अवश्य पनि यस अन्तरसङ्घषले पार्टीलाई जीवन्तता नै प्रदान गर्ला तर ऐसआराम र विलासिताको जीवनशैलीले क्रान्तिलाई कतिखेर कहाँ लगेर विसर्जन गर्ने हो ? क्रान्ति अगाडि बढ्ला वा नबढ्ला ? सहिदहरूको बलिदानको सम्मान होला वा नहोला ? यसै भन्न सकिने अवस्था छैन । क्रान्ति निरन्तर प्रवाह हो । रोकिने कुरा होइन तर यतिखेरको हाम्रो पार्टीको दुरवस्था र हाम्रो तरिका देखेर महान् सहिदहरूले गिज्याइरहेको अनुभूति हुन्छ ।

हामी भन्छौँ पार्टीभित्र चल्ने दुई लाइन सङ्घर्ष पार्टीजीवनको उत्प्रेरक हो । पार्टीभित्र चल्ने स्वस्थ र मैत्रीपूर्ण सङ्घर्षले पार्टीलाई सशक्त बनाउँदै रूपान्तरण गर्छ । आज हामीले अन्तरसङ्घर्षको जुन विधि अपनाइरहेका छौँ, यो आफैँमा नयाँ र हाम्रो वर्गलाई निराश पार्नेखालको छ । बहसको विषय र पात्रहरूलाई अतिशयोक्तीकरण गर्ने वा अतिन्यूनीकरण गर्ने खालको हाम्रो बहसको तरिका भएकाले पार्टीलाई आवश्यक ऊर्जा प्राप्त हुन सकिरहेको छैन । हामी कोही उग्रवादी भइसकेको जस्तो, कोही दक्षिणपन्थी नै भइसकेको हाम्रो ठम्याइ हो भने यो निष्कर्षले के परिणाम ल्याउँछ ? निष्कर्ष हाम्रो यही हो भने बहसको जरुरी नै परेन नि । आआफ्नो बाटो अपनाए हुन्छ तर विषय यस्तै होइन । बहसको खाँचो छ तर बहस यसरी नगरौँ कि एकथरी शान्ति र संविधान मन पराउने, अर्कोथरी जनविद्रोह मन पराउने, पार्टी आफैँचाहिँ शान्ति र संविधानमार्फत जनविद्रोह गर्ने । पार्टी विपरीतहरूको एकत्व हो भन्ने यथार्थलाई स्वीकार गछौँ भने पार्टीभित्र पार्टीबाहेक दुईथरी कसरी हुन्छ ? सबैथरी प्रवृत्ति मिलेर पार्टी बन्छ कि एकैजना राजामहाराजा पल्टेर बन्छ पार्टी ? दुईथरी गैरपार्टी त पार्टीमा आवश्यक नै परेन । आफूलाई ठीक नलागेको पक्ष गैरपार्टी हुन्छ भन्ने मान्यता राख्यौँ भने के हामी मार्क्सवादी बन्न सक्छौँ ? के यही हो त द्वन्द्ववाद ? फरक विचारसमूह वा व्यक्तिहरूबीचको ठूलठूला लाइन सङ्घर्षबाट नै क्रान्तिकारी विचारको जन्म हुने हो । एक्लै भइदिए हुन्थ्यो वा फरक विचार राख्ने व्यक्ति नभइदिए हुन्थ्यो भन्ने हो भने मार्क्सवादको पनि जन्म हुने थिएन होला । कार्ल मार्क्ससँग एङ्गेल्स, बाकुनिन र काउत्स्कीहरू नभएको भए, लेनिनसँग स्टालिन, मार्तोभ र प्लेखानोभहरू नभएको भए र माओसँग चाउएन लाई, छन त्यु स्यु र वाङ्मिनहरू नभएको भए ठोकेर भन्न सकिन्छ, मार्क्स मार्क्स बन्नुहुने थिएन, लेनिन र माओ लेनिन र माओ बन्नुहुने थिएन । नेतृत्व भीषण वर्गसङ्घर्षबाटै पैदा हुने हो । एकजना व्यक्तिलाई सार्वभौम घोषणा गरेर कसैले पनि उसलाई चुनौती दिनु हुँदैन भन्यौँ भने सही अर्थमा सफल नेतृत्व प्रणालीको विकास हुन सक्दैन । चीनमा जनयुद्धको सुरुआत माओले गर्नुभएको होइन तर दक्षिणपन्थी अवसरवाद र उग्रवामपन्थी भड्कावका विरुद्ध क. माओले चुनौती खडा गरिदिनुभयो र उहाँ चिनियाँ क्रान्तिको सफल प्रयोगकर्ता बन्नुभयो ।

आज हाम्रो पार्टीमा सयौँ आर्थिक र सांस्कृतिक प्रश्नहरू उठेका छन् । के बिग्रियो भन्न नपाइने ? दङ्ग गनाउन थालिसक्यो, गनायो भन्न पनि नपाइने ? आलोचना गर्दा, प्रश्न उठाउँदा छाला काढेको भन्न थालियो भने कसैले पनि छालाले ढाकिदिइरहन सक्दैन । आलोचना गर्नु, प्रश्न उठाउनु नै छाला हालिदिनु हो नि त । प्रश्न उठ्छ, आलोचनाको पनि त सीमा हुन्छ । त्यसो त कमजोरीको पनि त सीमा हुन्छ । माओले भन्नुभएजस्तै बेलैमा आलोचना गर्न सक्नुपर्छ र तिखो आलोचना गर्न सक्नुपर्छ । कसैले कि तिखो आलोचना सहन गर्नसक्ने हुनुपऱ्यो कि त कमजोरी नै नगर्नु पऱ्यो । मानौँ नेतृत्व देश र जनताप्रति प्रतिबद्ध, निष्ठावान् र आदर्शवान् छ भने त क्रान्ति गर्ने मान्छेले खाल्टो खन्दै खन्दैन नि । वर्गसङ्घर्षमा समस्या आयो भने जनतामा जाने हो । अन्तरसङ्घर्षमा सङ्कट आयो भने पनि जनतामा नै जाने हो । भन्नुको तात्पर्यचाहिँ समस्या जे हो, त्यसलाई गुपचुप राख्ने भन्ने हो र ? जस्ताको तस्तै जनतासम्म लग्नु पर्दैन र ? जनतालै मुर्दावाद ! भनिरहँदा हामी जिन्दावाद मात्र कतिन्जेल भनिरहने ? के सही र के गलत भन्ने कुराको अन्तिम फैसला जनतालै नै गर्ने होइन र ? निश्चित रूपमा पूर्वाग्रहपूर्ण तरिकाले नेतृत्वलाई खुइल्याउनु हुँदैन । पार्टी फुटाउन खोज्नेलाई 'अपराधी' भन्दा अरू नेताको चाहिँ सम्मान हुन्छ र ? साम्राज्यवादी घुसपैठभन्दा के आन्दोलनप्रति न्याय गर्छौँ ? हामीले नै स्थापित गरेका हाम्रा सबै नेताहरूको हामीलाई माया छ । प्रचण्ड विश्वक्रान्तिको नायक बन्न लायक भइदिए हुन्थ्यो भन्ने थियो । विचार र दृष्टिकोणका आधारमा चलाउनुपर्ने पार्टीलाई बहुमतको हतियार प्रयोग गरेर चलाउने महाभूलको सुरुआत कहाँबाट भयो, यो विचार गर्नुपर्ने विषय हो । हेडक्वार्टरवरिपरिका आसेपासेहरूको दिमागले यो गराएको हो भने पनि गल्ती भएको छ । आशा गरौँ भविष्यमा दोहोरिनेछैन । बहुमतले क्रान्ति गर्ने होइन, एकताले हो । हामी भनिरहेका छौँ- सबै नेताहरू एक ठाउँमा हुनुपर्छ र क्रान्तिको नेतृत्व गर्नुपर्छ । जनविद्रोहको अनिवार्य सर्त हो यो । त्यसो हो भने पार्टीभित्र बहुमत र अल्पमतको अभ्यासको सुरुआत गरेर किन जनतालाई पनि विभाजित गर्दैछौँ ? जनतालाई एक ढिक्का गर्न सक्यौँ भने मात्र क्रान्ति सफल पार्न सक्छौँ । आज केन्द्रदेखि सेलसम्म को कताको भनेर सङ्ख्या निकाल्ने परिपाटी सुरु भएको छ । विचारको सङ्घर्षमा बहुमत वा सङ्ख्याको कुनै गुन्जायस हुँदैन । हाम्रा विचारहरूलाई वस्तुसङ्गत र तथ्यसङ्गत सिद्ध गर्नु हाम्रो कार्यभार हो नकि बहुमत सिद्ध गर्नु । बहुमत अस्थायी कुरा हो, जसले पनि बनाइदिनसक्छ, यो यसअघि नै हामीले थाहा पाइसक्यौँ । हामीलाई एउटा ऐतिहासिक शिक्षा पनि मिलेको छ ।

आज पार्टीभित्र जुन समस्या देखिएको छ, कसैले मार्क्सवाद धेरै बुझेर र कसैले बुझ्दै नबुझेर होइन । मार्क्सवादको प्रयोगमा देखापरेको समस्या हो यो । नेपाली क्रान्ति नयाँ पनि मानियो, मौलिक ढङ्गको हुने कुरा पनि मानियो तर अनुभूत हामीलाई के भयो त । नयाँ भयो ? भएन । मौलिक भयो ? अनिश्चयको घेरामा छ । १२ बुँदे समझदारी राज्यसत्ता कब्जा गर्ने आधार तयार पार्नका लागि भनिएको थियो । जनयुद्धलाई सहरमा जोड्न भनिएको थियो । संविधानसभाको निर्वाचन विद्रोहकै लागि भनिएको थियो । दस्ताबेजमा कतिपल्ट भयो चार तयारी लेखिएको तर सिन्को भाँचिएको छैन । बरु युद्धबाट आएका जुझारू कार्यकर्ताहरू पलायन भइरहेका छन् । विचलित छन् । विद्रोहका लागि बाहिरी तयारीमा निकालिएका जनमुक्ति सेनाका कमान्डरहरू एनजीओहरूको उक्साहटमा आन्दोलित हुनुपर्ने परिस्थितिमा पुगेका छन् । एकपछि अर्को सरकार बनाउनेमा मात्र पार्टीको समय बितेको छ । आन्तरिक संरचना र शक्तिलाई सुदृढ गर्न सकिएको छैन । अनि कसको भरमा विद्रोको सपना देख्दैछौँ ? सर्वहारा वर्गको पार्टीको अग्रदस्ता भन्न आज धक मान्नुपर्ने अवस्था उत्पन्न भएको छ । प्रचण्ड र दुई दशकदेखि नेतृत्वमा हुनुहुन्छ र सफल हुनुहुन्छ भन्ने हाम्रो विश्लेषण हो भने सफलताको श्रेय सबै प्रचण्डलाई अनि असफलताको अपजसचाहिँ मुख्य नेतृत्व अरूलाई मात्र ! सफल हुँदा आफ्नै कारणले मात्र, असफल हुँदा अरूको कारणले भन्न मिल्दैन । यसको निचोड प्रचण्ड असफल भइसकेको भन्नेचाहिँ होइन तर चाहेर वा नचाहेर नसकेको त पक्कै हो । अध्यक्षको क्रान्तिकारी लाइनका विरुद्धमा कहिले को खडा भएको छ र ? तर शान्ति र संविधानको लाइन क्रान्तिकारी हो भने भन्नु केही छैन । संविधानसभालाई उपयोग भन्नेमा कोही असहमत छैनन् तर त्यहीँ हराउनु त भएन नि ! के नेपाली काङ्ग्रेस र एमालेले भनेजस्तै गरी शान्तिप्रक्रिया टुङ्गिएला ? संविधान बन्ला ? यो असम्भव कुरा हो । फरकफरक राजनीतिक दर्शनको जगमा एउटै सहमतिको संविधान कुनै हालतमा बन्दैन । त्यसकारण हाम्रो तयारीलाई नछोडौँ भन्नेमा जोड हो ।

यही तयारी किन चाहियो भन्ने खालको उदासीनता र तयारी गर्नुपर्छ भन्नेहरूका बीचको सङ्घर्ष होइन र अहिलेको अन्तरसङ्घर्षको प्रधान पक्ष ? हिजो आम-छापाखानाहरूमा र बहसको एउटा वृत्तमा एउटा गलत सूचना सनसनीपूर्ण ढङ्गले प्रचार भइरहेको छ, त्यो हो पार्टी भित्रको दुई लाईन सङ्घर्ष भागबन्डामा गएर समाप्त भयो । आखिर जुँगाको लडाइँ त थियो रे । पदकै लागि थियो भने त पार्टी फुटाउँदा धेरै नेता पार्टी अध्यक्ष नै हुने थिए नि किन कार्यविभाजन गरिराख्नुपर्थ्यो र ? भागबन्डाको लडाइँ भन्ने तल्लो स्तरको कुतर्कले पार्टीको अन्तरविरोधलाई समाधान होइन, उत्तेजक बनाउन चाहन्छन् भन्ने प्रस्ट हुन्छ । जसले पार्टीमा एकता देख्न चाहँदैनन्, फुट चाहन्छन् र आफ्नो निहित स्वार्थ पूर्ति गर्न चाहन्छन् । कार्यविभाजनको विषय समग्र विचार दृष्टिकोणसँग सम्बन्धित छैन भनी भन्न मिल्दैन । कामको सही र वैज्ञानिक विभाजन क्रान्तिकारी पार्टीमा अनिवार्य छ । यही कार्यविभाजन ठीक ढङ्गको हुन नसक्दा र मूर्त जिम्मा दिन नसक्दा आवश्यक पर्दा पहलकदमी लिन नसकिरहेका थुप्रै घटनाहरू छन् । अति केन्द्रीयता र अति प्राधिकारले नोकरशाहीतन्त्रलाई नै जन्म गराउँछ । प्राधिकारको बहस अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको महत्वपूर्ण सैद्धान्तिक विषय हो । यति महत्वपूर्ण विषयलाई भागबन्डाको डसबिनमा हालिदिएपछि प्रतिक्रियावादी शक्तिहरूले हाम्रो दिमाग कति खराब गरिदिएछन् भन्ने सहज अनुमान गर्न सकिन्छ । अध्यक्ष प्रचण्डले जता खुट्टा टेके पनि दायाँबायाँ त हो अरू के हो र हुने ? तर अरू नेताहरूको कुरा मिल्यो भने अपवित्र, अप्राकृतिक र अराजनीतिक हुने ? यो कसरी हुन्छ । त्यही काम प्रचण्डले गर्दा सुनैसुनले सजिएको हुने अरूले गर्दा गोबरले लत्पतिएको हुने ? प्रत्येक नेताहरूको योग्यता र क्षमताअनुसार उचित कार्यविभाजन गरौँ भन्दा टपरे हुने, एउटै व्यक्तिमा असीमित अपारदर्शी जिम्मेवारी र स्रोतसाधन केन्द्रित भइराख्दा केही नहुने ? पार्टी फुटे पनि फुटोस् ! शान्ति र संविधान नछोड, देशको नेतृत्व तपाईं लिनुहोस् भनी खगेन्द्र सङ्गौलाहरूले उक्साइरहेका छन प्रचण्डलाई । हामी देशको, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनकै नेतृत्व लिनुस् भनिरहेका छौँ । विश्वक्रान्तिकै पहलकदमी लिनुस् भनिरहेका छौँ । तर रूपान्तरित हुनुपऱ्यो । निष्ठा र आदर्शको स्रोत बन्नुपऱ्यो । लाखौँ कार्यकर्ता र करोडौँ जनताको मन जित्नुपऱ्यो । कार्यशैली र आचरणहरू सुधार्नुपऱ्यो, पुँजीपतिवर्गको नेतृत्वजस्तो होइन सर्वहारावर्गको नेतृत्व । हामीले भनेको र चाहेको बस् यत्ति हो ।

वर्तमानले हामीलाई धेरै कुरा सिकाइरहेको छ । पार्टीनेतृत्व र क्रान्तिबारे कतिपय हाम्रा विगतका बुझाइहरू अपर्याप्त र गलत साबित भएका छन् । हाम्रा विगत स्कुलिङका कतिपय पक्षहरू गलत भएको हुनाले हाम्रो स्कुलिङलाई सच्याउनुपर्ने देखिन्छ । जस्तै : पार्टी र त्यसको नेतृत्वले कहिल्यै गल्ती गर्दैन र नेतृत्व बिर्ग्रिँदैन भन्ने जड प्रकारको आदर्शवादी सोचाइ हामीमा हुन गयो । यसले गर्दा नेतृत्वप्रतिको बुझाइ द्वन्द्वात्मकभन्दा एकात्मक र आदर्शवादी प्रकारको भयो । यति धेरै विश्वास कि देख्दैनदेखेको व्यक्तिलाई आदर्श भनेर बलिदानको यात्रामा हामफालियो । प्रचण्डले यसो भन्नुभयो रे भन्ने एक शब्दले बर्सौँसम्म ऊर्जा मिल्न जान्थ्यो तर आज त्यो विश्वास कसरी गुम्दै गइरहेको छ । नेतृत्व स्वयम्को कमजोर विगतको स्कुलिङमा त्रुटि छ भन्ने बुझ्नुपर्छ । ठूलाठूला मोर्चाहरू हार्दा पनि विश्वास गर्नुपर्ने विशुद्ध समझदारी गर्दा, जनयुद्ध अन्त्यको घोषणा गर्दा, स्थानीय जनसत्ता विघटन गर्दा, संविधानसभाको निर्वाचनले पनि विद्रोहको वातावरण नबन्दा पनि नेतृत्वले कमजोरी कुनै हालतमा गर्दैन भन्ने नै भयो तर कमजोरी नै नगर्ने व्यक्ति कोही नहुने रहेछ । खरीपाटीको निर्णय कार्यान्वयन भएन । बालाजु विस्तारित बैठकको निर्णय कार्यान्वयन भएन । पालुङटारको निर्णय लागू भएन र विश्वासको सङ्कट गहिरिँदै आएपछि एकैचोटि लडाइँ परेको जस्तो भयो । अर्को कुरा क्रान्ति सरल रेखामा हुँदैन भन्ने व्याख्या गरिँदै आएको भए पनि जस्तोसुकै स्थितिका लागि पनि तयार रहनुपर्छ । यसप्रकारको जटिलता पनि आउन सक्छ र सजिलै क्रान्ति हुँदैन भन्ने कुराको महसुस हुन नसक्दा हामीले अहिले ठूलो निराशाको स्थिति उत्पन्न भएको छ । सत्ता कब्जा गर्न त अब केही बेर पनि लाग्दैन तर टिकाउन गाह्रो हुने भएकाले अन्तर्राष्ट्रिय हस्तक्षेपका विरुद्ध लडिरहेका छौँ । झन्डैझन्डै सबै प्राप्त भइसक्यो भन्ने पार्टीको ५८/५९ सालतिरैको स्कुलिङ थियो । त्यो विश्लेषणबाट हेर्दा अहिले केही पनि नभएको जस्तो अनुभूति हुनु स्वाभाविकै हो ।

पार्टी वर्गसङ्घर्ष र अन्तरसङ्घर्षको दृष्टिकोणले जुन मोडमा छ, यो निराशाजनक लागे पनि हामी अर्को विजयको तयारीमा नै छौँ भन्ने बुझ्नुपर्छ । क्रान्तिबाट भाग्ने छूट कसैलाई छैन र छूट पाउने पनि छैनन् । हजारौँ सहिदहरूको दबाब छ, करोडौँ जनताको दबाब र अन्तर्राष्ट्रिय भाइचारा शक्तिहरूको चासो र चिन्ता छ । यसकारण हजारौँ सहिदहरूले देखाएको क्रान्तिको मार्गमा लाग्नुको विकल्प छैन । आजको परिस्थितिले हामी सबभन्दा बढी निराश र चिन्तित छौँ । गरिबी, बेरोजगारी, आराजकता र दण्डहीनता बढ्दै गइरहेको छ । यसकारण जस्तोसुकै मूल्यमा भए पनि जनविद्रोहमा जानुको विकल्प छैन । यसको अर्थ भर्खरै बन्दुक पड्काउँदै छापामार युद्धमा जाने भन्ने होइन । यो निश्चित हो कि पार्टीमा चलिरहेको दुई लाइन सङ्घर्षले सम्भावनाका ढोकाहरू खोलिदिएको छ । विकल्पहरू प्रस्तुत गरेको छ । अवश्य पनि सहिदहरूको सपना पूरा गरिछाडिनेछ । एक मुठी रगत बाँकी रहँदासम्म लडिरहने प्रेरणा प्रदान गर्ने तपाईं तमाम सहिदहरूलाई सलाम ! सलाम ! सलाम !

(नवौँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस २०६८ का सन्दर्भमा लिखित र प्रकाशित- सम्पादक ।)

दोम्बा हत्याकाण्डका महान् सहिदहरूको सङ्क्षिप्त जीवनी

सन्दर्भ : २० औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस

१) बाबुराम तामाङ 'पुष्प'

महान् सहिद बाबुराम तामाङ 'पुष्प' रामेछाप जिल्लाको तत्कालीन बेथान गाजसअन्तर्गत वडा नं. ५ डहुभलबाडीमा आमा उर्मे लामा र बुबा कर्म लामाबाट २०१४ सालमा जेठा सन्तानका रूपमा जन्मिएका थिए । बाबुरामका एक बहिनी र दुईजना भाइ छन् । सन्तानका रूपमा दुई छोरा र दुई छोरी छन् ।

पुष्पले पुरानै परम्पराअनुसार कान्छीमाया तामाङसँग वैवाहिक सम्बन्ध कायम गरेका थिए । निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएका बाबुराम तामाङको शिक्षा भने साक्षरता मात्र थियो । शिक्षामा साक्षर मात्र भए पनि उनी व्यक्तित्वको हिसाबले भने बौद्धिक थिए । सानै उमेरदेखि विद्रोही स्वभावका पुष्प २०४६ सालदेखि नै निरन्तर कम्युनिस्ट अन्दोलनमा समाहित हुँदै आएका थिए । जनयुद्धको थालनीसँगै उनले निरन्तर जीवनमरणको लाडाइँमा रामेछाप जिल्लाको एक नेतृत्वको भूमिका निर्वाह गर्दै आएका थिए ।

जनमिलिसियामा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको अवस्थामा दोरम्बाको सामूहिक हत्याकाण्डमा उनले गौरवपूर्ण सहादत प्राप्त गरे ।

४) उमा कार्की 'सहारा'

उमा कार्की 'सहारा' रामेछाप जिल्लाको तत्कालीन चनखु गाजसको वडा नं. ३ मा निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएकी थिइन् । सहारा हर्कबहादुर कार्कीका दुई सन्तानमध्ये पहिलो सन्तानका रूपमा २०४७ सालमा जन्मिएकी हुन् । सहाराकी एक बहिनी छिन् । पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले कक्षा ४ सम्मको अध्ययनपछि अध्ययन गर्न नसकी घरमै बसेकी सहारा २०५८ सालमा नेकपा (माओवादी) को पूर्णकालीन कार्यकर्ता बनेकी थिइन् । सहारा एरिया समिति सदस्यको भूमिका निर्वाह गर्दागर्दै उनले २०६० साल साउन ३२ गतेको कुख्यात दोरम्बा हत्याकाण्डमा सहादात प्राप्त गरिन ।

गाजस वडा नं. ३ मा जन्मिएका हुन् । छोप्पाका २ भाइ र ३ जना बहिनी छन् । निम्नकिसान परिवारमा जन्मिएका छोप्पाले म्हेन्दो तामाङसँग वैवाहिक सम्बन्ध कायम गरेका थिए । छोप्पाले दस कक्षा (टेस्ट) सम्मको शिक्षा हासिल गरेका थिए । छोप्पाका १ छोरा र १ छोरी छन् । छोप्पा २०५८ सालमा जनमोर्चाबाट विद्रोह गरी नेकपा (माओवादी) मा प्रवेश गरेका थिए । २०५८ सालमा नेकपा (माओवादी) को पूर्णकालीन कार्यकर्ता बनेका छोप्पाले गाउँ समितिको जिम्मेवारी बहन गरिरहेका थिए । पार्टी र क्रान्तिको जिम्मेवारीलाई दृढताका साथ लागू गर्दै गर्दा उनले २०६० साल साउन ३२ गते कुख्यात दोरम्बा हत्याकाण्डमा सहादत प्राप्त गरे ।

८) लछुमन (लक्ष्मण) तामाङ

लछुमन (लक्ष्मण) तामाङ रामेछापको तत्कालीन दोरम्बा गाजसको वडा नं. ३ मा जन्मिएका हुन् । लछुमन बुबा भक्तबहादुर र आमा ठूलीमाया तामाङको दोस्रो सन्तानका रूपमा २०२२ साल मंसिर २८ गते निम्नमध्यमवर्गीय परिवारमा जन्मिएका थिए । लछुमनका १ दिदी र २ जना भाइ छन् । काइँली तामाङसँग वैवाहिक सम्बन्ध कायम गरेका लछुमनका २ छोरा र ३ छोरी छन् । लछुमन तामाङले कक्षा ७ सम्मको शिक्षा हासिल गरेका थिए ।

२०५८ सालमा एमाले पार्टी परित्याग गरी नेकपा (माओवादी) मा प्रवेश गरेका लछुमनले पार्टी काकै सिलसिलामा दोरम्बा हत्याकाण्डमा सहादत गरी वीरता

प्रदर्शन गरे ।

९) युवराज मोक्तान

शिक्षक युवराज मोक्तान २०२४ साल वैशाख २२ गते रामेछाप जिल्लाको तत्कालीन दोरम्बा गाजसको वडा नं. २ मा बुबा लालबहादुर मोक्तान र आमा पाङ्सुङ मोक्तानको दोस्रो सन्तानका रूपमा जन्मिएका हुन् । शिक्षक युवराजका दुई भाइ छन् । शिक्षक युवराज एसएलसी उत्तीर्ण गरेपछि अध्यापन पेसामा लागेका थिए । युवराज मोक्तानले सुन्तली तामाङसँग विवाह गरेका थिए । युवराजका २ छोरा र १ छोरीमध्ये जेठो छोरा लीलाले बुबासँगै दोरम्बा हत्याकाण्डमा सहादत प्राप्त गरे । शिक्षक युवराज नेकपा (माओवादी) को शुभचिन्तक भएकै कारण शाहीसेनाले दोरम्बाको सामूहिक हत्याकाण्डमा हत्या गरेको थियो । उनकै घरमा पार्टी बैठक बस्ने तयारी भइरहेको अवस्थामा शाहीसेनाले घर घेरा हाली सामूहिक गिरफ्तार गरेर डाँडाकटेरी पुऱ्याई हत्या गरेको थियो ।

१०) लीला मोक्तान

लीला मोक्तान बुबा शिक्षक सहिद युवराज मोक्तान र आमा सुन्तली तामाङका जेठा सन्तान हुन् । सहिद लीला मोक्तानका एक भाइ र १ बहिनी छन् । लीला मोक्तान कक्षा १२ मा अध्ययन गर्दागर्दै नेकपा (माओवादी) को शुभचिन्तक बनेका थिए । माओवादीको शुभचिन्तक भएकै आरोप लगाएर दोरम्बाका सामूहिक हत्याकाण्डमा बुबा युवराज मोक्तानलगायत अन्य २० जना योद्धासँगै शाहीसेनाले उनको पनि हत्या गरेको थियो ।

११) चतुरमान थामी 'समर'

चतुरमान थामी २०१२ सालमा रामेछाप जिल्लाको तत्कालीन डडुवा गाजस वडा नं. ५ मा जन्मिएका हुन् । निम्न किसान परिवारमा जन्मिएका चतुरमानको शैक्षिक योग्यता भने साक्षरता मात्रै थियो । चतुरमान थामी हर्कबहादुरका साइँला छोरा थिए । चतुरमानका दुई भाइ र दुई दिदी छन् । सिमसिमी थामीसँग वैवाहिक सम्बन्ध कायम गरेका चतुरमान थामीका १ छोरा र १ छोरी छन् ।

चतुमान थामी सुरुदेखि नै जनयुद्धमा समाहित हुँदै आएका थिए । एमालेबाट राजनीतिक जीवनको सुरुआत गरेका चतुरमान थामी जनमोर्चा हुँदै नपाल कम्युनिस्ट पार्टी माओवादीमा प्रवेश गरेका थियो । चतुरमानले थामी राष्ट्रिय मुक्तिमोर्चा नेपालको केन्द्रीय उपाध्यक्षको जिम्मेवारी बहन गर्दागर्दै दोरम्बामा सहादत प्राप्त गरे ।

१२) सोमाई थामी 'सङ्गीता'

सोमाई थामी 'सङ्गीता' २०४१ सालमा रामेछाप जिल्लाको तत्कालीन डडुवा गाजस वडा नं. ३ मा बुबा ताङ्वा थामी र आमा कुमारीमाया थामीको सातौँ सन्तानका रूपमा निम्नकिसान परिवारमा जन्मिएकी हुन् । सङ्गीताका ३ दाजु र २ बहिनी छन् । सङ्गीताको शैक्षिक योग्यता भने साक्षरता मात्र थियो ।

२०६० साल वैशाखमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को पूर्णकालीन कार्यकर्ता भएकी सङ्गीताले सहादत प्राप्त गर्दा पार्टी एरिया समिति सदस्यको भूमिका निर्वाह गरिरहेकी थिइन् ।

१३) टेकबहादुर थापामगर 'विवेक'

टेकबहादुर थापामगर 'विवेक' रामेछाप जिल्लाको तत्कालीन दोरम्बा गाजस वडा नं १ मा बुबा शिरबहादुर थापामगर र आमा चन्द्रमाया थापामगरको एक्लो छोरोका रूपमा २०३३ सालमा जन्मिएका हुन् । विवेकका तीन दिदी छन् । अमरीमाया थापामगरसँग वैवाहिक सम्बन्ध कायम गरेका विवेकका १ छोरा र ३ छोरी छन् ।

निम्नमध्यम किसान परिवारमा जन्मिएका विवेकको औपचारिक शैक्षिक योग्यता कक्षा ८ सम्म

थियो । जनमोर्चा परित्याग गरी २०५९ साल साउनमा नेकपा (माओवादी) को पूर्णकालीन कार्यकर्ता बनेका विवेकले रामेछाप जिल्ला पार्टी सदस्यको जिम्मेवारी बहन गर्दागर्दै २०६० साल साउन ३२ गते दोरम्बा हत्याकाण्डमा सहादत प्राप्त गरे ।

१४) विष्णु थापामगर 'बिमा'

रामेछाप जिल्लाको तत्कालीन दोरम्बा गाजसको वडा नं. १ मा बुबा खड्गबहादुर थापामगर र आमा जगतमाया थापामगरका १ छोरा र ५ छोरीमध्ये बिमा काइँली छोरीका रूपमा २०४१ सालमा जन्मिएकी हुन् । निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएकी बिमा २०५७ सालदेखि वैधानिक रूपमा सङ्गठित भएर काम गर्दै आएकी थिइन् ।

बिमा औपचारिक अध्ययन एसएलसी उत्तीर्ण भएपछि २०५९ सालमा नेकपा (माओवादी) को पूर्णकालीन कार्यकर्ता बनेकी थिइन् । पार्टी एसीएम तथा अनेमसङ्घ (क्रान्तिकारी) को रामेछाप जिल्लासचिवको समेत जिम्मेवारी प्राप्त गरेकी बिमाले दोरम्बाको सामूहिक हत्याकाण्डमा सहादत प्राप्त गरिन् ।

१५) श्याम तामाङ 'इन्क्लाब'

श्याम तामाङ 'इन्क्लाब' रामेछाप जिल्लाको तत्कालीन चनखु गाजस वडा नं. ९ सल्लेनीमा २०१८ सालमा जन्मिएका हुन् । इन्क्लाब कारमाई तामाङका दुई सन्तानमध्ये कान्छो सन्तानका रूपमा जन्मिएका थिए । निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएका इन्क्लाबको औपचारिक शैक्षिक योग्यता थिएन ।

कृष्णमाया तामाङसँग वैवाहिक सम्बन्ध कायम गरेएका इन्क्लाबका एक छोरा छन् । इन्क्लाबले तामाङ राष्ट्रिय मुक्तिमोर्चा नेपाल रामेछापका जिल्ला सदस्यको जिम्मेवारी बहन गर्दागर्दै दोरम्बाको सामूहिक हत्याकाण्डमा सहादत प्राप्त गरे ।

१६) हर्क घिसिङ 'यथार्थ'

हर्क घिसिङ 'यथार्थ' बुबा बाबुलाल घिसिङ र आमा गुल्म तामाङका तेस्रो सन्तानका रूपमा २०३६ साल असार १० गते जन्मिएका हुन् । रामेछाप जिल्लाको तत्कालीन फुलासी गाजस वडा नं. ७ को निम्नकिसान परिवारमा जन्मिएका यथार्थका १ दाजु, २ दिदी र १ बहिनी छन् ।

कक्षा १० सम्म अध्ययन गरेर २०५८ सालमा जनयुद्धमा लामबद्ध भएका यथार्थ अनेरास्ववियु (क्रान्तिकारी) रामेछाप जिल्ला कोषाध्यक्षको जिम्मेवारी समाल्दै अघि बढ्ने क्रममा २०६० साल साउन ३२ गते दोरम्बामा शाहीसेनाले गरेको सामूहिक हत्याकाण्डमा सहिद बने ।

१७) रवि चौहान 'समीर'

रवि चौहान 'समीर' रामेछाप जिल्लाको तत्कालीन गेलु गाजसको ज्यान्दीमा जन्मिएका हुन् । रवि चौहान शिक्षण पेसा छोडी जनयुद्धमा लागेका थिए । दोरम्बा हत्याकाण्डमा सहादत प्राप्त गर्दा रवि चौहान अखिल नेपाल शिक्षक सङ्गठन रामेछाप जिल्लाको जिम्मेवारी समालिरहेका थिए ।

१८) हर्कलक्ष्मी राई 'विमला'

हर्कलक्ष्मी राई 'विमला' सोलुखुम्बु जिल्लामा जन्मिएकी हुन् । जनयुद्धको प्रभावसँगै विमलामा पनि समाज परिवर्तनको नयाँ आस्था जाग्यो र जनमुक्ति सेना नेपालमा भर्ती भइन् । जनमुक्ति सेनामा रहेर सेक्सन भीसीको जिम्मेवारी बहन गर्दै गर्दा उनी पार्टी कामकै सिलसिलामा रामेछाप जिल्लामा आइपुगेकी थिइन् ।

जनमुक्ति सेना नेपाल १४ औँ बटालियनको सी कम्पनीअन्तर्गत रही आक्तनो महत्त्वपूर्ण भूमिका निर्वाह गर्दागर्दै २०६० साल साउन ३२ गते उनले दोरम्बामा भएको कुख्यात हत्याकाण्डमा सहादत प्राप्त गरिन् ।

१९) उषा

उषा सिन्धुपाल्चोक जिल्लाको पिस्कर ३ को निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएकी हुन् । सानैदेखि विद्रोही स्वभाव भएकी उषा समाजमा हुने सबैखाले अन्याय-अत्याचारको डटेर प्रतिरोध गर्थिन् । सिन्धुपाल्चोक जिल्लामा जनयुद्धको प्रभावसँगै सङ्गठित भएर जनयुद्धमा लामबद्ध हुँदै आएकी उषा २०५८ साल भदौ १३ गते जनमुक्ति सेनामा भर्ती भएकी थिइन् ।

उषाको औपचारिक शिक्षा भने थिएन । जनमुक्ति सेनाको एक साहसिक महिला योद्धा उषाले भिमान, रुम्जाटार, लाहानलगायत फौजी मोर्चाहरूमा बहादुरीका साथ लडेर आफ्नो युद्धकौशल देखाएकी थिइन् । उषा पार्टीकामको सिलसिलामै रामेछाप आएकी थिइन् । दोरम्बा पुगेको समयमा शाही सेनाले दोरम्बा डाँडाकटेरीमा मच्चाएको नृशंस सामूहिक हत्याकाण्डमा उषाको सहादत भयो ।

२०) जमिन र सोम

दोरम्बा हत्याकाण्डमा जनमुक्ति सेनाको १४ औँ बटालियनको ए कम्पनीअन्तर्गत एफजीएल जमिन र जनमुक्ति सेनामै कार्यरत सोमको पनि सहादत भएको थियो ।

स्रोत : दोरम्बा हत्याकाण्ड मुक्तिका लागि बलिदान, २०६८

क. अम्बिका दाहाल 'ललिका'

क. प्रदीप दोङ 'रक्तिम'

क. टेकबहादुर थापामगर 'विवेक'

क. चतुरमान थामी 'समर'

क. हर्क घिसिङ 'यथार्थ'

क. विष्णुमाया मगर 'विमा'

क. रवि चौहान 'समिर'

क. ठूलाराम तामाङ 'छोप्पा'

क. सानाराम तामाङ 'तारा'

क. लक्ष्मण तामाङ 'छायाँ'

५) पदमराज गिरी

पदमराज गिरी रामेछाप जिल्लाको तत्कालीन पुरानोगाउँ गाजस वडा नं. ८ मा बुबा वगवान गिरी र आमा पवित्रा गिरीबाट २००७ सालमा जन्मिएका हुन् । पदमराज गिरी ३ दाजुभाइमध्ये कान्छो छोराका रूपमा जन्मिएका थिए । पदमराजका तीनजना दिदीबहिनी छन् । निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएका पदमराज गिरीले तीर्थकुमारी गिरीसँग वैवाहिक सम्बन्ध कायम गरेका थिए । गिरीका ५ छोरा र २ छोरी छन् ।

सानै उमेरदेखि राजनीतिक जीवनको सुरुआत

गरेका पदमराज गिरीको औपचारिक शैक्षिक योग्यता भने कक्षा पाँचसम्म थियो । पदमराज गिरी २०४९ सालमा जनमोर्चा परित्याग गरी एमालेमा प्रवेश गरेका थिए । एमालेमा पनि बस्नुको औचित्य नरहेपछि उनी २०५२ सालमा नेकपा (माओवादी) मा प्रवेश गरेका थिए । नेकपा (माओवादी) मा एरिया समिति सदस्यको भूमिका निर्वाह गर्दागर्दै २०६० साल साउन ३२ गते दोरम्बा हत्याकाण्डमा उनले सहादत प्राप्त गरे ।

६) सानोराम योञ्जन तामाङ 'तारा'

सानोराम तामाङ रामेछाप जिल्लाको तत्कालीन दोरम्बा गाजसस्थित वडा नं. ३ मा बुबा डिलबहादुर योञ्जन तामाङ र आमा रत्नकुमारी तामाङका तेस्रो सन्तानका रूपमा २०१३ सालमा जन्मिएका हुन् । ताराका १ दाजु १ दिदी र २ बहिनी छन् । मायादेवी तामाङसँग वैवाहिक सम्बन्ध कायम गर्नुभएका ताराको दुई छोरा र एक छोरी छन् । निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएका ताराले कक्षा ५ उत्तीर्ण गरेका थिए ।

ताराले २०५९ सालमा जनमोर्चा परित्याग गरी नेकपा (माओवादी) को पूर्णकालीन कार्यकर्ता भएर अखिल नेपाल किसान सङ्गठनको जिल्ला सदस्यको भूमिका निर्वाह गर्दै आएका थिए । किसान सङ्गठनको जिम्मेवारी बहन गर्दागर्दै उनले २०६० साल साउन ३२ गते दोरम्बा डाँडाकटेरीमा भएको सामूहिक हत्याकाण्डमा सहादत प्राप्त गरे ।

७) ठूलोराम तामाङ 'छोप्पा'

ठूलोराम तामाङ 'छोप्पा' २०११ सालमा बुबा डिलबहादुर तामाङ र आमा रत्नमाया तामाङको जेठो सन्तानका रूपमा रामेछाप जिल्लाको तत्कालीन दोरम्बा

३) प्रदीप दोङ 'रक्तिम'

महान् सहिद प्रदीप दोङ 'रक्तिम' रामेछाप जिल्लाका एक साहित्यिक व्यक्तित्व पनि थिए । प्रदीप दोङ रामेछाप जिल्लाको तत्कालीन बेथान गाजसस्थित डहुभलबाडीमा बुबा कृष्ण दोङ र आमा विष्णुमाया दोङको सन्तानका रूपमा २०३८ साल असार २ गते निम्नकिसान परिवारमा जन्मिएका थिए । प्रदीप दोङ तीन दाजुभाइमध्ये जेठा छोरा थिए । उनका दुई बहिनी हुनुहुन्छ । प्रदीप दोङ कक्षा ९ मा अध्ययन गर्दागर्दै २०५५ सालमा नेकपा (माओवादी) को पूर्णकालीन कार्यकर्ता बनेका थिए । सानैदेखि रूढिवादी संस्कार र संस्कृतिका विरुद्ध विचार र जनवादी साहित्यको माध्यमबाट प्रतिरोध गर्दै आएका प्रदीप दोङले २०५९ सालमा पार्वती रसाइलीसँग जनवादी अन्तरजातीय वैवाहिक सम्बन्ध कायम गरेका थिए ।

विद्रोही स्वभावका प्रदीप दोङ २०५३ सालदेखि अनेरास्ववियु (क्रान्तिकारी) को सदस्यता लिई २०५५ सालमा महेन्द्र उमावि मूल एकाइ समिति सदस्य हुँदै रामेछाप जिल्ला पार्टी सदस्य तथा जिल्ला जनमिलिसियाको इन्चार्ज बनेका थिए । जिल्ला

वर्गसङ्घर्षको मुख्य आधार किसान विद्रोह

हरि श्रेष्ठ

कुनै पनि ठाउँमा विद्रोह हुनुभन्दा पहिला वर्गविभेद हुन्छ । त्यो वर्गविभेदवाट विद्रोह हुन्छ, विद्रोहवाट आन्दोलन जन्मन्छ । त्यसको प्रतिनिधित्व गर्ने कनै हुन्छ, त्यो नै त्यहाँको नेता हुन्छ । आन्दोलनले क्रान्ति हुन पुग्छ । नेतृत्व आवश्यकताले जन्माउँछ । विद्रोह वर्गविभेदले हुन्छ । त्यहाँ सङ्घर्ष जन्मन्छ । कुनै वर्गको प्रतिनिधित्वबाट मात्र क्रान्ति सम्पन्न हुन्छ । विश्वमा जति परिवर्तन भएका छन् ती वर्गसङ्घर्षबाट र कुनै वर्गलाई साथमा लिएर भएका छन् । जहाँ दमन हुन्छ त्यहाँ, वर्ग विभेद हुन्छ । विद्रोह जन्मन्छ र विद्रोहले क्रान्ति हुन्छ । पीडक र पीडितबीच अन्तरसङ्घर्ष चल्छ । विद्रोही जहिले पनि पीडितका पक्षमा हुन्छ । पीडितलाई न्याय दिनसके त्यो विद्रोह क्रान्तिमा परिणत हुन्छ । नेतृत्व पीडकतिर झुक्न गयो भने त्यो विद्रोह प्रतिक्रान्तिमा लाग्छ, त्यसले पीडकलाई न्याय दिन्छ ।

क्रान्ति पूरा भएर पनि पुरानो अवस्थामै फर्किएको ठाउँमा विद्रोह जारी रहेको छ । यसमा पनि क्रान्ति सफल पार्न कुनै वर्गको साथ लिएर विद्रोह गऱ्यो भने सफल भएका छन् । वर्ग बिनासाथ विद्रोह भएका देशमा नेतृत्व आत्मसमर्पण गर्न पुग्ने र विद्रोह क्रान्तिमा परिणत हुन छोडेर प्रतिविद्रोह हुन पुग्छ । चीन, रुसलगायत देशमा वर्गको प्रतिनिधित्व गरी वर्गसङ्घर्षबाट विद्रोह क्रान्तिमा परिणत भयो । नेपाललगायत देशहरूमा वर्ग भए पनि कुन वर्गको स्वार्थमा कसका विरुद्ध सङ्घर्ष भन्ने नटुङ्गिँदा नेतृत्व आत्मसमपर्णमा फस्ने, पुरानो सत्तामा लिप्त भएकाले विद्रोह क्रान्तिमा परिणत हुन छोडेर फेरि विद्रोहको जन्म भएको छ । भएको विद्रोह नेतृत्व पङ्क्ति टुट, फुट र विभाजनमा जाने र प्रतिविद्रोह हुने गरेका उदाहरण छन् । यस्ता विद्रोहहरू पटकपटक भएका छन् । दास र मालिकबीच सामन्तवादी र सर्वसाधारणवीच र अहिले विश्वमा पुँजीवादी र सर्वहाराबीच विद्रोह चलेको छ जुन कम्युनिस्टको नेतृत्वमा पुँजीवादको अन्त्य गरी समाजवादको विकास गर्नु आजको आवश्यकता बनेको छ ।

सामन्तवादी युगमा जमिनदार र साना किसानका बीच लडाइँ थियो । आज उद्योगपति र कामदारबीच वा मालिक र मजदुरबीचको लडाइँ विश्वमै चलेको छ । यसको प्रतिनिधित्व कम्युनिस्टले गरेको छ । सर्वहारा वर्ग को हो र पुँजीवादी वर्ग को भन्ने राम्ररी छुट्ट्याएर आजको विद्रोह गर्न जरुरी छ । पुँजीको विकास भएसँगै पुँजीवादी वर्गको समर्थनमा साम्राज्यवादी शक्ति हात धोएर लगेको पाइन्छ भने यसलाई अन्त्य गर्न समाजवादी व्यवस्था कायम गर्न कम्युनिस्टहरू विद्रोहमा लगेका छन् । मजदुर र किसानको साथमा कम्युनिस्ट छन् । उद्योगी-पुँजीवादीको साथमा पुँजीवादी नै लागेका छन् । आजको यो अन्तरसङ्घर्ष काम गर्नेलाई खान देऊ भनेर विद्रोह गर्ने पीडितका पक्षमा कम्युनिस्ट लागेका छन् भने उद्योग गरेपछि नाफा कमाउन पाउनुपर्छ, सस्तोमा कामदार लगाउन पाउनुपर्छ भनी पुँजीवादी लागेका छन् । पीडकका रूपमा पुँजीवाद उदाएको छ । यसको नेतृत्व साम्राज्यवादले गरेको छ । सर्वहारा वर्गमा संसारका श्रमजीवी लागेका छन् । यसको साथ कम्युनिस्टले दिएका छन् ।

आजको विश्वमा जसले मरीमरी काम गर्छ उसलाई खान पुग्दैन । जसले सामान उत्पादन गर्छ उसले बजार पाउँदैन । जसले उद्योग खोल्छ ऊ मालामाल हुन्छ । जसले उत्पादनका सामान बजारमा व्यवस्थापन गर्छ उसको बजार हुन्छ । ऊ मोजमस्तीमा काम नगरी डुलिरहेको हुन्छ । त्यसैले आजको वर्गसङ्घर्ष भनेको फ्याक्ट्रीका काम गर्न मजदुर र उद्योगको मालिकको, उत्पादन गर्ने साना उत्पादन किसान र भूमाफिया, बजार व्यवस्थापन गर्ने बिचौलियाबीचको वर्ग सङ्घर्ष भएर उदाएको छ । जहाँ यी वर्गको साथ लिएर विद्रोह भएका छन् त्यहाँ क्रान्ति सफल भएका छन् । यी वर्गको साथ नलिई वा प्रतिनिधित्व नभएका ठाउँमा विद्रोह भए पनि त्यो सीमित उपलब्धिकै बीचमा सम्झौतामा टुङ्गिने, नेतृत्व निश्चित सम्झौताबाट पुरानो सत्तामा विलय हुने, विद्रोह क्रान्तिमा परिणत नभई बीच बाटोमा अलमलिने, सत्तामा फस्ने, विद्रोहबाट फेरि प्रतिविद्रोह हुन जाने र विद्रोही शक्ति टुटफुट हने गरेको पाइन्छ ।

रुसमा १९ औँ शताब्दीको सातौँ दशकमा भूदासमा आधारित जमिनदारी प्रथा अर्थतन्त्रको मुख्य रूप थियो । भूदासप्रथाअन्तर्गत उद्योगको सच्चा विकास हुन सक्दैनथ्यो । खेतीमा भूदासहरूको अनिच्छुक श्रमको उत्पादकत्व निम्नस्तरको थियो । आर्थिक विकासको सम्पूर्ण क्रमले गर्दा भूदासप्रथा उमूलन्न गर्नु आवश्यक हुन गयो । क्रिमियाली युद्ध हारेर निर्धो भएको र किसान विद्रोहदेखि डराएको जार सरकारले १८६१ मा बाध्य भएर भूदास प्रथाको उन्मूलन गर्नुपऱ्यो । भूदास प्रथा उन्मूलन भइसकेपछि पनि जमिनदारहरूले किसानमाथि थिचोमिचो गरी नै राखे । जमिनदारहरूले किसाहरूबाट पहिले उपयोग गरिएको जमिन धेरै भाग काटेर लिए, लुटे । जमिनदारहरूले शोषणका विभिन्न उपायद्वारा (कुत, जरिबाना) पछौटे किसान खेतीलाई कमजोर पारे । जमिनदारको थिचोमिचोले गर्दा किसान वर्ग आफ्नो खेती सुधार गर्न असमर्थ रह्यो । अतः क्रान्तिअघिको रुसमा कृषि ज्यादै पिछडिएको थियो । त्यसले गर्दा बराबर बाली बिग्रने र अनिकाल पर्ने गर्थ्यो । भूदासप्रथाको अवशेष चर्को-चर्को कर र जमिनदारलाई तिर्ने मुक्तिधन प्रायः किसान परिवारको आम्दानीभन्दा बढी हुन्थ्यो । त्यसैले गर्दा किसान टाट भए, मगन्ते स्थितिमा पुगे र उनीहरू जीविकाको खोजीमा आफ्नो गाउँ छोडेर जान बाध्य भए । उनीहरू कलकारखानामा काम गर्न गए । यो कारखाना मालिकहरूका लागि सस्तो श्रमशक्तिको स्रोत वन्यो । यसमा मुख्य शक्ति सहरका मजुदर भएकाले र सहरमा कारखानाका मालिकले सस्तो श्रम लगाउने र मुनाफा उद्योगीले लिने गरेका थिए । त्यहाँ काम गर्न मजदुर थिए । श्रमिक वर्गभित्र किसान पनि पर्थ्यो । परन्तु शोषित वर्गमा मजदुर अगाडि थिए । सङ्घर्ष पनि मालिक र मजदुर वर्गको सीमा नै थियो ।

सत्ता सञ्चालनमा मालिक वर्ग प्रत्यक्ष रूपले संलग्न थिए । मजदुर ठूलो सङ्ख्यामा कारखानामा काम गर्थे । लेनिनले कारखानालाई ब्यारेक पनि भन्नुभएको थियो । त्यसैले लेनिनले क्रान्तिको कार्यदिशा निर्माण गर्दा पुँजीवादभित्रको मजदुर वर्गलाई निर्माण र किसान वर्गलाई सहयोगी वर्ग वनाएर जनविद्रोहको कार्यदिशा निर्माण गर्नुभयो र रुसमा क्रान्ति सफल भयो ।

माओले चीनमा क्रान्ति गर्दा विश्वको मूल प्रवृत्ति पुँजीवाद हुँदाहुँदै पनि सामन्तवादी एवम् अर्धसामन्तवादी आर्थिक तथा राजनीतिक व्यवस्था पनि थियो । चीनमा श्रमिक वर्गका रूपमा मजदुर भए पनि मुख्य श्रमिक शक्ति किसान थियो । त्यसैले क्रान्तिको कार्यदिशा गाउँबाट सत्ता निर्माण गर्दै सहरलाई जित्ने कार्यदिशा वैज्ञानिक हुथ्यो र माओले त्यही विचारलाई विकास गर्दै जनयुद्धको कार्यदिशा प्रयोग गर्नुभयो र क्रान्ति सफल पार्नुभयो ।

नेपालमा आज अर्धसामन्त र दलाल पुँजीवादी वर्ग हाबी भएको छ । यहाँ औद्योगिक विकास भएको छैन । भएको औद्योगिक विकास पनि बन्द गरिएको छ । विदेशी वस्तु ल्याएर यहाँको बजार कब्जा गर्ने दाउमा साम्राज्यवादी शक्ति लागिपरेका छन् । उत्पादनको आधार बाहिर भर पर्नुपर्ने अवस्था छ । युवा शक्ति आफ्नो जीविका चलाउन नसकेर विदेश पलायन भएको अवस्था छ । रेमिट्यान्सले देश चलाइएको छ । किसानसँग उत्पादन गर्ने जमिन छैन । भएको जमिन भूमाफिया र दलाल-बिचौलियको हातमा छ । उत्पादन गर्नलाई किसानले ती भूमाफिया र दलालको जमिन महँगो भाडामा लिनुपर्ने अवस्था छ । उत्पादन गरेको वस्तुको बजार बिचौलियाको हातमा छ । उत्पादन गरेको वस्तुले भाउ पाउँदैन । जमिदारलाई भाडा, कुत, मिटरब्याज, बैङ्क र सहकारीको महँगो ब्याज बुझाउनुपर्ने बाध्यता छ । प्राकृतिक प्रकोपले उत्पादन नष्ट हुँदा पनि तिरो तिर्नुपर्ने अवस्था छ । जमिनदार हरूलाई भाडा, कुत, मिटरब्याज तिर्न नसकेर किसान पलायन भएका छन् । युवा शक्ति आफ्नो जीविका धान्न नसकेपछि गाउँ छोडेर सहरतिर सस्तोमा मजदुरी गर्न वा विदेशमा पलायन भएको छ । राज्य सञ्चालक दलाल पुँजीवादी र भूमाफियाको मुठीभित्र कब्जामा छन् वा संरक्षणमा छन् । राजनीतिक दलहरू अस्थायी सरकार सञ्चालनमा लिप्त हुने गरेका छन् भने राजनीतिको आडमा जुझारु अर्थवादमा फस्ने गरेका छन् । सहरमा मजदुर वर्ग प्रवेश गर्न क्रम बढेको छ । श्रमको नाममा विभिन्न एनजीओ, आईजीओ, मेनपावर, कन्सल्टेन्सी, जबसोलुसन, ठेकदारी, कम्पनीको विकास भएको छ । काम नगरी श्रम शोषण गर्ने यी कम्पनीको विकास भएको छ । न्यून तलबमा श्रम लगाउन कारखानाका मालिकले यी कम्पनीको प्रयोग गरेको पाइन्छ । यी कम्पनीले विदेशमा वा स्वादेशमा न्यून तलबभत्तामा श्रमिक बेच्ने काम गर्छन् । कहीँ विद्यार्थी पढ्ने बहानामा, कहीँ वर्कर‌का नाममा कमिसन लिँदै बेच्ने 'मजदुर दलाल' को काम यी संस्थाले गरेका छन् । जहाँ एउटा मजदुरले काम पाउन आज कम्तीमा तीनवटा कम्पनी धाउनुपर्छ भने ती तीन कम्पनी पालेर आफू पालिनुपर्ने अवस्था छ ।

रोजगारीका लागि जब सेलुसनले मजदुरको प्रमाणपत्र सङ्कलन गर्ने, त्यसबापत पहिलो महिनाको ५० प्रतिशत तलब काट्ने, त्यो प्रमाणपत्र ठेकेदार कम्पनीलाई दिने, त्यसले पनि मजदुरलाई काम लगाएबापत मासिक २० देखि २५ प्रतिशत लिने, त्यो प्रमाणपत्र ठेकेदारीमार्फत उद्योग वा फ्याक्ट्रीमा पुग्छ जुन मजदुर कम्पनीको मातहतमा नभई ती ठेकेदारबाट सञ्चालन हुने प्रवृत्ति देखापरेको छ । यसमा हेर्दा काम गर्न मजदुरले आफूसहित ४ कम्पनी पालेको देखिन्छ ।

यता किसानले उत्पादन गरेको वस्तुको बजार छैन । खुला अर्थतन्त्र नीतिले वा नेपाल विश्व खाद्य संस्थाको सदस्य भएकाले बाहिरी उत्पादनसँग प्रतिस्पर्धा गरी बेच्नुपर्ने, राज्यले कृषिमा कुनै स्रोतसाधनको व्यवस्था नगर्नेजस्ता समस्याले बिचौलियाले बजार कब्जा गर्ने गर्दा मारमा परेका छन् । जमिन बाँझोमा परिणत भएको छ । यसमा पनि सम्पूर्ण वस्तु विदेशबाट ल्याउनुपर्ने वा कृषिलगायत अन्य ठाउँमा विदेशी लगानी गैरसरकारी संस्थाबाट भित्रिने, त्यसले नेपालको ऋण बोकाउने र आफ्नो उत्पादनको बजार बनाएर फर्कने समस्या देखिएको छ । त्यसैले आज नेपालीको काँधमा पचासौँ हजारभन्दा माथि ऋण लिएर जन्मनुपर्ने अवस्था छ । नेपालीको व्यक्तिगत आम्दानी छैन । यो समस्या समाधान गर्न जन्मसिद्ध जमिनको अधिकारको सुनिश्चितता हुनुपर्छ । यसले नेपामा भएको असमान जमिन वितरण र सुकुमबासी समस्या समाधान गर्न सकिन्छ भने जमिनमाथि सीमितको व्यक्तिको आधिपत्य अन्त्य हुन्छ । जुन जमिन राज्यको स्वामित्वमा हुने गर्छ, त्यो जमिन जन्मिएपछि केका लागि भन्ने सुनिश्चित गरेर राज्यले उपलब्ध गराउँछ र मृत्युपछि स्वतः राज्यको स्वामित्वमा आउँछ । जमिन एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदैन । त्यसैले जन्मसिद्ध जमिनको अधिकार सुनिश्चित गर्नु आवश्यक छ ।

अर्को, नेपालको आजको लडाइँ भनेको पहिलो गरिब किसान र भूमाफियाबीचको, बजार बिचौलिया अन्त्यको लडाइँ, दोस्रो मजदुर र एकाधिकार दलाल पुँजीवादका बीचको अन्तरविरोध, तेस्रो विदेशी व्यापारी र स्थानीय व्यापारीहरूबीचको अन्तरविरोध, चौथो दलाल पुँजी र राष्ट्रिय पुँजीबीचको अन्तरविरोध, पाँचौँ समग्र उत्पीडित नेपाली जनता र दलाल पुँजीपति सत्ताबीचको अन्तरविरोध प्रमुख रहेका छन । यसमा मुख्य दुस्मन को हो, सहायक दुस्मन को हो भन्ने पत्ता लगाएर विद्रोहको पहिलो कुन वर्ग, दोस्रो कुन वर्ग छुट्ट्याएर सङ्घर्ष घोषणा गर्ने र विद्रोहको तयारी गर्नु आवश्यक देखिएको छ । आज नेपालको बाहिरी दुस्मन दलाल पुँजीवादी, साम्राज्यवादी, विस्तारवादी छ भने यसलाई संरक्षण गर्न नेपालको दलाल संसदीय व्यवास्था नेापली जनताको वर्गीय दुस्मन बनेर उदाएको छ । यो व्यवस्थाको अन्त्यका लागि आजको रणनीतिक कार्यदिशालाई पूरा गर्ने कार्यनिति भनेको स्वाधीन सयुक्त सरकार, संसदीय व्यवस्थाको अन्त्य, राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि, स्वाधीन सरकार बनाउनुपर्ने देखिएको छ । यो प्राप्तिका लागि जनसङ्घर्ष, जनविद्रोह र जनप्रतिरोध आवश्यक छ । यसमा नेपालमा उद्योगधन्दा विकास नभएको र उत्पादनको आधारमा हावापानीअनुसार कृषि भूमि भएकाले ६०.४ प्रतिशत जनता अहिले पनि कृषि क्षेत्रमा आधारित हुँदा यँहा भूमाफिया र बिचौलिया, कृषिमा वैदेशिक हस्तक्षेप भएका कारण यहाँ किसानहरू मरमा परेका छन् । अर्कातिर सामन्तवादको अवशेष हराइनसकेको, पुँजीवाद पनि नआएको अवस्थामा यहाँ अर्धसामन्तवाद र दलाल पुँजीवाद हाबी भएको अवस्था छ । यस्तो अवस्थामा किसान वर्गलाई प्रमख र मजदुर वर्गलाई सहायक बनाएर विद्रोहको कार्यदिशा तयार गर्नु आजको नेपालको आवश्यकता हो ।

जनमत

उच्चस्तरीय नागरिकता छानबिन आयोग गठन गर

'नागरिकता विधेयक प्रमाणीकरण नगरी फिर्ता पठाएकोमा राष्ट्रपतिलाई धन्यवाद'

सम्माननीय राष्ट्रपतिज्यूबाट आफूसमक्ष प्रमाणीकरणको लागि प्रस्तुत राष्ट्रहितविपरीतको नागरिकता विधेयक सङ्घीय संसद्मा पुनर्विचारका लागि सन्देशसहित २०७९ साउन २९ गते मात्र फिर्ता पठाउनुभएको छ । यस विषयमा यो राष्ट्रघाती नागरिकता विधेयकका विरुद्ध नागरिक स्तरबाट गठित नागरिकता अध्ययन कार्यदल- २०७९ ले हालै आफ्नो प्रारम्भिक प्रतिक्रियास्वरूप सार्वजनिक गरेको प्रेस-विज्ञप्ति !

सम्माननीय राष्ट्रपतिज्यूसमक्ष प्रमाणीकरणका लागि संसद्को दुवै सदनबाट पारित गरी पठाइएको राष्ट्रघाती नागरिकता विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट आज सन्देशसहित सो विधेयक सङ्घीय संसद्मा नै पुनर्विचार हुन आवश्यक देखिएको भनी फिर्ता पठाउने कार्यलाई हामी हार्दिक रूपमा स्वागत-अभिनन्दन गर्दछौँ । यो विधेयक हठात् र बलात् सरकार र संसद्का दुवै सदनले नियोजित ढङ्गले पारित गरेकोमा नेपालको राष्ट्रिय सार्वभौमिकता गम्भीर खतरामा पुगेको महसुस गरी हामीले गएको साउन १५ गते महामहिम राष्ट्रपति महोदयसमक्ष सर्वप्रथम प्रत्यक्ष भेटघाट गरी चिन्ता जाहेर गर्दै विदेशीहरूलाई नागरिकता दिँदा नेपालको राष्ट्रिय स्वाधीनतामा पर्ने असरबारे गम्भीर ध्यानाकर्षण गरी समावेदन गरेका थियौँ । त्यसपछि सरोकार राख्ने धेरै सङ्घ-संस्था, व्यक्ति-व्यक्तित्व र आमसञ्चार जगत्बाट चासो र चिन्ताका साथ महामहिमका ध्यानाकर्षण र जनमानसलाई घचघच्याउने जुन काम भए ती अत्यन्त सराहनीय छन् । हामी उहाँहरू सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौँ । महामहिमको यस कदमबाट मुलुकको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भूअखण्डताको हितरक्षामा महत्वपूर्ण योगदान हुनेछ भन्ने हामी विश्वास गर्दछौँ ।

यस विषयमा सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसद्मा पठाइएको सन्देशसमेत तत्काल सार्वजनिक गर्नका लागि हामी सम्बन्धित निकायसँग माग पनि गर्दछौँ ।

साथै उक्त सन्देश सम्बन्धमा कुनै निश्चित आग्रह, पूर्वाग्रह र राजनीतिक आस्थाभन्दा माथि उठी सचेत नागरिक समाज, आमसञ्चारजगत्, राष्ट्रिय जीवनका लब्ध-प्रतिष्ठित व्यक्ति-व्यक्तित्व र संसद्का दुवै सदनमा गम्भीरतापूर्वक कुरा उठाउने पार्टी र सांसदज्यूहरूले अझ विस्तृत अध्ययन, छलफल र अनुसन्धान गरी नेपालमा जेलिएर रहेको विदेशीहरूले सदाबहार नागरिकता लिन चाहिरहने र पाई नै रहने जस्तो गम्भीर र संवेदनशील समस्यालाई सदाका लागि समुचित रूपमा सम्बोधन गर्नु पर्दछ भन्ने हामी चाहन्छौँ । त्यसका लागि सर्वप्रथम नेपालमा नागरिकतासम्बन्धी साझा राष्ट्रिय दृष्टिकोण निर्माण गर्न र त्यसअनुसार सर्वाधिकार सम्पन्न उच्चस्तरीय नागरिकता छानबिन आयोग गठन गर्न जरुरी छ । यसरी मात्र नागरिकतासम्बन्धी समस्या समाधान गरी हाल बिथोलिएको र बिग्रेको यो स्थिति समाल्न र राष्ट्रिय स्वाधीनता, स्वाभिमान सार्वभौमिकता, अखण्डता र स्वत्व-अस्तित्वको संरक्षण र संवर्द्धन गर्ने कार्यमा समेत महत्वपूर्ण भूमिका खेल्न सकिनेछ भन्ने मान्यता राख्दछौँ । महामहिमको उक्त प्रशंसनीय कदमलाई अवसरका रूपमा लिँदै अबउप्रान्त सरकार, संसद् र सबै राजनीतिक दलहरू आफ्नो सीमित घेरा र धरातलबाट माथि उठी मुलुकको सार्वभौमिकताको हितका पक्षमा दृढतापूर्वक उभिन र नागरिकताबारे राष्ट्रिय नीतिसहित उच्चस्तरीय छानबिन समिति गठन गर्नेजस्तो उपयुक्त कदम चाल्न पनि हामी आग्रह गर्दछौँ । वास्तवमा भन्ने हो भने अहिले मुलुक आमनिर्वाचनमा गएको अवस्थामा वर्तमान अस्थायी चुनावी सरकार र विघटनको सङ्घारमा पुगेको संसद्ले नागरिकताजस्तो मुलुकको हितमा दीर्घकालीन रूपमा असर पार्ने विषयमा निर्णय गर्नु नै हुँदैन । तथापि फेरि पनि सरकार र संसद्बाट हठपूर्वक राष्ट्रिय हितविपरीतकै कदम चाल्न सक्ने सम्भावना भएकोप्रति सचेत रहन र आवश्यक खबरदारी गर्न सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दछौँ । यस दिशामा आमनागरिकहरूलगायत सम्बन्धित सबै पक्षको उचित र आवश्यक ध्यान, साथ र सहयोगका लागि हामी हार्दिक आह्वानसमेत गर्दछौँ ।

मितिः २०७९/४/२९
साध्यबहादुर भण्डारी
संयोजक
नागरिकता अध्ययन कार्यदल २०७९

उत्पीडित वर्गको सैन्य रणनीति...

संवैधानिक प्रक्रियाबाटै समाजवाद ल्याउन सकिन्छ । तेस्रो कुरा, नेपालजस्तो दुई हात्ती देशका बीचमा रहेको सानो र भूपरिवेष्ठित देशमा क्रान्ति सम्पन्न गर्न सकिँदैन । यहाँको राज्यसत्ता ढाले पनि वरिपरिका विशाल देशहरू क्रान्तिका विरुद्ध छन् । अनि कसरी क्रान्ति सफल हुन्छ ? यी समस्याहरू नै उत्पीडित वर्गको सैन्य कार्यदिशाका समस्याहरू हुन् ।

३) समस्याको विश्लेषण

३.१) हाम्रो पार्टीले अघि सारेको नेपाली क्रान्तिको कार्यदिशा भनेको जनक्रान्तिको कार्यदिशा हो । यसलाई विशुद्ध सैन्य हिसाबले एकीकृत सैन्य कार्यदिशा पनि भन्न सकिन्छ । लेनिनले रुसमा केन्द्रीय राज्यसत्ता कब्जा गरेर समग्र देश कब्जा गरेको सशस्त्र जनविद्रोह र माओले गाउँगाउँमा लालसेनाद्वारा लालसत्ता निर्माण गर्दै केन्द्रीय राज्यसत्ता कब्जा गरेको दीर्घकालीन जनयुद्धको विकासका रूपमा हामीले जनक्रान्तिलाई लिएका छौँ । उहाँहरू दुवैले विकास गरेको कार्यदिशाको उद्देश्य अथवा गन्तव्य वैज्ञानिक समाजवाद हुँदै साम्यवाद हो भने हाम्रो पनि त्यही हो । हरेक देशका कम्युनिस्टहरू त्यस देशको समय, परिस्थिति र विशेषताहरूअनुसार बन्ने भिन्नाभिन्नै बाटोबाट वैज्ञानिक समाजवादमै पुग्नेछन् ।

हामीले जनक्रान्ति संश्लेषण गर्नुका कारणहरू केके हुन् ? हामीले यसलाई सामान्यतः आठौँ महाधिवेशनमा विश्लेषण गरेका छौँ । त्यसको सारसङ्क्षेपका रूपमा यहाँ विश्लेषण गर्ने कोसिस गरिएको छ । कार्यदिशा विकासको पहिलो स्रोत भनेको आफ्नो समयको अर्थतन्त्र हुन्छ किनभने लेनिनले संश्लेषण गर्नुभएको छ, 'राजनीति भनेको अर्थतन्त्रको केन्द्रीय अभिव्यक्ति हो ।' आजको विश्व-अर्थतन्त्रका चारवटा विशेषता रहेका छन्–

क) आजको पुँजीवाद अति एकाधिकारवादी तथा अति केन्द्रीकृत रहेको छ । यसैलाई हामीले थबाङ महाधिवेशनमा उत्तरसाम्राज्यवाद भनेका छौँ । आज ९९ प्रतिशत र १ प्रतिशतको सम्पत्ति बराबर छ । १ प्रतिशतमा पर्नेहरूमध्ये जेफ बेजोस (९८.२ बिलियन डलर), बिल गेट्स (९०.८ बिलियन डलर), वारेन बफेट (८४.८ बिलियन डलर), अनान्सियो ओर्टेगा (७६.१ बिलियन डलर), मार्क जुकरबर्ग (७१.५ बिलियन डलर), बर्नडी अर्नाउल्ट (६५.२ बिलियन डलर), कार्लोस स्लिम हेलु (६३.८ बिलियन डलर), लारी एलिसन (५८ बिलियन डलर), चार्ल्स कोच (५०.४ बिलियन डलर) र डेबिड कोच (५०.४ बिलियन डलर) हुन् । ९९ प्रतिशतलाई चुसेर नै उनीहरूसँग यो अथाह सम्पत्ति जम्मा भएको छ । नेपालमा पनि त्यसरी नै १ प्रतिशत दलाल पुँजीपतिहरूले जनतामाथि ब्रह्मलुट मच्चाइरहेका छन् । त्यसमध्ये शीर्ष १० जनालाई लिँदा विनोद चौधरी (१.६ बिलियन डलर), शेष घले (४१० मिलियन डलर), उपेन्द्र महतो (३६० मिलियन डलर), अजेय सुमार्गी (२०० मिलियन डलर), आदित्य झा (१०० मिलियन डलर), जीवा लामिछाने (९२ मिलियन डलर), पशुपतिशमसेर राणा (८४ मिलियन डलर), बलराम चेनराई (७० मिलियन डलर), राजेन्द्र खेतान (६२ मिलियन डलर) र ज्ञानेन्द्र शाह (५० मिलियन डलर) हुन् । उनीहरूको यो सम्पत्ति वैधानिकतामा देखाइएको हो । कर नतिर्ने कालो सम्पत्तिको समेत हामीले हेक्का राख्नैपर्छ । अन्तर्राष्ट्रिय रूपमा अति एकाधिकारवादी र अति केन्द्रीकृत पुँजीवादीहरूले जसरी एकीकृत र केन्द्रीकृत भएर विश्व-जनसमुदायमाथि लुटखसौट मच्चाइरहेका छन्, जसरी नेपालका दलाल पुँजीवादीहरूले नेपाली श्रमजीवी तथा उत्पीडित जनताको शोषण-दमन गरिरहेका छन्, त्यसका विरुद्ध संसारका श्रमजीवी तथा उत्पीडित जनता एकीकृत र केन्द्रीकृत भएर लड्न जरुरी छ । अब मजदुर, किसान, सिपाही, मध्यम वर्ग र राष्ट्रिय पुँजीपति तथा देशभक्तहरू काँधमा काँध मिलाएर जनक्रान्ति लड्न जरुरी छ । हाम्रो क्रान्तिकारी दस्तालाई बन्दुकले सुसज्जित पार्नैपर्छ ।

ख) मार्क्स, लेनिन र माओको पालाभन्दा अहिलेको अर्थतन्त्रको अर्को विशेषता भनेको विकेन्द्रित उत्पादन र केन्द्रीकृत वितरण हो । उत्तरसाम्राज्यवादी पुँजीपतिहरूले मजदुरहरूलाई सङ्गठित हुन नदिन विकेन्द्रित उत्पादनप्रणाली र आफ्नो एकाधिकार कायम गर्न केन्द्रीकृत वितरणको नीति अख्तियार गरेका छन् । एउटा गाडी निर्माण गर्न त्यसका विभिन्न अङ्ग र पुर्जाहरू अलग स्थान र अलग देशहरूमा बन्दछन् भने वितरणका लागि एउटै दुकानमा ल्याइएको हुन्छ । त्यसैगरी अलगअलग स्थान र देशमा बनेका नुनदेखि सुनसम्मका वस्तुहरू एउटै सुपरमार्केटबाट वितरण भएको त हामीले नेपालमा पनि प्रसस्तै देखिरहेका छौँ । निगम गृह, मल र सुपर मार्केट भनेका मध्यम वर्ग र राष्ट्रिय पुँजीपतिलाई समेत चुस्ने अति एकाधिकारवादीहरू हुन् । यसले गर्दा मध्यमवर्गीय व्यापारी र उद्योगपतिहरू सुक्दै जन्छन् ।

ग) आजको अर्थतन्त्रको तेस्रो विशेषता भनेको उत्पादक शक्तिमा विज्ञान र प्रविधि जोडिएर उत्पादन तीव्र हुनु हो । पहिले जनश्रम र उत्पादनका साधन मिलेर उत्पादक शक्ति बन्थ्यो भने आज यसमा विज्ञान र प्रविधि जोडिएको छ । विज्ञानको आविष्कार जनताका छोराछोरीले गरे पनि उत्पादन सम्बन्ध अति एकाधिकार पुँजीवादी हुने भएकाले विज्ञान र प्रविधिको स्वामित्व पनि उसकै हुन्छ । अर्थात् विज्ञान र प्रविधिको आविष्कार पुँजीवादी व्यवस्थामा माल बन्न जान्छ । विज्ञानको आविष्कार उसको नाफाको स्वार्थसँग जोडिन पुग्छ । तर विज्ञान र प्रविधि उत्पादक शक्तिमा जोडिएर हुने तीव्र उत्पादनले साम्यवादलाई नजिक ल्याउनैपर्छ । एउटा यस्तो चरण आइपुग्छ जहाँ पुगेपछि उत्पादक शक्तिले उत्पादन सम्बन्धविरुद्ध विद्रोह गर्न अनिवार्य बन्न जान्छ । उत्पादक शक्तिको विद्रोहलाई सजिलो बनाउन 'सुँडेनी' ले त्यतिबेलै पूरै बल लगाउनुपर्छ ।

घ) रूपमा राजनीतिले अर्थतन्त्रलाई निर्देशन गर्ने भनिए पनि सारमा ... बाँकी ५ पृष्ठमा

उत्पीडित वर्गको सैन्य रणनीति...

अर्थतन्त्रले राजनीतिलाई निर्देशन गर्नु आजको अर्थतन्त्रको चौथो विशेषता हो । यही कारणले अमेरिकी राष्ट्रपतिको चुनावमा हिलारी क्लिन्टनले होइन, बरु जग्गा दलाल डोनाल्ड ट्रम्पले जितेको छ भने नेपालको गत स्थानीय, प्रादेशिक र संसदीय चुनावमा ८० प्रतिशत ठेकेदार र दलाल पुँजीपतिहरूले जितेका छन् । जब राजनीतिमाथि पुँजीवाद हाबी हुन्छ तब राजनीतिक नेताहरू किनिन्छन् जस्तो कि नेपालमा पुष्पकमल दाहाल, केपी वली र बाबुरामहरू भर्खरै किनिएका छन् । यसबाट क्रान्तिकारी कम्युनिस्टहरू अति सतर्क हुन आवश्यक छ । यसलाई ध्वस्त पार्ने भनेकै जनताको सैन्य दस्ता हो । जनताको र जनताको पार्टीको सैन्य दस्ता भएर मात्र हुँदैन, बरु बन्दुकको म्यागेजिनमा सांस्कृतिक क्रान्तिका गोलीहरू पनि भरेर राख्नुपर्दछ । मुख्यतः चार विशेषता रहेको आजको यो अर्थतन्त्र नेपाली जनक्रान्तिको कार्यदिशाको पहिलो स्रोत तथा आधार हो ।

जनक्रान्तिको दोस्रो आधार भनेको सूचना-सञ्चार, यातायात र वित्तीय भूमण्डलीकरणका कारण गाउँ र सहरका बीचको सामीप्य हो । त्यसकारण आजको क्रान्तिमा सहर र गाउँको आन्दोलनलाई एकीकृत गर्नुपर्ने आवश्यकता छ । यसलाई हामीले जनक्रान्ति भनेका छौँ । क्रान्तिको छिनोफानो हुने स्थितिमा त राज्यसत्ताको केन्द्रबिन्दु नै आक्रमणको केन्द्रबिन्दु हुन पुग्छ ।

जनक्रान्तिको तेस्रो स्रोत भनेको यतिबेला वैज्ञानिक स्टेफन हकिङले विकास गरेको एकीकृत भौतिकशास्त्र हो । उहाँले अलबर्ल्ट आइन्स्टाइनले सुरु गरी म्याक्स प्लाँकहरूलगायत वैज्ञानिकहरूले विकास गर्दै अघि बढाएको क्वान्टम यान्त्रिकी अथवा अनिश्चयताको सिद्धान्तलाई समायोजन गरेर एकीकृत भौतिक शास्त्र आविष्कार गर्नुभएको छ । सबैलाई थाहा छ, मार्क्सदेखि माओसम्मका समाज वैज्ञानिकहरूले प्रकृति विज्ञानको आविष्कारलाई समाज विज्ञानमा संश्लेषण गर्नुभएको छ । हाम्रो जमानाका पछिल्ला प्रमुख वैज्ञानिक भनेका स्टेफन हकिङ नै हुनुहुन्छ । उहाँको सिद्धान्त प्रविधिमा अभिव्यक्त भएको छ । उदाहरणका रूपमा हामी स्मार्ट फोनलाई लिन सक्छौँ । यो यन्त्रबाट कुराकानी मात्र गरिँदैन, बरु यसबाट एक सेकेन्डमै अमेरिका चिठी पठाउन सकिन्छ । क्यामेरा, घडी, रेडियो, टर्चलाइटको काम पनि लिन सकिन्छ । यसबाट भिडियो कल, बैङ्किङ कारोबार, सामानको खरिदबिक्री आदि गर्न सकिन्छ । यसरी स्मार्ट फोन एकीकृत विज्ञानको एउटा अभिव्यक्ति बन्न पुगेको छ । विकास निर्माणका औजारहरू पनि बहुप्राविधिक नै बनेका छन् । यसलाई समाज विज्ञानमा ल्याउँदा जनक्रान्तिको आधार बन्न गएको छ ।

जनक्रान्तिको चौथो आधार भनेको आजको युद्धको चरित्र हो । आजको युद्ध साइबरसँग अनिवार्य रूपले जोडिन पुगेको छ । आजको बन्दुकमा साइबर जोड्न आवश्यक छ । निम्न प्रविधि र उच्च प्रविधिको समायोजन पनि यसलाई भन्न सकिन्छ । युद्धको यस्तो उचाइ पनि देखिएको छ- अमेरिकाले सिरियामाथि प्रहार गरेका क्षेप्यास्त्रहरू रुसले आकाशमै निष्काम पारिदिएको छ । त्यसकारण साइबरको विकासलाई नजोड्दा बन्दुक अपाङ्ग बन्दछ । त्यसैले सैन्ययुद्ध र साइबर युद्धको जोडफल नै जनक्रान्ति हो ।

३.२) श्रमजीवी तथा उत्पीडित वर्गले संसदीय पुँजीवादी राज्यसत्ता ढालेर वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्न चाहन्छ भने हतियार प्राप्त गर्न, हतियार चलाउन र हतियार बनाउन जान्नै पर्दछ । यस वर्गका लागि अर्को विकल्प छैन । स्टालिनले भनेका थिए, 'हतियार, हतियार, फेरि पनि हतियार !' कम्युनिस्टका नाममा कसैले शान्तिपूर्ण सङ्क्रमणको बाटो खोज्दछ भने त्यो संशोधनवाद हो । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा जजसले शान्तिपूर्ण सङ्क्रमणको बाटो लिए उनीहरू सबैले मालेमावाद र जनताप्रति गद्दारी गरेका छन् । मनमोहन, मदन भण्डारी, केपी वली र प्रचण्ड यसका उदाहरण हुन् । दस वर्षको महान् जनयुद्धको नेतृत्व गरेका प्रचण्ड र बाबुरामले निच प्रकारले क्रान्तिकारी पार्टी, जनमुक्ति सेना, जनसत्ता, जनप्रशासन, जनअदालत र जनसुधारगृह विघटन गरेका छन् । जनमुक्ति सेनाको विघटन साम्राज्यवादी निःशस्त्रीकरणको कार्यान्वयन र जनताका १७ हजार छोराछोरीको रगतमाथि होली खेल्ने दुष्कार्य हो । आज प्रचण्डले २०२८ सालमा उठाएका बन्दुकहरू कोसीमा बगायौँ भनेर गर्व गर्ने केपी वलीसँग एकता गर्दै नेपाली जनताको मुक्तिको बाटो छेक्ने दुस्साहस गरिरहेका छन् । इतिहासको बलवान् हातले एक दिन गद्दारहरूलाई घोडाबाट ओरालेर चिहानमा पुऱ्याउनेछ ।

उत्पीडित राष्ट्रहरू र जनताको निःशस्त्रीकरण तथा आफ्नो सशस्त्रीकरण गर्दै जाने अमेरिकी साम्राज्यवादलाई उत्तरकोरिया र त्यसका राष्ट्रपति किम जोङ उनले हाइड्रोजन बमको परीक्षणद्वारा जबाफ दिनु हार्दिक स्वागतयोग्य कार्य थियो । तर आफ्नो देशलाई ६७ वर्षदेखि लगाइएको आर्थिक नाकाबन्दी नखोलीकन कसैको स्वार्थमा सिङ्गापुर वार्ता गर्नुले अन्ततः त्यति शुभसङ्केत दिएको छैन ।

१९१४ देखि १९१९ सम्म प्रथम विश्वयुद्ध चलिरहेको थियो । स्क्यान्डेनेभियन समाजवादीहरूले साम्राज्यवादीहरूको स्वरमा स्वर मिलाउँदै 'निःशस्त्रीकरण' को नारा लगाएका थिए । कतिसम्मभने रोजा लक्जेम्बर्गले आफ्नो गुप्त नाम जुनियस बनाएर राष्ट्रिय युद्ध पनि अन्ततः साम्राज्यवादी युद्धमा बदलिन्छ भन्दै एउटा पर्चा लेख्नुभयो । जान वा अन्जान रूपमा यसले पनि निःशस्त्रीकरणकै पक्षपोषण गरेको थियो । १९१६ मा लेनिनले 'सर्वहारा क्रान्तिको सैन्य कार्यक्रम' शीर्षकको आलेख रचना गर्नुभएको थियो । उहाँले सबै युद्धहरूको विरोध गर्नेहरूको धज्जी उडाउँदै लेख्नुभएको छ, 'समाजवादीहरू समाजवादी हुन छोडेर सबै युद्धको विरोध गर्दैनन् ।' *- ग्रन्थ २३, पृष्ठ ७०, अङ्ग्रेजी संस्करण ।*

अझ अगाडि बढेर उहाँले भन्नुभएको छ, 'जसले वर्गसङ्घर्ष स्वीकार गर्छ उसले गृहयुद्ध स्वीकार गर्न नमान्ने कुरै हुन सक्दैन जुन हरेक वर्गसमाजमा स्वाभाविक हुन्छ र खास परिस्थितिमा वर्गसङ्घर्षको अपरिहार्यता, निरन्तरता र विकास तीव्र हुन्छ । त्यो हरेक महान् क्रान्तिबाट सुनिश्चित हुन्छ । गृहयुद्ध अस्वीकार गर्नु अथवा यसलाई भुल्नु चरम अवसरवादमा फस्नु हो र समाजवादी क्रान्ति परित्याग गर्नु हो ।' *- उही, पृष्ठ ७८-७९ ।*

लेनिनले न्यायपूर्ण युद्धको समर्थन र अन्यायपूर्ण युद्धको विरोध गर्नुभएको छ । यहाँ उत्पीडित वर्गले के गर्नुपर्छ भन्ने सवालको जबाफमा लेनिनका दुई अनुच्छेद उद्धृत गर्नैपर्ने ठानी निम्नानुसार उद्धृत गरिएको छ :

'पेरिस कम्युनको एकजना पुँजीवादी पर्यवेक्षकले मे १८७१ को अङ्ग्रेजी प्रत्रिकामा लेख्दै भनेका छन्- फ्रान्स महिलैमहिलाले बनेको भए कति भयानक राष्ट्र हुन्थ्यो होला ! महिला र केटाकेटीहरूले पेरिस कम्युनका लागि पुरुषहरूसँगै काँधमा काँध मिलाएर लडेका थिए । पुँजीवादलाई ढाल्ने आउँदो लडाइँ योभन्दा भिन्न हुनेछैन । सर्वहारा महिलाहरू असल हतियारले सुसज्जित पुँजीवादी वर्गको सेनाद्वारा कमसल हतियार लिएका अथवा निःशस्त्र मजदुरलाई गोली हानेर ढालिएको दृश्य टुलुटुलु हेरेर बस्ने छैनन् । उनीहरूले १८७१ मा जस्तै हतियार उठाउनेछन् र आजका डरपोक राष्ट्रहरूबाट अझ ठीक ढङ्गले भन्ने हो भने वर्तमान मजदुर आन्दोलनमा सरकारद्वाराभन्दा अवसरवादीहरूद्वारा विघटित निःसन्देह रूपले ढिलो वा चाँडो तर सुनिश्चित रूपमा क्रान्तिकारी सर्वहारावर्गको 'भयभीत राष्ट्रहरूमा' एउटा अन्तर्राष्ट्रिय सङ्घ उदाउनेछ ।'

'आज सम्पूर्ण सामाजिक जीवन सैन्यीकृत हुँदैछ । साम्राज्यवाद भनेको विश्वको विभाजन र पुनर्विभाजनका लागि महाशक्तिहरूको तीव्र सङ्घर्ष हो । त्यसकारण यसले साना होऊन् अथवा असंलग्न सबै देशहरूलाई अझ सैनिकीकरणतिर लैजान्छ । यसलाई सर्वहारा महिलाहरूले कसरी सामना गर्लान् ? के उनीहरू सबै प्रकारका युद्ध र सेनालाई दुत्कार्दै केवल निःशस्त्रीकरणको माग गर्लान् ? उत्पीडित र वास्तविक रूपमा क्रान्तिकारी वर्गका महिलाहरूले त्यस्तो लाजमर्दो भूमिका कहिल्यै स्वीकार्ने छैनन् । उनीहरूले आफ्ना छोराछोरीलाई भन्नेछन्- तिमीहरू छिट्टै हुर्कनेछौ । तिमीहरूलाई बन्दुक दिइनेछ । यसलाई उठाऊ र राम्रोसँग सैन्यकला सिक । सर्वहारा वर्गलाई यो ज्ञान वर्तमान युद्धमा जस्तै र समाजवादका धोकेबाजहरूले भनेजस्तै आफ्नै दाजुभाइलाई गोली ठोक्न र अर्को देशका श्रमिकहरूमाथि गोली चलाउन आवश्यक छैन । उनीहरूलाई आफ्नै देशका पुँजीपतिहरूसँग लड्न, धार्मिक कामनाले होइन, बरु पुँजीपति वर्गलाई पराजित र निःशस्त्र पारेर शोषण, गरिबी र युद्धको अन्त्य गर्न यो ज्ञान आवश्यक हुन्छ ।' *- उही, पृष्ठ ८२-८३ ।*

लेनिनका यी मार्मिक संश्लेषणहरूले पुरानै प्रतिक्रियावादी राज्यसत्ताको सरकारमा रहेर समाजवादी क्रान्तिको सपना देख्ने पुष्पकमल दाहाल 'प्रचण्ड', खड्गप्रसाद वली र बाबुराम भट्टराईहरूलाई सिस्नुपानी लगाएका छन् । यी संश्लेषणहरूले निःशस्त्रीकरणको राग अलाप्ने साम्राज्यवादी डाँकाहरूमाथि क्षेप्यास्त्र प्रहार गरेका छन् ।

आफूले बन्दुक बोकेर जनतालाई बन्दुक बोक्नु हुन्न भन्ने प्रतिक्रियावादी, साम्राज्यवादी र तिनका अवैध सन्तान संशोधनवादीहरूको सातो लिँदै माओले आफ्नो सुप्रसिद्ध रचना 'युद्ध र रणनीतिका समस्याहरू' नामक आलेखमा भन्नुभएको छ :

'साम्यवादीहरू व्यक्तिगत सैन्यशक्तिका लागि लड्दैनन् (उनीहरूले कुनै हालतमा पनि त्यसो गर्दैनन्; उनीहरूलाई पुनः चाङ क्वो थाओका पिछलग्गु बन्न दिनु हुँदैन) । तर उनीहरू पार्टीको सैन्यशक्तिका लागि र जनताको सैन्यशक्तिका लागि लड्नैपर्छ । 'राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ' यो सत्यलाई हरेक साम्यवादीले ग्रहण गर्नुपर्छ । हाम्रो सिद्धान्तअनुसार पार्टीले बन्दुक चलाउँछ, बन्दुकलाई कहिल्यै पनि पार्टी चलाउन दिनु हुँदैन । हामीसँग बन्दुक छ भने उत्तरी चीनमा चौथो मार्ग सेनाले बनाएको शक्तिशाली पार्टीजस्तै पार्टी सङ्गठन बनाउन सक्छौँ । हामी कार्यकर्ता, विद्यालय, संस्कृति र जनआन्दोलन सिर्जना गर्न सक्छौँ । येनानका सम्पूर्ण कुराहरू बन्दुकद्वारा सिर्जना गरिएका हुन् । सबै कुराहरू बन्दुकको नालबाटै जन्मन्छन् । राज्यसम्बन्धी मार्क्सवादी सिद्धान्तअनुसार सेना राज्यसत्ताको प्रमुख सङ्घटक हो । जसले राज्यसत्ता कब्जा गर्न र टिकाउन चाहन्छ ऊससँग बलियो सेना हुनैपर्छ । युद्ध सर्वशक्तिमानताको वकालत गरेकोमा केही मानिसहरू हामीप्रति हाँस्छन् । हो, हामी क्रान्तिकारी युद्धका पक्षपाती हौँ । यो राम्रो कुरा हो, नराम्रो कुरा होइन । रुसी बन्दुकहरूले समाजवादको सिर्जना गरे । हामी जनतान्त्रिक गणतन्त्र सिर्जना गर्नेछौँ । साम्राज्यवादी युगमा वर्गसङ्घर्षको अनुभवले हामीलाई के सिकाउँछ भने बन्दुकको बलले मात्र श्रमिक जनसमुदायले सशस्त्र पुँजीपति र भूमिपतिलाई हराउन सक्छन् । यही अर्थमा हामी के भन्न सक्छौँ भने केवल बन्दुकले नै विश्वलाई रूपान्तरण गर्न सकिन्छ । हामी युद्धको अन्त्यका पक्षपाती हौँ । तदनुरूप बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउनैपर्छ ।' *– ग्रन्थ २, अङ्ग्रेजी संस्करण, पृ. २२५ ।*

आफूलाई मार्क्सवादी-लेनिनवादी-माओवादी भन्न पनि पछि नपर्ने पीके दाहाल र केपी वलीजस्ता नवप्रतिक्रियावादीहरूलाई माओले यसरी भर्त्सना गर्नुभएको छ । यी हाल सामाजिक दलाल पुँजीवादी देखिए पनि सामाजिक फासिवादमै पुग्छन् भन्ने कुरा क्रान्तिकारीहरूमाथिको दमनले प्रकाश पार्दै गएको छ ।

प्रिय पाठकवृन्द ! तपाईंहरूले मालेमावादको दोसल्ला ओढेर मालेमावादकै मुटुमा छुरी धस्ने धोकेबाज प्रचण्ड, बाबुराम र केपी वलीहरूलाई त निगरानीमा राखेर हेरिरहनुभएको छ नि ? पहिलो कुरा, यी कम्युनिस्टहरू होइनन् । आदरणीय जनसमुदाय, जसलाई तपाईंहरूले कम्युनिस्ट ठानेर चुनावमा मतदान गर्नुभयो, ती कम्युनिस्ट होइनन् । उनीहरू भेडाको छाला ओढेका ब्वाँसाहरू हुन् जो साधारण ब्वाँसाहरूभन्दा दस गुणा खतरनाक छन् । जनतालाई कन्याउँदै जाँदा मुटु-कलेजो झिकेर खाएको थाहा हुँदैन । जनताकै करबाट भरिएको ढुकुटी विकास निर्माणकै मीठा कुरामा रित्तिन्छ । यति मात्र होइन, उनीहरू देशभित्रका दलाल पुँजीवादी र साम्राज्यवादीहरूद्वारा अर्बौं रुपैयाँमा किनिएका छन् । त्यसकारण उनीहरू दलाल पुँजीवादका चाकर भएका छन् र साम्राज्यवादका दलाल बनेका छन् । कम्युनिस्ट भनेको निजी सम्पत्तिको अन्त्य गर्नु र सामूहिक एवम् साझा सम्पत्तिको विकास गर्नु हो । आफू अर्बपति बनेर जनतालाई कङ्गाल बनाउने उनीहरू कम्युनिस्ट कसरी हुन सक्छन् ? उनीहरूले निजी सम्पत्तिका लागि हजारौँ सहिदहरूको रगत बेचेका छन् । यी गद्दारहरूको स्वर्ग बनेको राज्यसत्तालाई ढाल्न र सहिदको सपना वैज्ञानिक समाजवाद ल्याउन जनसेनाको विकास इतिहासको अपरिहार्य आवश्यकता बनेको छ ।

दोस्रो कुरा, उत्पीडित वर्गले आफ्नो मुक्ति चाहन्छ भने उसले बन्दुक सङ्गठित गर्नुको विकल्प छैन । माओले समग्र प्रक्रियाको विश्लेषण गरेर नै 'सेना नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन' भन्नुभएको हो । कतिपय इमानदार मानिसहरूलाई कस्तो लाग्न सक्छ भने कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी पनि यही संसदीय व्यवस्थाको चुनावमा भाग लिएर सरकारमा पुगे त जनताको समस्या समाधान भइहाल्थ्यो होला । किन बेकारमा फेरि बन्दुक बोकेर रगत वगाउन खोजेका होलान् ? प्रिय साथीहरू र आदरणीय जनसमुदाय, यो एउटा भोलाभाला प्रश्न हो । यो बाघको अघिल्तिर बाख्राले बिन्ती बिसाउनुपर्छ भनेजस्तै भोलाभाला कुरा हो । तपाईंहरूले स्थानीय, प्रादेशिक र केन्द्रीय चुनावको स्थिति आफ्नै आँखाले देख्नुभयो नि ? गाउँपालिकाको वडा सदस्य जित्न कम्तीमा २० लाख, गाउँपालिका जित्न ५० लाख, नगरपालिकाको वडा जित्न अर्बौं पैसा चाहिन्छ । पैसाले मात्र भोट सुनिश्चित हुँदैन, सुनिश्चितताका लागि प्रहरी, सेना, गुण्डा र कर्मचारी किनेर राख्नुपर्छ । नत्र भने कुनै उम्मेदवारले प्राप्त भोट जसले पैसा बढी दिएको छ त्यसकै मतपेटिकामा जान सक्छ । पैसा प्राप्त भएमा मतपेटिकामा मत नपरेको भए पनि मतपत्र भरिन सक्छ । चुनावमा जनतालाई मतदान गरेर इमानदार र योग्य उम्मेदवारलाई जिताउनुहोस् भन्ने कुरा खोक्रो बकबास हो । पैसा र बन्दुक कसको हातमा छ, उसैले चुनावमा विजय सुनिश्चित गर्दछ । किसान, मजदुर, सिपाही र सुकुमबासीका छोराछोरीले यसबाट सत्ता प्राप्त गर्ने कुरा दिवासपना मात्र हो । चुनाव खर्च कति महँगो भएको छ भने मध्यमवर्ग र राष्ट्रिय पुँजीपतिले पनि यसबाट हात धुनुपर्ने स्थिति आइसक्यो । नेपालजस्तो देशमा त आफ्ना दलालहरूलाई उम्मेदवार बनाएर साम्राज्यवादीहरूले ठूलो लगानी गरिरहेका हुन्छन् । त्यसकारण उत्पीडित वर्गले आफ्नो सेना नबनाईकन मुक्ति प्राप्त हुन सक्दैन । जसले गरिबी, अन्याय, भ्रष्टाचार र उत्पीडनबाट मुक्ति चाहन्छ, उसले बन्दुक प्राप्त गर्न र बन्दुक चलाउन सिक्नैपर्छ ।

तेस्रो कुरा, मानिसहरूलाई के भ्रम परेको छ भने सरकारमा पुग्नु नै राज्यसत्ता प्राप्त गर्नु हो । राज्यसत्ता र सरकार पर्यायवाची शब्द होइनन् । सबैलाई थाहा हुनुपर्छ- सरकार राज्यसत्ताको एउटा अङ्ग हो । सेना, प्रहरी, प्रशासन, अदालत र कारागारसहित पाँचवटा सङ्घटकलाई बिर्सेर सरकारलाई मात्र राज्यसत्ता ठान्नु कुकुरले पुच्छर होइन, पुच्छरले कुकुर हल्लाउन खोज्नु हो । सरकार राज्यसत्ताको एउटा मञ्च मात्र हो । प्रधानमन्त्री र मन्त्रीहरू आउँछन् र जान्छन् । स्थायी सरकार त पर्दापछाडि हुन्छ । त्यसकारण सरकार ढाल्नु भनेको राज्यसत्ता ढाल्नु होइन, बरु त्यस मञ्चका पात्र फेरिनु हो । त्यसमा पनि वर्ग फेरिएको छैन । उत्पीडित वर्गको त कुरै छोडौँ, उत्पीडित वर्गको प्रतिनिधि थियो भने पनि त्यसलाई उत्पीडकमा रूपान्तरण गरेर मात्र पुरानो राज्यसत्ताको सरकारमा पुऱ्याइएको छ । त्यसकारण उत्पीडित वर्गले यो पूरै राज्यसत्ता पल्टाएर नयाँ सत्ता स्थापना गर्न बन्दुकको दर्शन गहिरो गरी बुझ्न जरुरी छ । अतिरिक्त सम्पत्तिको रक्षा गर्न इतिहासमा सेना र बन्दुकको जन्म भएको हो । कसैले बन्दुकको अन्त्य चाहन्छ भने न्यायपूर्ण युद्धका लागि बन्दुक बोक्नैपर्छ । यही सारतत्त्वलाई बुझेर नै माओले राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ भन्नुभएको हो ।

३.३) जनक्रान्ति तथा एकीकृत सैन्य कार्यदिशाको प्रमुख निशाना दलाल पुँजीवाद हो । यसलाई अर्को शब्दमा ऐँजेरु पुँजीवाद पनि भन्न सकिन्छ । यसको अर्थ यो आफैँ जमिनमा उम्रेको होइन, बरु अरू रूखको हाँगोमा आएर पलाउँछ र रूखै सुकाइदिन्छ । यसले राष्ट्रिय पुँजीलाई त्यो रूख सुकाएझैँ सुकाउँछ । नेपालमा राष्ट्रिय पुँजीको विकास नहुनुको कारण ऐँजेरु पुँजीवाद नै हो । यसैको राजनीतिक अभिव्यक्तिका रूपमा दलाल संसदीय व्यवस्था बन्न गएको छ । कथित नेपाल कम्युनिस्ट पार्टी (नेकपा), नेपाली काङ्ग्रेस, कतिपय मधेसवादी दलहरूको दलालीकरण भएको छ । राप्रपाका गुटहरू पनि दलाल पुँजीवादबाट प्रभावित छन् ।

अर्को निशाना नोकरशाही पुँजीवाद हो । बहालवाला र गैरबहालवाला भ्रष्ट अधिकृत तहका कर्मचारी नै नोकरशाही पुँजीवादका प्रतिनिधिहरू हुन् । उनीहरूले सीधै साम्राज्यवादको पृष्ठपोषण पाएका हुन्छन् । संसदीय राजनीतिक दलहरूलाई दलाल पुँजीवादको स्वार्थमा घुमाउन उनीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । उनीहरूमाथिको कारबाहीले जनसेवा नै हुन पुग्छ । स्थायी रूपमा उनीहरूले राज्यसत्ता सञ्चालन पनि गरिरहेका हुन्छन् ।

तेस्रो निशाना, सामन्तवाद राज्यसत्ताको नेतृत्वबाट हारे पनि उसको दीर्घ शासनसत्ताको दीर्घ प्रभाव रहेको हुन्छ । धेरैजसो सामन्तको जमिन दलाल पुँजीपतिहरूले लिइसकेको भए पनि स्वयम् सामन्त तथा जमिनदारहरू दलाल पुँजीपति भइसकेका छन् । सामन्तवादको संस्कृति पनि जरा गाडेर बसेको छ ।

आज हामी के कुरामा स्पष्ट हुन जरुरी छ भने नेपाली जनताका यी तीन निशानामध्ये दलाल पुँजीवाद नै अरूमाथि निरपेक्ष रूपले हाबी छ र नेतृत्व गरिरहेको छ । राज्यसत्तामा राजनीतिक अभिव्यक्ति पनि नेतृत्वमै हाबी छ ।

अब हामीले दलाल पुँजीवाद, नोकरशाही पुँजीवाद र सामन्तवादका विरुद्ध लड्ने क्रान्तिका मित्रहरू कोको हुन् भनी पहिचान गर्नुपर्छ । यसको विश्लेषण नगरी हामी अघि बढ्न सक्तैनौँ । हामीले सामान्यतः किसान, मजदुर, सिपाही, सुकुमबासी, मध्यमवर्ग, राष्ट्रिय पुँजीपति र देशभक्तहरूलाई क्रान्तिका मित्र शक्ति मानेका छौँ । हिजो मध्यमवर्ग पुँजीपति बन्ने सपनाका साथ सानो सम्पत्तिको लोभले ढुलमूल थियो तर त्यसको ठूलो भाग क्रान्तिमा आउन बाध्य हुन्थ्यो तर आज अति केन्द्रीकृत र अति एकाधिकारवादी पुँजीका कारण उसको ढुलमूल रहने चरित्र सकिँदै गएको छ । अति एकाधिकारवादी पुँजीवादको बढी रस चुस्ने स्रोत भनेको मध्यमवर्ग नै बनेको छ । आजको किसान नेपालमा सम्भव आधुनिक औजारहरूसहित कृषिको फार्मिङ प्रणालीमा गइरहेको छ । उसका लागि मल, बिउ, उत्पादित वस्तुहरूको बजार र उचित मूल्य प्राप्त गर्ने समस्या छ । दलाल पुँजीपतिहरूले र साम्राज्यवादीहरूले उनीहरूको माल बिक्रीमा बाधा पारिरहेका हुन्छन् । आज सामन्ती साहूहरूको सट्टा उनीहरूले सहकारी र कृषि बैङ्कबाट ऋण लिनुपर्ने स्थिति छ । ती बैङ्क नामका साहूहरू घरखेतबाट ऋण असुली गर्न पछि पर्दैनन् ।

मजदुरवर्ग मार्क्स, लेनिन र माओको पालाको भन्दा स्वरूपमा भिन्न छ । अहिले त्यतिबेलाको जस्तो विशुद्ध औद्योगिक मजदुर होइन, बरु कम्प्युटरबाट काम गर्ने र कारबाट काममा जाने मजदुरहरू आइसकेका छन् । माथि भनिएकै छ- आज लाखौँ मजदुरहरू एउटै कारखानामा काम गर्दैनन् । उनीहरूलाई विकेन्द्रित उत्पादन प्रणालीमा अलगथलग पारिएको छ । त्यसकारण उत्पादन केन्द्रहरूमा मात्र होइनन्, बरु विकेन्द्रित वितरण केन्द्रहरूमा पनि मजदुर खोज्नुपर्छ । विचारधारात्मक हिसाबले पनि केन्द्रित गर्नुपर्छ ।

आज हामीले सिपाही भन्नाले बहालवाला र गैरबहालवाला सरकारी सिपाही र प्रहरी नेपालका गाउँगाउँ र सहरसहरदेखि, अरेबियन देशहरूदेखि युरोपसम्म पुगेका पूर्वजनमुक्ति सेना, गोरखा भर्तीकेन्द्रका नाममा बेलायत र भारतीय सेनामा रहेका नेपालीहरू, सेक्युरिटी गार्डहरू सबैलाई बुझ्नुपर्दछ । उनीहरू पनि हिजोको सिपाहीजस्तो एकहोरो मात्र छैनन् । अरू केही नभए पनि फेसबुकबाट सुसूचित हुन्छन् । कहीँ न कहीँ जनतातिर फर्कनुपर्ने र संसारतिर फर्कनुपर्ने बाध्यता छ । त्यसमा मालेमावादको चेतना पुऱ्याउनुपर्ने आवश्यकता छ ।

हाम्रो देशका सुकुमबासीहरूभित्र हुकुमबासीहरू मिसिएर उनीहरूलाई प्रदूषित बनाइरहेका छन् । त्यसमा जग्गा दलालहरूले नाफा कमाइरहेका छन् । वास्तविक सुकुमबासीहरूलाई विचारधारात्मक र सङ्गठनात्मक रूपमा सङ्गठित गर्न जरुरी छ ।

जनक्रान्तिको कार्यनीतिक लक्ष्य भनेको वैज्ञानिक समाजवाद हो । यो हाम्रो न्यूनतम् कार्यक्रम हो । हाम्रो अधिकतम् कार्यक्रम भनेको साम्यवाद हो । मालेमावादलाई आत्मसात गर्ने क्रान्तिकारी कम्युनिस्टहरू र हाम्रो पार्टीबीच न्यूनतम् कार्यक्रम नयाँ जनवाद बनाउने वा वैज्ञानिक समाजवाद भन्ने सवालमा बहस जारी छ भनेका छौँ ।

हाम्रो पार्टीले आठौँ महाधिवेशनबाट न्यूनतम् कार्यक्रम वैज्ञानिक समाजवाद हो र नयाँ जनवाद क्रान्तिका क्रममै पूरा गर्न सकिने यसको पूरक कार्यक्रम हो भन्ने पारित गरेको छ । हामीले यसलाई एउटा चरणका रूपमा मान्यता दिने परम्परामा क्रमभङ्ग गरेका छौँ । दलाल पुँजीवादका विरुद्ध लड्दै हामीले दुवैतिर (गाउँ र सहर) लालसत्ताको अभ्यास गर्ने र त्यसलाई लालसेनाले संरक्षण गर्दै अघि बढ्नुपर्छ । क्रान्तिकारी कम्युनिस्टहरू र देशभक्तहरूको संयुक्त मोर्चाले नै लालसत्ता सञ्चालन गर्नुपर्दछ । यसमा मध्यमवर्ग र राष्ट्रिय पुँजीपतिहरू पनि सामेल हुनेछन् । पार्टीले लालसेना र लालसत्ताको नेतृत्व गरिरहेको हुन्छ । दलाल संसदीय व्यवस्थाको विकल्प नयाँ जनवाद होइन, वैज्ञानिक समाजवाद हुनुपर्दछ । क्रान्ति सम्पन्न हुनेबित्तिकै वैज्ञानिक समाजवादी गणतन्त्र नेपालको घोषणा गर्नुपर्दछ । चीनमा जस्तै ल्यु साओ ची र तेङ स्याओपिङलाई अझै पुँजीवादको विकास नगरी समाजवादमा पुग्न सकिन्न भन्ने ठाउँ दिन हुँदैन । निश्चय नै साम्राज्यवादीहरूले यो क्रान्ति सजिलै सम्पन्न गर्न दिने छैनन् । यसका लागि अन्तर्राष्ट्रिय जनसम्बन्ध, भाइचारा सम्बन्ध र कूटनीतिक सम्बन्धलाई पनि विकास गरेर जानुपर्दछ । पुँजीवादी विचारधाराको भूमण्डलीकरणका विरुद्ध साम्यवादी विचारधाराको भूमण्डलीकरण गर्न जरुरी छ ।

यो क्रान्ति सम्पन्न गर्न हामीले तयारी, रिहर्सल र आक्रमणको प्रक्रिया पूरा गर्नुपर्दछ । आक्रमण गरिसकेपछि सासै फेर्न नदिईकन निरन्तर दुस्मनमाथि हमला गर्नुपर्दछ । विजय र पराजयको प्रक्रियाबाट विजयमा पुग्नुपर्नेछ ।

राजनीतिप्रति जागरुक र क्रान्तिकारी आन्दोलनबाट अनुभवी जनता, विगतको जनयुद्ध र जनआन्दोलनबाट अनुभव प्राप्त नेता तथा कार्यकर्ता, सङ्कटैसङ्कटमा फस्दै गएको र भयानक अन्तरविरोधले जेलिएको राज्यसत्ता, साम्राज्यवादले पूर्ण रूपमा विश्वास नगरेका पार्टीहरू, देशभक्तहरूको सकारात्मक हेराइ आदिले क्रान्ति नजिकै रहेको छ । तीन जादुगरी हतियारको तयारी नै हाम्रो युद्धस्तरीय कार्य हुनुपर्दछ ।

आज वैज्ञानिक समाजवादले गाँस, बास र कपासको समस्या मात्र पूरा गरेर पुग्दैन । यसले शिक्षा, स्वास्थ्य, रोजगार र सञ्चारको समस्या पनि समाधान गर्नैपर्दछ । प्रत्येकले वैज्ञानिक समाजवादी राज्यव्यवस्थालाई आफ्नो योग्यताअनुसार दिने र प्रत्येकले उसको आवश्यकता अनुसार लिने स्थिति वैज्ञानिक समाजवादमै प्राप्त गर्ने अवस्था कम्युनिस्टहरूले बनाउनुपर्छ । यस्तो व्यवस्था गृहयुद्ध नलडीकन प्राप्त गर्न सकिँदैन । मार्क्स-एङ्गेल्सले जर्मनीमा क्रान्ति र प्रतिक्रान्तिको विश्लेषण गर्दै संश्लेषण गरेको सिद्धान्तलाई हामीले मार्गदर्शक बनाउनुपर्छ :

'युद्ध र अरू कलाजस्तै विद्रोह पनि एउटा कला हो । यसमा अघि बढ्ने खास नियमहरू हुन्छन् । जुन पार्टीले यी नियमहरू उल्लङ्घन गर्नेछन्, ती पतन भएर जानेछन् । पार्टीको प्रकृति र परिस्थितिबाट आएका तार्किक चिन्तन नै ती नियमहरू हुन् । यस्तो मामला जोकसैले सामना गर्नुपर्दछ जुन कति सादा र सरल छन् भने १८४८ को छोटो अनुभवले जर्मनेलीहरूलाई तिनीहरूसँग राम्ररी घुलमिल बनाएको थियो । प्रथमतः आफ्नो खेलको परिणामसँग सामना गर्ने पूर्ण तयारीबिना विद्रोहसँग कहिल्यै खेलबाड गर्नु हुँदैन । विद्रोह अति नै अनिश्चित महत्त्वको हिसाबकिताब हो जसको मूल्य दैनिक परिवर्तन हुन्छ । तपाईंको विरोधी शक्तिलाई सङ्गठन, अनुशासन, परम्परागत प्राधिकारलगायत सम्पूर्ण सुविधाहरू रहेका छन्; उनीहरूविरुद्ध शक्तिशाली तयारी नगरीकन लडेमा तपाईंको पराजय र विनास हुनेछ । द्वितीयतः विद्रोही शक्तिले एकपटक अघि बढिसकेपछि दृढ निश्चयका साथ हमला गर्नुपर्दछ । प्रतिरक्षा हरेक सशस्त्र विद्रोहको मृत्यु हो जसले गर्दा आफ्नो दुस्मनलाई छरिएको बेला अचानक हमला गर्नुपर्दछ, सानै भए पनि दैनिक नयाँ सफलताको तयारी गर्नुपर्छ । पहिलो विद्रोहबाट प्राप्त नैतिक बल कायम राख्नुपर्छ । आफ्नो नजिकै ती ढुलमूल तत्त्वहरूलाई भेला गर्नुहोस् जो सधैँ सबभन्दा बलियो शक्तिको पछि लाग्न बाध्य हुन्छन् र जो सधैँ आफ्नो रक्षाको खोजीमा हुन्छन् । तपाईंका विरुद्ध आफ्नो शक्ति सञ्चय गर्नुभन्दा पहिले नै दमनलाई पछिल्तिर धकेल्नुहोस्; अहिलेसम्म ज्ञात क्रान्तिकारी नीतिका महानतम् गुरु दाँतेका शब्दमा : साहस ! साहस ! फेरि पनि साहस !' *– मार्क्स-एङ्गेल्स, विद्रोह, १८५२, ग्रन्थ ११, अङ्ग्रेजी संस्करण, पृष्ठ ८३ ।*

३.४) हामी शक्तिशाली मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम वैज्ञानिक नियमद्वारा निर्देशित भएकाले क्रान्ति सानो देशमा हुँदैछ वा ठूलो देशमा भन्ने कुरा विजयको प्रमुख कारक होइन । हामीलाई थाहा छ, वैज्ञानिक समाजवादी क्रान्ति विशाल भूगोल र जनसङ्ख्या भएका देशहरू रुस र चीनमा पनि भयो अनि साना देशहरू भियतनाम, कोरिया र कम्बोडियामा पनि भयो । तीन करोड नेपालीले गर्ने मालेमावादबाट निर्देशित क्रान्ति संसारका अर्बौं श्रमजीवी र उत्पीडित जनताको पनि आफ्नै लडाइँ हो । वरिपरि चीन र भारतजस्ता विशाल जनसङ्ख्या र विशाल भूगोलमा रहेका साढेदुई अर्बभन्दा बढी जनताहरूको बीचमा हुने क्रान्ति र सहयोग पनि आजको दुनियाँमा विजयका लागि महत्त्वपूर्ण तत्त्व हो । मुख्यतः हाम्रै देशका जनताको बल नै विजयको प्रमुख तत्त्व हो । त्यसकारण द्वन्द्ववादले विषयलाई कहिल्यै पनि एकपक्षीय रूपमा हेर्दैन । हामीले सानो र पिछडिएको देशमा क्रान्ति गर्दा संसारका ठूला र विकसित देशका शासकहरूलाई मात्र होइन, त्यहाँका उत्पीडित जनताहरूलाई पनि हेर्नुपर्दछ । कुनै एउटा देशका कम्युनिस्टहरू जनताका लागि लड्ने भनेको विश्वका उत्पीडित र श्रमजीवी जनताका लागि लड्नु हो । एउटा देशमा हुने क्रान्तिले विश्व जनसमुदायको मुक्तिको ढोका खोलिदिनेछ । कुनै पनि देशमा हुने क्रान्ति ढिलो वा चाँडो विजयी हुन्छ ।

४) निष्कर्ष

अतः मार्क्सले भनेझैँ पुरानो समाजबाट नयाँ समाज जन्माउन सुँडेनी तयार पार्नु आजको प्रमुख कार्यभार हो । आजको सुँडेनी भनेको सिपालु चिकित्सक नै हो जसले बच्चालाई सुरक्षित जन्माउनुपर्छ । हामी उत्पीडित वर्गका मानिसहरूले हतियार चलाउन र प्राप्त गर्न सिक्दैनौँ भने लेनिनले भनेझैँ दासको व्यवहार गरिन लायक हुन्छौँ । हामी दासबाट उठेर आजको स्पार्टाकस बन्नुपर्छ । इतिहासको कर्तव्यबोधका साथ बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउन हामी तयार हुनुपर्छ । माओले हामीलाई यही कुरा सिकाउनुभएको छ । हाम्रो पार्टीको निर्देशनअनुसार बन्दुकमा कम्प्युटर जोड्न आवश्यक छ । विज्ञानको विरोध गरेर होइन, बरु त्यसको विकास गरेर नै इतिहासमा आएका समस्याहरू समाधान गर्न सकिन्छ । हामीले पृथ्वीको झन्डै आधाभन्दा बढी जनसङ्ख्या र भूगोलमा रगतपसिनाको बलिदान गरेर वैज्ञानिक समाजवाद स्थापना गरेका थियौँ । त्यहाँ हामीले पराजय र प्रतिक्रान्ति बेहोर्नुपऱ्यो । दर्जनौँ देशमा क्रान्ति विजयको सन्निकट पुगेको थियो । त्यहाँ हामीले पराजय बेहोऱ्यौँ । यी सबै घटनाको प्रमुख कारण आन्तरिक थियो, बाह्य होइन । नेपालमा सैन्य हिसाबले दुस्मनको काँडेतार तोड्न नसकिएको बहानाबाजी प्रचण्ड-बाबुरामले गरे र उनीहरू एक सय असी डिग्री फन्को मारेर दलाल पुँजीवादी संसदीय व्यवस्थामा पतन भए । नतोडिएको भौतिक रूपमा दुस्मनको काँडेतार थिएन, बरु मानसिक काँडेतार थियो, विज्ञानको विकासमा काँडेतार थियो । एकीकृत सैन्य रणनीति र वैज्ञानिक समाजवादको राजनीतिक कार्यक्रमले त्यो काँडेतार भत्काएको छ । एक्काईसौँ शताब्दीको दोस्रो दशकका किसान, मजदुर, सिपाही, सुकुमबासी, मध्यम वर्ग, राष्ट्रिय पुँजीपति र देशभक्तहरू, आउनुहोस् ! वैज्ञानिक समाजवादी रणनीतिमा पुग्ने भरपर्दो उत्पीडित जनताको सैन्य दस्ताको रक्षा र विकास गरौँ । हाम्रा लागि अर्को कुनै विकल्प छैन ।

(नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का प्रवक्ता एवम् केन्द्रीय कार्यालय सदस्य सुदर्शनको यो रचना हामीले उनको पुरानो कृति 'विश्वदृष्टिकोणमा रूपान्तरण' २०७६ बाट साभार गरेका हौँ । कार्यदिशासम्बन्धी लेखकको दृष्टिकोण पुरानै सन्दर्भको हो । यसलाई हामीले इतिहासको एउटा कालखण्डका रूपमा अध्ययन गर्न आवश्यक ठानेर साभार गरी प्रकाशन गरेका हौँ- सम्पादक ।)

समयसमीक्षा

आँखामा घुमिरहेछन् नेपाली कम्युनार्डका तस्बिरहरू

अशोक सुवेदी

तेरा नेताहरू कहाँ छन् ?

- जनताको घरदैलोमा ।

के गर्दैछन् ?

- कोही जनताको सेवा गर्दैछन्, कोही दाङको हापुरेमा सरकारसँग शान्तिवार्ता गर्दैछन् ।

तेरो अन्तिम इच्छा के छ ?

- नेपाल, उत्पीडित नेपाली र सर्वहारा वर्गको मुक्ति ।

माफी मागे जीवन पाउँछस्, मागिनस् भने मारिन्छस् । के गर्यौं ?

- म मेरो वर्गमाथि घात गर्न सक्तिनँ । म सचेततापूर्वक वर्गयुद्धमा लामबद्ध भएको योद्धा हुँ । यतिबेला युद्धरत मेरो पार्टी नेकपा (माओवादी) र शाही सरकारका बीचमा दाङको हापुरेमा वार्ता चलिरहेको छ । देशमा युद्धविराम छ । हामी सहमतिअनुसार शान्तिपूर्वक भेला र बैठकहरू गरिरहेका छौं । यस्तो अवस्थामा राज्यले सहमति तोड्नेछैन भन्नेमा पूर्ण विश्वस्त छु । जीवन त श्रमिक-उत्पीडित वर्गको मुक्तिका लागि सुम्पिइसकेको हुँ । वार्ता भङ्ग गर्दै देशलाई युद्धमा लैजाने षड्यन्त्र भइरहेको छ भने त्यो गर्नु ठीक हुँदैन भन्नुभन्दा बाहेक के भन्न सकिन्छ र ? राज्यले यस्तो गैरजिम्मेवार हर्कत नगरोस् । नत्र पछुताउनुपर्नेछ ।

अरू केही भन्नु छ कि ?

- सामन्ती राजतन्त्र मुर्दावाद ! जनवादी गणतन्त्र नेपाल जिन्दावाद ! महान् जनयुद्ध जिन्दावाद ! महान् सहिदहरू अमर रहून् । जनयुद्ध जारी छ ...!

यो कुनै चलचित्रको कृत्रिम वा बनावटी दृश्य र संवाद होइन, आजभन्दा बीस वर्षअघि रामेछाप, दोरम्बा- डाँडाकटेरीमा महान् नेपाल आमाका २१ सुन्दर छोराछोरीको टाउको, छाती र कन्चटमा शाही अमेरिकी सेनाले अनाहक गोली दाग्नुअघि भएको संवाद हो ।

हो, यस्तै संवाद पेरिस कम्युनका कम्युनार्डहरूमाथि तत्कालीन फासिवादी फ्रान्सेली शासकहरूबाट पनि गरिएको थियो एक सय पचास वर्षअघि र त्यसकै निरन्तरतामा यही प्रश्न आजका फासिवादी शासकहरूबाट पनि गरियो । पेरिस कम्युनका कम्युनार्डहरूको शक्तिशाली मालेमावादी विचार बोकेर महान् यात्रामा लामबद्ध भएका योद्धाहरूलाई त्यसभन्दा उच्च दृढता र विश्वास व्यक्त गर्दागर्दै पालैपालो छाती, टाउको र कञ्चटमा गोली दागेर भिरबाट गुल्ट्याइयो । डाँडाकटेरीको भूमि महान् योद्धाहरूको रगतले भिज्यो । हो, यही थियो कुख्यात दोरम्बा हत्याकाण्ड । त्यो क्रूर र बीभत्स काण्डका १९ वर्षहरू पूरा भएका छन् र २० वर्ष लागेको छ डाँडाकटेरीमा महान् सहिदहरूले जनयुद्ध जिन्दावादको नाराले आकाश गुञ्जायमान पारेको ।

.. ..

साउन महिनाको अन्तिम दिन थियो त्यो २०६० साल साउन ३२ गते अनि दोरम्बाको लेक कुहिरोले ढपक्कै ढाकेको थियो । सिमसिम पानी पनि परिरहेको थियो । एरियाको जिम्मा पाएका कमरेडहरू जिल्ला इन्चार्ज, जनसरकार प्रमुखसहितको उपस्थितिमा बैठकको तयारीमा व्यस्त थिए ।

नृशंस हत्याकाण्डमा परेर जीवन बचेका पार्टी कार्यकर्ताहहरूका अनुसार दिउँसो ११ बजेतिर एक्कासि बैठकको तयारी भइरहेको युवराज मोक्तानको घरबाहिर बन्दुक पड्केको आवाज आयो । त्यत्ति नै बेला बजारबाट आउँदै गरेका एकजना योद्धा घरको ढोकानजिकै ढलिसकेका थिए । दुस्मन बैठक बस्नुअघि भान्छा र बैठकको तयारी हुँदै गरेको युवराज मोक्तान-लीला मोक्तानको घरलाई चौतर्फी घेरा कस्दै अगाडि बढिरहेको थियो । त्यति नै बेला नेकपा (माओवादी) रामेछाप जिल्ला इन्चार्ज ललितले बैठकका लागि भेला भएका सम्पूर्ण साथीहरूलाई घेरा तोड्ने कासन गर्दै अगाडि लागे । घरको ढोकामा पुग्दा दुस्मनले उनको छातीमा एसएलआर तेर्स्यायो । दुस्मनले तेर्स्याएको एसएलआर मर्काउँदै उनले घेरा तोडे ।

त्यसैगरी जिल्ला सेक्रेटरी, मदनसहित, राजन, रामकुमार, उदय, मोहन, अमीर, सागर, मनोजलगायत ११ जना कमरेड घेरा तोड्न सफल भए भने जनसरकार प्रमुख बाबुराम तामाङ 'पुष्प' लगायत १९ जना नेता-कार्यकर्तालाई दुस्मन फौजले घेरा हाली गिरफ्तार गरेर हात पछाडि बाँधी एक घण्टा टाढा डाँडाकटेरी भन्ने ठाउँमा पुऱ्याएर दिनको १ बजे लाम लगाएर पालैपालो गोली हानी हत्या गऱ्यो । शाहीसेनाले त्यसअघि एकजनालाई घरको ढोकैमा र अर्की एकजनालाई जङ्गलमा पुऱ्याएर क्रूरतापूर्वक हत्या गरिसकेको थियो ।

गोरखा पालुङटार घर भएको शाही जल्लादी सेनाको मेजर राममणि पोखरेलको नेतृत्वको हत्यारो जत्था २१ जना योद्धाको रगत पिएर दिनको १:३० बजे फर्कियो । उसले पुरानोगाउँ गाजसको बाहुनचौर भन्ने ठाउँमा पुगेर नेपाल आमाका सर्वोत्तम छोराछोरीहरूको हत्या गरेको खुसीयालीमा खसी काटेर भोज गऱ्यो । त्यस दिन प्रतिक्रियावादी सामन्ती फासिस्ट राज्यसत्ताका नाइकेहरूले देशव्यापी दीपावली मनाए । यता जनताको घरमा भने रुवाबासी चल्यो । पार्टी नेतृत्व गम्भीर बन्यो ।

दोरम्बा हत्याकाण्डपछि दाङको हापुरेमा जारी वार्ता भङ्ग भयो । युद्धविराम र शान्तिवार्ताको औचित्य समाप्त भएको घोषणा गर्दै भदौ १० गते युद्धविराम भङ्ग भएको घोषणा भयो । युद्धविराम आचारसंहिता र मानवअधिकारविपरीत शाहीसेनाले गराएको दोरम्बा हत्याकाण्ड सेनाको मात्र योजनामा गराइएको थिएन । वार्ता र शान्ति नचाहने युद्धपिपाशु साम्राज्यवादको योजनामा भएको कुख्यात नरसंहार थियो तर त्यो हत्याकाण्ड संविधानसभासम्म पनि नचाहने देशभित्रका प्रतिक्रियावादीहरूका निमित्त मात्र नभई विश्व-आतङ्कवादको नाइके अमेरिकी साम्राज्यवादका लागिसमेत आत्मघाती साबित हुन पुग्यो किनकि त्यसपछि युद्धमा फर्किएको माओवादी साम्राज्यवादको दलाल बनेको राजतन्त्र नै समाप्त पार्ने गरी मोर्चामा होमियो ।

दोरम्बा हत्याकाण्डका विरुद्ध नेपालका मुक्तिकामी जनता, परिवर्तनका पक्षधर शक्तिहरू, राष्ट्रिय मानवअधिकार आयोगका साथै विश्वका मुक्तिकामी जनसमुदायको एउटै आवाज घन्कियो- युद्धपिपाशु शाही हत्याराहरूलाई कारबाही गर । फलस्वरूप प्रतिक्रियावादी सत्ता बाध्य भएर हत्याराहरूलाई आन्तरिक कारबाही गर्ने नाटक गऱ्यो तर मुलुकमा अशान्ति मच्चाउने हत्यारा दलको कमान्डर शाही अमेरिकी सेनाको मेजर राममणि पोखरेललाई भने शान्तिसेनामा पठाएर खबर सार्वजनिक भयो । दोरम्बा हत्याकाण्ड गराउन स्थानीय मुख्य योजनाकार मानिएकी ग्रामीण स्वास्थ्य कार्यकर्ताको भेष धारण गरेकी रेलीमाया तामाङ र उसका सहयोगी भीमबहादुर श्रेष्ठलाई नेकपा (माओवादी) ले जनकारबाही गरेको घोषणा पनि अर्को योजनाकार मानिएको डिकबहादुर तामाङमाथि कुनै अनुसन्धान र कारबाही भएको छैन । आज ऊ नेपाली काङ्ग्रेसको छातामुनि छ र नेपाली काङ्ग्रेसकै छातामुनि तत्कालीन जनयुद्धका कमान्डर प्रचण्ड पनि छन् । स्थानीय योजनाकारभन्दा माथिका मुख्य योजनाकार र हत्याराहरू नै आज श्रमिक जनताको छाती र सहिद परिवारका सपनामाथि परेड खेलिरहेका छन् ।

... ...

नेपालको कम्युनिस्ट आन्दोलनमा रामेछाप जिल्लाले गौरवपूर्ण गाथा बोकेको छ । रामेछाप जिल्लालाई कम्युनिस्ट विचारको जननी पनि मानिन्छ । समाज परिवर्तन र वर्गसङ्घर्षकै हिसाबले हेर्ने हो भने पनि राणा शासनविरुद्धको आन्दोलनमा होस् वा पञ्चायतविरोधी आन्दोलनमा, जनयुद्धकै क्रममा पनि रामेछापको कम्युनिस्ट आन्दोलनले एक सय साठीभन्दा बढी सहिद जन्माएर एउटा गौरवशाली इतिहास रचेको छ । रामेछापले नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल, एकतन्त्रीय राणाशासनका विरुद्ध 'मकैको खेती' पुस्तक लेखेर जेलमै बलिदान गर्ने सुब्बा कृष्णलाल अधिकारी, जहानिया राणा शासनका विरुद्ध गरिसकेका थिए । यही त्याग, शौर्य, साहस, वीरता र बलिदानको गौरवगाथालाई कायम राख्दै जनक्रान्तिका क्रममा रामेछापकै रामकुमार श्रेष्ठले पनि उच्च बलिदान गरेर रामेछापको भूमिलाई क्रान्तिकारी विचारले अझै रातो बनाउने र क्रान्तिकारीहरूलाई निरन्तर क्रान्तिको मार्गमा लामबद्ध भइरहन र मुक्ति नहोउन्जेल नथाक्न प्रेरित र उत्साहित गरेका छन् ।

जनयुद्ध र दोरम्बा हत्याकाण्ड

२०५२ साल फागुन १ गतेबाट नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा महान् जनयुद्ध आरम्भ भएको थियो । जनयुद्ध भीषण बन्दै गएपछि



२०५८ साल साउन ८ गते गल्दै गएको शाही सरकारसँग वार्ताका लागि पहिलो युद्धविराम भयो । वार्ताद्वारा शाही सरकारले जनताका माग सुनुवाइ गर्ने कुरै थिएन । फलस्वरूप २०५८ साल मङ्सिर १० गते युद्धविराम भङ्ग भयो नेकपा (माओवादी) जनयुद्धमै फर्कियो जुन अनिवार्य आवश्यकता थियो ।

जनयुद्धले धक्का दिँदै गएपछि धर्मराएको शाही सरकार पुनः २०५९ साल माघ १० गते दोस्रो युद्धविराम घोषणा गर्न बाध्य भयो । युद्धविराम र वार्ताको समयको सदुपयोग गर्दै नेकपा (माओवादी) राजनीतिक प्रचार र सङ्गठन विस्तारमा क्रियाशील बन्यो । जनताको अपार भरोसा, प्रतिबद्धता र लामबद्धताका कारण माओवादीको शक्ति व्यापक विस्तार हुँदै गएपछि प्रतिक्रियावादी शासकहरू पुनः युद्ध लाद्ने र जनतामा पलाएको शान्तिको अपेक्षा कुठाराघात गर्ने षड्यन्त्रतिर लागे ।

दोरम्बा हत्याकाण्ड हुनु एक सातापूर्व नै दोरम्बामा माओवादी पार्टीको एरिया स्तरको बैठक बस्दैछ भन्ने कुरा थाहा पाएपछि स्थानीय सुराकीहरू बैठक बस्ने स्थान पत्ता लगाउन रातारात परिचालित भएको हत्याकाण्डपछि सुराकी रेलीमाई तामाङले पार्टीसमक्ष दिएको बयानबाट प्रस्ट भएको तत्कालीन माओवादीका नेताहरू बताउँछन् । रेलीमाईले बैठक बस्ने स्थान पत्ता लगाउने जिम्मा अर्का सुराकी डिकबहादुर तामाङ र भीमबहादुर श्रेष्ठलाई दिएर हत्याकाण्डको योजना बनाउन एक साताअघि नै काठमाडौँ पुगेको अनुसन्धनबाट पत्ता लागेको थियो । माओवादी पार्टीको अनुसन्धानअनुसार भीमबहादुरले साउन २९ गते नै बैठक बस्ने स्थान पत्ता लगाई काठमाडौँमा टेलिफोन गरेर रेलीमाईलाई जानकारी गराएको थियो । रेलीमाईले हत्याकाण्डको योजना बनाई हत्याराहरूको टिमलाई लिन गाल्बाबजारसम्म भीमबहादुरलाई पठाएको पनि पार्टीको आन्तरिक अनुसन्धानमा उल्लेख छ ।

साउन ३२ गते एरियाको बैठकका लागि तत्कालीन रामेछाप जिल्ला इन्चार्ज ललित, मदन, जिल्ला जनसकारप्रमुख बाबुराम तामाङ 'पुष्प' लगायत एरियाका सम्पूर्ण पार्टी नेता-कार्यकर्ता माओवादी शुभचिन्तक शिक्षक युवराज मोक्तानको घरमा जुटेका थिए । सरकार र नेकपा (माओवादी) बीच दाङको हापुरेमा वार्ता जारी थियो । वार्ता र युद्धविरामप्रति बढी नै विश्वस्त भएकाले त्यस्तो क्रूर र बर्बर घटनाको कसैले अनुमानसम्म गर्न सकेका थिएनन् । युद्धविराम र शान्तिवार्ताप्रति बढी विश्वस्त हुनुको परिणाम पनि बन्न पुग्यो दोरम्बा नरसंहार जसले संसारकै क्रान्तिकारीहरूलाई एउटा नमीठो पीडा र सावधानीको पाठसमेत पढाएर गएको छ ।

पार्टी-अनुसन्धानका क्रममा हत्याकाण्डको एक स्थानीय योजनाकार ठहरिएकी रेलीमाई तामाङले दिएको बयानको सारसङ्क्षेप पार्टीले यसरी सार्वजनिक गरेको थियो-

युद्धविराम हुँदादेखि नै माओवादीहरू केन्द्रीकृत भएको मौका पारी एकै ठाउँमा सिध्याउने योजना सरकारले बनाएको थियो । रामेछाप जिल्लाको सन्दर्भमा म, डिकबहादुर र भीमबहादुरलाई जिम्मा लगाएको थियो । रामेछापका माओवादीहरू बढी दोरम्बामा जमघट हुने भएकाले दोरम्बालाई विशेष स्थानका रूपमा हेरिएको थियो । मैले एक साताअगाडि दोरम्बामा बैठक हुँदैछ भन्ने कुरा थाहा पाएँ । ललिका दोरम्बा आउँदा बैठकस्थल पत्ता लगाउन प्रयत्न गरेँ तर पत्ता लगाउन सकिनँ । बैठकस्थल पत्ता लगाएर मलाई फोन गरी खबर दिनू भन्ने जिम्मा भीमबहादुर दाइलाई दिएर म काठमाडौं गएँ । साउन २९ गते भीम दाइले बैठक युवराज मोक्तानको घरमा बस्ने कुरा पत्ता लगाई मलाई सम्पर्क गर्नुभयो । यसैका आधारमा दोरम्बा हत्याकाण्ड घटाउने योजना काठमाडौँमा बसेर बनायौँ । साउन ३१ गते नै भकुन्डे र रामेछापको सेनाको सम्पर्क मिलाएर दुवैतिरको सेना गाल्बाबजारमा भेट्ने प्वाइन्ट बनाएर पठायौँ । यसरी साउन ३२ गते दोरम्बा हत्याकाण्ड गराइयो ।

दोरम्बा नरसंहारको आन्तरिक रहस्य

शाही सरकार गल्दै गएको थियो र युद्धविराममा लतारिएको थियो । प्रत्यक्ष रुपमा साम्राज्यवादी आडभरोसा र साथसहयोग पाएपछि ऊ हापुरेमा चलिरहेको शान्तिवार्ता बिथोलेर मुलुकलाई थप रणमैदान बनाउन चाहन्थ्यो । स्थानीय स्तरमा रामेछाप जिल्लामा माओवादीको वैचारिक लडाइँ त्यतिबेला प्रतिक्रियावादी सत्ताधारीका साथै संशोधनवादी धारसँग थियो । जनयुद्धको राप र तापले प्रतिक्रियावादी र संशोधनवादी शक्तिलाई विच्छेद गराइदिएको थियो । जनयुद्ध घनीभूत रूपले विकास भएका जिल्लामध्ये रामेछाप अग्रपङ्क्तिमा आउने भएकाले र माओवादी ठूलो शक्ति बन्दै गएकाले सत्ताधारी र संशोधनवादी दुवैको निशानामा माओवादी परेको थियो । राजतन्त्र पक्षधर शक्तिका साथै कम्युनिस्ट नाउँधारी एमाले, प्रतिक्रियावादी धारको नेतृत्व गर्ने काङ्ग्रेसलगायत सबै शक्ति जिल्ला सदरमुकाममा खुम्चिएका थिए । जनयुद्धले जिल्लाका २५ वटै प्रहरीचौकी विस्थापित गर्दै सदरमुकाम मन्थली र पुरानो सदरमुकाम रामेछापडाँडामा सीमित पारिदिएको थियो । माओवादीको शक्ति बढेको सहन नसकेका प्रतिक्रियावादी र संशोधनवादीहरू माओवादीविरुद्ध योजना बनाइरहेका थिए ।

युद्धविराम सहमतिअनुसार दुवै सत्ताका सेना ५ किलोमिटरभन्दा टाढा निस्कन पाउँदैनथे । त्यतिबेला अमेरिकी सेनाले तत्कालीन शाहीसेनाका लागि नयाँ सैन्यविन्यास मिलाएको थियो । मोर्चाबन्दी लडाइँमा देशैभर शाहीसेना पराजित बनिरहेको थियो । ऊ अमेरिकी योजनाको नयाँ फौजी रणनीति लागू गर्न चाहन्थ्यो । अमेरिका रामेछापको भूमिबाटै आफ्नो सैन्य रणनीति प्रयोग गर्ने योजना बनाइरहेको थियो । दोरम्बा हत्याकाण्ड शाही अमेरिकी सेना र उसको आडमा बनेको कठपुतली सरकारको गम्भीर योजनाको परिणाम थियो । फलस्वरूप युद्धविराम र शान्तिवार्ता जारी रहेको समयमा युद्धविराम नै भङ्ग गरी देशलाई गृहयुद्धमा झोस्ने षड्यन्त्रलाई मूर्तता दिँदै दोरम्बा नरसंहार मच्चाइयो र २१ जना महान् योद्धाले जनयुद्ध जारी छ, महान् सहिदहरू लालसलामको नारा लगाउँदै रामेछापको माटोमा तातो-रातो क्रान्तिकारी रगत रोप्नुपर्ने अवस्था उत्पन्न भयो ।

दोरम्बा हत्याकाण्ड भएको १९ वर्ष पूरा भएर २० वर्ष लागिसकेको छ । यसबीचमा अपत्यारिला राजनीतिक घटनाक्रमहरू भएका छन् । दसौँ हजार सहिदको रगतले जाज्वल्यमान बनेको जनयुद्धलाई केही लोभीपापी र कायरहरूले धोका र सम्झौता नराम्ररी फसाइदिएका छन् भने हिलोमा फुलेको कमलको फूलजस्तै सम्झौता र धोकाका बीचबाट क्रान्तिकारी विचार र क्रान्तिकारी नेतृत्व निर्माण हुँदै वैज्ञानिक समाजवाद स्थापनाका लागि अघि बढिरहेको छ । जनयुद्धकालीन मुख्य नेतृत्व र त्यसपछि क्रान्ति अघि बढाउने सपना बाँड्ने केही अगुवाहरूले दलाल पुँजीवादको सेवा गर्दै वर्गसङ्घर्ष र महान् सहिद-बेपत्ता योद्धाका सपनालाई घात गरे पनि क्रान्तिकारी विचार, नेतृत्व र क्रान्तिकारी आशावाद महान् सहिदहरूको चिहानबाट उठिरहेको छ । २० औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसका सन्दर्भमा हामीले नयाँ उचाइबाट शपथ लिनुपरेको छ- दोरम्बालगायत मोर्चामा बलिदान गर्ने महान् सहिदहरू लालसलाम ! नयाँ शैलीको जनयुद्ध जारी छ ! वैज्ञानिक समाजवादी क्रान्ति जिन्दावाद ! वैज्ञानिक समाजवाद जिन्दावाद !

गजल

नागरिकता

• रगवीर विश्वकर्मा

देशलाई फिजीकरण गर्न आको हो कि नागरिकता ?
सत्तास्वार्थ पूरा गर्न छाको हो कि नागरिकता ?

चुनावको मुखमा आई विदेशीको आदेश पाई
उनकै स्वार्थ पूरा गर्न ल्याको हो कि नागरिकता ?

बाँकी भाको राष्ट्रवाद पनि सबै सिध्याउनलाई
पाँच दलले विदेशी गीत गाको हो कि नागरिकता ?

दास्दुङ्गा र दरबार हत्याकाण्डहरू गराएर
नेपालका देशभक्तलाई खाको हो कि नागरिकता ?

नेपालीको विष बन्न लाको हो कि नागरिकता ?
विदेशीलाई भित्र्याउन धाको हो कि नागरिकता ?

कविता

ऊ महान् सहिद थियो !

• सुरेन्द्र धानुक

ऊ सुन्दर सपनाहरू बोकी हिँड्यो
सुतेकाहरूलाई उठाएर
बन्दुक बोकी लड्यो !
ऊ भोक, तिर्खा नभनी हिँड्यो
पीडित वर्गलाई लिएर
न्यायका निम्ति लड्यो !!

ऊ सधैं दुःख, पीडा नभनेर हिँड्यो
शोषकले लुटेका हरेक
गतिविधिविरुद्ध लड्यो !
ऊ क्रान्तिको आवाज लिएर हिँड्यो
दमन र अत्याचारले पिल्सिएका
ज्वालाहरू बोकी लड्यो !!

ऊ मातृभूमिको माया बोकी हिँड्यो
वैदेशिक हस्तक्षेपका विरुद्धमा
साम्राज्यवादसामु लड्यो !
ऊ नेपाली जनताको माया बोकी हिँड्यो
आन्तरिक र बाह्य
जनघाती दलालहरूविरुद्ध लड्यो !!

ऊ मुक्ति वा मृत्युका लागि हिँड्यो
देश र जनतालाई मुटुमा राखी
बम, बारुदसँग लड्यो !
ऊ सुन्दर र सभ्य समाजका लागि हिँड्यो
अधुरो सपना हामीलाई छोड्दै
महान् अनि अमर भई लड्यो !!

नेकपा (बहुमत) कर्णाली ...

गर्नुका साथै बदलिँदो विश्व-परिस्थितिका बारेमा प्रकाश पारेका थिए ।

बैठकमा कार्यालय सदस्य दीपक र सचिवालय सदस्य समरजङ्गले राष्ट्रिय राजनीति र पार्टीको जिम्मेवारीका विषयमा बोलेका थिए ।

देश आर्थिक र राजनीतिक ...

राज्यले सम्पूर्ण भूट्टा मुद्दा खारेज गर्नुपर्ने, सम्पूर्ण राजबन्दी रिहा गर्नुपर्नेमा सहमतिविपरीत झूट्टा मुद्दा उल्झाउने कार्य गरिरहेको भन्दै उनले सहमतिप्रति सरकार इमानदार बन्नुपर्ने बताए ।

'देशको वैदेशिक व्यापार घाटा करिब १७ खर्ब रहेको छ जब कि कुल गार्हस्थ उत्पादनबाट दुई खर्ब मात्र पूर्ति हुने, सबभन्दा ठूलो हिस्सा वैदेशिक रोजगारको विप्रेषणबाट आपूर्ति हुने स्थिति देशको आर्थिक भविष्यको निकै खतरनाक स्थितिको पूर्वसङ्केत हो । विदेश जाने श्रमशक्ति कुनै पनि कारणले रोकिने स्थिति भएमा देशको अवस्था भयावह हुने स्थिति छ । त्यसैगरी बैङ्क पुँजीको ४७ खर्ब डिपोजिटअन्तर्गत एक सयजना व्यक्तिले मात्रै ३० खर्ब परिचालन गरेको तथ्य सार्वजनिक भएको छ जब कि बाँकी १७ खर्ब रकम १८ लाखले परिचालन गर्ने स्थिति छ । यो कस्तो खालको अर्थप्रणाली हो ? यो अवस्थालाई समाधान गर्न संसदीय व्यवस्थाबाट असम्भव छ', उनले भने ।

आज गाउँगाउँमा लघुवित्तहरू र मिटरब्याजीहरूले पनि जनताको रगतपसिना चुसिरहेको प्रवक्ता सुदर्शनले बताए । 'यसको समाधान वैज्ञानिक समाजवादको स्थापनाबाट मात्र सम्भव छ । त्यसको नेतृत्व नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले गर्नेछ', उनले भने ।

उनले यो सत्ताको विकल्प प्रस्तुत गर्दै भने, ' यो अवस्थालाई समाधान गर्न वर्तमान संसदीय व्यवस्थाबाट असम्भव छ । यसको समाधान वैज्ञानिक समाजवाद स्थापनाबाट मात्र सम्भव छ । त्यसको नेतृत्व नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले गर्नेछ । त्यसका लागि हाम्रो पार्टीले संसदीय व्यवस्थाको विकल्पमा स्वाधीन संयुक्त सरकारको प्रस्ताव गरेको छ । स्वाधीन संयुक्त सरकारले शिक्षा, स्वास्थ्य, आवास, जमिन र रोजगारीको सुनिश्चितता गर्नुपर्दछ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र न्यायपालिकाको व्यवस्था हुनुपर्दछ ।'

पत्रकार भेटघाटमा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय कार्यालय सदस्य दीपक, केन्द्रीय सचिवालय सदस्य तथा कर्णाली ब्युरो इन्चार्ज सङ्गम र बाँके इन्चार्ज अनन्तको उपस्थिति थियो ।

एकलौटी पार्टी कार्यालय ....

द्रोणबाबु शिवाकोटीले एकलौटी लिलाम गर्ने सूचना निकालेकोमा दुवै पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेका छन् ।

महेश र विकासद्वारा जारी संयुक्त प्रेस वक्तव्यमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) चितवन जिल्लाको साउन २६ गते सचिव द्रोणबाबु शिवाकोटीको हस्ताक्षरमा निकालिएको लिलाम गर्नेबारेको सूचनाप्रति हामी दुई पार्टी नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) चितवनको गम्भीर ध्यानाकर्षण भएको छ । भरतपुर महानगर वडा नं. ४ वैदिक नगरमा रहेको उक्त पार्टी कार्यालयको जमिन र सम्पूर्ण भौतिक संरचनाहरू एउटै पार्टी हुँदा खरिद गरिएकाले त्यहाँका सबै भौतिक संरचना र जमिनमा हामी ३ वटै पार्टीको बराबर हक लाग्ने गरी जिल्ला प्रशासनको रोहबरमा सहमति भएको कुरा सर्वविदितै छ ।'

संयुक्त विज्ञप्तिमा भनिएको छ, 'अहिले केही समयदेखि नेकपा (माके) ले लिलाम गर्ने भनी निकालेको ७ दिने सूचना तुरुन्त रद्द गरी आवश्यक छलफल गर्न सहज वातावरण बनाउन सम्बन्धित पक्षलाई आग्रह गरिन्छ । अन्यथा उब्जन सक्ने परिणाम भोग्न तयार हुन सूचित गरिन्छ ।'

राष्ट्रियता, जनतन्त्र र ...

(बहुमत) सहित तीन दलले राष्ट्रघात, महँगी र भ्रष्टाचारविरुद्ध बिहीबार प्रदर्शन गरेका छन् । नेकपा (बहुमत), नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा मसाल (विशेष महाधिवेशन आयोजक समिति) ले संयुक्त रूपमा चितवनमा प्रदर्शन गरेका हुन् ।

विरोध कार्यक्रममा नेकपा (बहुमत) चितवनका संयोजक विजय, नेकपा (क्रान्तिकारी माओवादी) चितवनका इन्चार्ज विकास र नेकपा (मसाल) विशेष महाधिवेशन आयोजक समिति चितवनका प्रवक्ता कमलले सरकारका राष्ट्रघाती, जनघाती नीति र कार्यक्रमका विषयमा बोलेका थिए ।

६ दलीय मोर्चाद्वारा बारामा अन्तरक्रिया

सिमरा (बारा)/ नेकपा (बहुमत) सहितको ६ दलीय मोर्चाले बाराको सिमरामा नागरिकता विधेयक, एमसीसी, एसपीपी र महँगीको विरोधमा अन्तरक्रिया आयोजना गरेको छ ।

कार्यक्रममा नेकपा (बहुमत) केन्द्रीय सचिवालय सदस्य तथा मधेस ब्युरो इन्चार्ज नयन, नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज निर्माण, नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य प्रल्हाद साह, नेकपा मसाल केन्द्रीय समन्वय समितिका प्रतिनिधि खगेश्वर शर्मा पौडेल र दीपकप्रसाद चौधरी, वाम बुद्धिजीवी मुनिन्द्रलाल कर्ण, सहिद परिवार कविता मोक्तानलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेकपा (बहुमत) का सचिवालय सदस्य नयनले ५ दलीय गठबन्धन सरकार अमेरिका र भारतको डिजाइनमा चलिरहेको बताए । उनले नेपाललाई फिजीकरण, सिक्किमीकरण गर्ने योजनामा गठबन्धन सरकारले काम गरिरहेको पनि बताए ।

नेकपा (बहुमत) का नेता नयनले अब यो राज्यसत्ता गरिब, किसान, मजदुर वर्गको नभएर दलाल पुँजीवादीहरूको रहेकाले क्रान्तिकारीहरूले दलाल पुँजीवादी राज्यसत्तालाई ध्वस्त पारेर त्यसको ठाउँमा जनताको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुपर्ने बताए ।

वाम बुद्धिजीवी मुनिन्द्रलाल कर्णले केपी ओली नेतृत्वको नेकपा (एमाले) र प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र) ढोङ्गी कम्युनिस्टहरू रहेको बताए । उनले नागरिकता विधेयक मधेसीको मात्र समस्या नभएर सिङ्गो देशको समस्या रहेको पनि बताए । एमसीसी, एसपीपी, नागरिकता विधेयकजस्ता राष्ट्रघाती निर्णय गर्दै हिँड्ने ५ दलीय राष्ट्रघाती गठबन्धन सरकारका विरुद्ध सम्पूर्ण देशभक्त नेपाली एक साथ उठेर सङ्घर्ष गर्नुपर्ने उनको भनाइ थियो ।

नेकपा मसाल केन्द्रीय समन्वय समितिका प्रतिनिधि खगेश्वर शर्मा पौडेलले प्रचण्डलाई अमेरिका र भारतले नचाइरहेकाले कहिले एमसीसी, कहिले एसपीपी र कहिले नागरिकता विधेयक बोकेर हिँडिरहेको धारणा राखे । उनले देशको विकास गर्न शेरबहादुर देउवा, केपी ओली, प्रचण्ड, माधव नेपाल, उपेन्द्र यादव वा बाबुरामहरूबाट सम्भव नरहेकाले क्रान्तिकारी परिवर्तनसहित क्रान्तिकारी शक्तिले सत्ता सञ्चालन गर्नुपर्ने पनि बताए ।

नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य प्रल्हादको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य नेकपा मसाल केन्द्रीय समन्वय समितिका प्रतिनिधि दीपकप्रसाद चौधरीले गरेका थिए भने सञ्चालन नेकपा (बहुमत) महाधिवेशन आयोजक समितिका सदस्य तथा रौतहट-बारा इन्चार्ज सङ्केतले गरेका थिए ।

क्रान्तिकारी ट्रेड युनियन ...

अध्यक्षतामा सम्पन्न भेलामा नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् दक्षिण-पश्चिम ब्युरो इन्चार्ज आजाद प्रमुख अतिथि थिए भने विशेष अतिथि महासङ्घका केन्द्रीय अध्यक्ष विनोद थापा थिए । अन्य अतिथिहरूमा महासङ्घका चितवन इन्चार्ज एवम भरतपुर महानगर संयोजक आकाश, इच्छाकामनाका इन्चार्ज अभय, नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् चितवन संयोजक विजय, महाधिवेशन आयोजक समितिका अर्का सदस्य एवम् मकवानपुर जिल्ला संयोजक जीवन, पार्टीका चितवन जिल्ला वरिष्ठ सचिवालय सदस्य एवम् भरतपुर महानगर इन्चार्ज काका, चितवन जिल्ला सचिवालय सदस्य एवम् अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय सदस्य विमला, विकल्प, सुमन, राष्ट्रिय युवा जनस्वयम्सेवक चितवनका सुविन सहभगी थिए ।

सृजनाले अतिथिहरूलाई ब्याच वितरण गरेकी थिइन् भने स्वागत मन्तव्य देवीले गरेकी थिइन् । भेलाको सञ्चालन दिलुले गरेका थिए ।

मिटरब्याजी शोषणविरुद्धको ...

सोझासीधा जनतामाथि हददर्जाको अत्याचार गरेका तथ्य-प्रमाणहरू सार्वजनिक भइरहेको, एक लाख ऋण दिएर ८५ लाखसम्म असुलेको, २० हजार ऋण दिई घरखेत नै हडपेर सर्वसाधारण जनता सडकमा पुगेको, जाली र झूट्टा तमसुक बनाई नापी, मालपोत, प्रशासन र केही दलाल राजनीतिकर्मीको मिलोमतोमा जनताको सम्पत्ति हत्याउने षड्यन्त्र जारी राखिएकाले पीडितहरूको यस न्यायपूर्ण आन्दोलनमा ऐक्यबद्धतासहित पूर्ण समर्थन रहेको जनाइएको छ ।

संयुक्त विज्ञप्ति जारी गर्नेहरूमा हरिश भट्ट (अध्यक्ष, युवा जनस्वयम्सेवक, नेपाल), विनोद थापा (अध्यक्ष, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ), मिलन राई (अध्यक्ष, अखिल क्रान्तिकारी), अन्जना तामाङ (अध्यक्ष, अखिल नेपाल महिला सङ्गठन), खेम थपलिया (संयोजक, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ), हरि श्रेष्ठ (अध्यक्ष, अखिल नेपाल किसान महासङ्घ), कमल बुढा (संयोजक, क्रान्तिकारी पत्रकार सङ्गठन नेपाल), दर्शन नेपाली (संयोजक, राष्ट्रिय दलित मुक्ति मोर्चा नेपाल) र मीनराज गिरी (संयोजक, अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घ) रहेका छन् ।

संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले देशमा देखिएका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, राष्ट्रघात, जनजीविकासँग सम्बन्धित समस्याविरुद्ध बुलन्द ढङ्गले आवाज उठाउँदै आएको छ । जनसङ्घर्ष र सडक सङ्घर्षमा हाम्रो पार्टीपङ्क्ति निरन्तर जनताका पक्षमा रहेको सर्वविदितै छ । देश यतिबेला समस्याहरूको चङ्गुलमा फसेको छ । भ्रष्टाचार, अराजकता, दलाली, तस्करी, राज्यस्रोतमाथिको दोहन, बेथिति, कुव्यवस्थाले जनता आजित भएका छन् । दिनदिनैजसो करोडौँका भ्रष्टाचारकाण्डहरू बाहिरिरहेका छन् । चौतर्फी रूपमा जनता ठगिने अवस्था छ । महँगीको मार खेप्न नसक्ने स्थितिमा पुगेको छ । सत्ता सञ्चालकहरू कमिसनको चक्करमा परेर जनताका समस्या सुन्नेभन्दा पीडितमाथि कानुनका पाना पल्टाएर झन् दमन गर्ने ठाउँमा पुगेका छन् । राज्यको यसप्रकारको चरित्रको हामी घोर भर्त्सना गर्दछौँ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'पछिल्लो चरण अर्थतन्त्रमा कृत्रिम सङ्कट देखाएर बैङ्कहरूले सर्वसाधारणलाई ऋण दिन बन्द गरेको अवस्था छ । अर्कोतर्फ ५० खर्ब मौज्दातमा ४७ खर्ब ऋण प्रवाह भएको छ । बैङ्किङ प्रणालीमा आएको सर्वसाधारण जनताको पैसा १८ लाख बैङ्क ऋणीमध्ये १०० व्यापारिक घरानाले मात्र ३२ खर्बभन्दा बढी ऋण कब्जा गरेको तथ्याङ्क छ । यो सरासर जनताको पैसामाथि केही व्यक्तिहरूले आफूअनुकूल हुने गरी रजाइँ गरिरहेको अवस्था हो । बजारमा पैसाको कृत्रिम अभाव उत्पन्न गरेर भूमिगत अर्थ-कारोबारमा सीमित व्यक्तिहरूले लघुवित्त सहकारी फाइनान्स कम्पनीहरूको आतङ्क सिर्जना गरेका छन् । जनताको पैसा घुमाउरो तरिकाले कब्जा गरेर तिनै सीमित व्यक्तिहरूले देशैभरि मिटरब्याज आतङ्क सिर्जना गरेका छन् । गाउँका सोझासीधा जनतालाई झुक्याएर झूट्टा र जाली तमसुक बनाई सर्वसाधारणको सम्पत्ति हडप्ने, घरबारविहीन बनाउने अवस्था भित्रभित्र भुसको आगोसरि फैलिएको छ । सरकार यस गम्भीर समस्याप्रति संवेदनशील देखिएको छैन । विगत केही समययता मिटरब्याजीले सोझासीधा जनतामाथि हददर्जाको अत्याचार गरेका तथ्य-प्रमाणहरू सार्वजनिक भइरहेका छन् । एक लाख ऋण दिएर ८५ लाखसम्म असुलेको, २० हजार ऋण दिई घरखेत नै हडपेर सर्वसाधारण जनता सडकमा पुगेको अवस्था छ । जाली र झूट्टा तमसुक बनाई नापी, मालपोत, प्रशासन र केही दलाल राजनीतिकर्मीको मिलोमतोमा जनताको सम्पत्ति हत्याउने षड्यन्त्र भएको छ ।'

संयुक्त विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'यसै सन्दर्भमा लामो समयदेखि नवलपरासीबाट सर्वसाधारण जनता मिटरब्याजको पासोमा परी ठगिएर सडक आन्दोलनमा रहेका छन् । सरकारी आश्वासनपछि केही दिन रोकिएको सडक आन्दोलन फेरि विगत दुई सातादेखि निरन्तर चलिरहेको छ । नेकपा (बहुमत) को सहायक सङ्गठन र जनवर्गीय सङ्गठनहरू जनताको यस न्यायपूर्ण आन्दोलनमा सुरुदेखि नै साथ र समर्थनसहित प्रत्यक्ष सडक आन्दोलनमै छन् । पीडितहरूको यस न्यायपूर्ण आन्दोलनमा हाम्रो ऐक्यबद्धतासहित पूर्ण समर्थन गर्दछौँ ।'

निर्माणकार्यमा लापरबाही...

दीपेन्द्रसिंह ऐरीले दिए ।

ध्यानाकर्षणपत्रमा कञ्चनपुर जिल्लामा राजेन्द्र निर्माण सेवा प्रालिद्वारा निर्माणाधीन अवस्थामा रहेका कार्यहरू देखतभुलीदेखि लालझाडी जोड्ने सडकमा पुल, दैजीदेखि बेल्डोडी, बेलौरी, पुनर्बास हुँदै डोके बजार जोड्ने ६२ किलोमिटर सडक, बेदकोट नगरपालिका ६ र ७ नम्बर वडा जोडिने मुसेपानीमा पुल, भीमदत्त नगरपालिका ११ भुजेलामा महाकाली जाने सडकखण्डमा पुल, भीमदत्त नगरपालिका ९ मा महेन्द्रनगरदेखि ब्रह्मदेव जोडिने कृषि सडकमा कामीकाटे खोलाको पुल कामको म्याद नाघिसक्दा पनि सम्पन्न नगरेर निर्माण कम्पनी र सम्बन्धित निकाय सडक डिभिजन कार्यालय मौन रहेकोमा सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

सङ्गठनले जिल्लाभित्रका निर्माणकार्य नियमित सञ्चालन गरी अविलम्ब सम्पन्न गर्न जोडदार माग पनि गरेको छ । सङ्गठनले यस विषयमा नजरअन्दाज गरेमा कडा सङ्घर्षमा उत्रिने चेतावनी पनि दिएको छ ।

स्मरणीय छ, सङ्गठनको केन्द्रीय समितिले केही दिनअघि राष्ट्रियता, जनतन्त्र, जनजीविकाको विषय र मिटरब्याजी शोषण, भ्रष्टाचारलगायत बेथितिका विरुद्ध प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो । त्यसपछि सङ्गठनले देशैभरि जनसरोकारका विषयलाई गम्भीरतापूर्वक आन्दोलनकै रूपमा अघि बढाइरहेको छ ।

केन्द्रीय सदस्य शाह गिरफ्तार...

थप गिरफ्तारीको सिलसिला अघि बढाइरहेको छ । हाम्रो पार्टी सरकारको यो दाहोरो चरित्रको भण्डाफोर गर्दै कमरेड कृष्ण शाहको अविलम्ब रिहाइको माग गर्दछ । यसमा विलम्ब भएमा उत्पन्न हुने असहज परिस्थितिको जिम्मेवार स्वयम् सरकार नै हुनेछ ।'

जनगणतान्त्रिक सम्पर्क मञ्चको ...

नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् बागमती उपत्यका विशेष ब्युरो इन्चार्ज जीवनको प्रमुख आतिथ्य, नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा जनगणतान्त्रिक सम्पर्क मञ्चका संयोजक उद्धव पौडेलको आतिथ्यमा सम्पन्न बैठकले ५१ सदस्यीय भेला आयोजक समिति गठन गरेको छ ।

बैठकले पार्टीको निर्णयलाई यथाशीघ्र कार्यान्वयन गर्दै अगाडि बढ्ने, भदौ २ गते आरम्भ हुने राष्ट्रिय जनजागरण अभियानमा सम्पर्क मञ्चको प्रतिनिधि पठाएर अभियान सफल पार्न लागिपर्ने, देशव्यापी रूपमा पोस्टरिङ र भित्तेलेखन गर्न सघाउने निर्णय पनि गरेको छ ।

पार्टी सचिवालय बैठकका निर्णयहरू सम्प्रेषण गर्दै पार्टीका उपत्यका विशेष ब्युरो इन्चार्ज जीवनले समाजवादी क्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्न जनतासँग हातेमालो गरेर अगाडि बढ्ने बताए । उनले पार्टीहरूमा हुने फुट र विभाजन अन्त्य गर्दै क्रान्तिकारी ध्रुवीकरण आरम्भ भइसकेको पनि बताए ।

सहिदको समाधिमा उभिएर क्रान्तिको...

गरेको राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले समेत पुष्टि गरेको छ भने प्रत्यक्षदर्शीहरूले पनि सोही तथ्य पुष्टि गरेका छन् । निःशस्त्र अवस्थामा कब्जामा लिएर हत्या गरी जङ्गलमा फालिएका शवहरू हेर्दा आजपर्यन्त शाहीसेनाको क्रूरता र अमानवीयता प्रस्तुत हुन्छ । तत्कालीन शाही नेपाली सेना रामेछापको नारायण दल गुल्मको मेजर राममणि पोखरेलको नेतृत्वमा डेढ सयजनाको समूह उक्त घटनामा संलग्न भएको बताइएको छ । तत्कालीन सरकार र विद्रोही माओवादीबीच दाङको हापुरेमा शान्तिवार्ता चलिरहेको अवस्थामा मच्चइएको उक्त हत्याकाण्ड मानवताविरुद्धको युद्ध अपराध हो । उक्त घटनापछि वार्ता बिथोलियो र माओवादी फेरि जनयुद्धमा गयो ।

तत्कालीन शाहीसेनाले सामूहिक हत्या गरेकाहरूमा तत्कालीन जिल्ला जनसरकार प्रमुख बाबुराम लामा 'पुष्प', प्रदीप दोङ 'रक्तिम', अम्बिका दाहाल 'ललिका', सङ्गीता, हर्कबहादुर तामाङ यथार्थ, रवि चौहान 'समीर', उमा कार्की 'सहारा', श्याम तामाङ 'इन्क्लाब', पदमराज गिरी 'असल', विष्णुमाया थापामगर 'बिमा', ठूलोराम तामाङ 'छोक्पा', सानोराम तामाङ 'तारा', लक्ष्मण तामाङ 'छाया', जमिन, सोम, विमला, युवराज मोक्तान, लीला मोक्तान, टेकबहादुर थापामगर ' विवेक', चतुरमान थामी 'समर', उषासहित २१ जना क्रान्तिकारी नेता, कार्यकर्ता र माओवादी शुभेच्छुकहरू छन् । उक्त घटनामा शाहीसेनाको घेरा तोडेर ११ जना नेता-कार्यकर्ता भने भाग्न सफल भएका थिए ।

यो दिवसको समय पारेर जनयुद्धको मियो नछोडेका नेपालका दुई क्रान्तिकारी पार्टी नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) मङ्गलबार दोरम्बा- डाँडाकटेरीमै पुगेर सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । दुई पार्टीका शीर्ष नेताहरू नै दोरम्बा पुगेर सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सहिद परिवारजनप्रति समवेदना व्यक्त गरेका छन् । साथै उनीहरूले नेपालको क्रान्तिकारी आन्दोलनमा कैयौँ नेताहरू गलेर संसदीय भासमा पतन भए पनि सहिदहरूले देखाएको बाटोमा अविराम लड्ने प्रतिज्ञा गरेका छन् ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का वरिष्ठ नेता सीपी गजुरेल 'गौरव', नेकपा (बहुमत) का संयोजक धर्मेन्द्र बास्तोला 'कञ्चन', नेकपा क्रान्तिकारी माओवादीका नेता चन्द्रहरि सुवेदी 'अटल', नेकपा (बहुमत) बागमतीपूर्वी ब्युरो इन्चार्ज अटल, नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् रामेछाप जिल्ला इन्चार्ज अग्रीम, जिल्ला संयोजक उजिर, सीता गौतम, क्रान्तिकारी माओवादीका गगनलगायत नेता, कार्यकर्ता दोरम्बा पुगी सहिदको समाधिमा उभिएर क्रान्तिको झन्डा उठाइरहने प्रतिज्ञा गरेका छन् ।

इतिहासमा दोरम्बा हत्याकाण्डका नाउँले चर्चित आजको दिन अर्थात् आजभन्दा २० वर्षअगाडि तत्कालीन नेकपा (माओवादी) का जिल्ला जनसरकार प्रमुख बाबुराम लामा 'पुष्प' सहित २१ जना योद्धाहरूलाई तत्कालीन शाहीसेनाले कब्जामा लिएर कायरता र क्रूरतापूर्वक हत्या गरेको थियो । २०६० साल साउन ३२ गतेका दिन रामेछापको दोरम्बा गाविसस्थित युवराज मोक्तानको घरमा पार्टीको एरिया समितिको बस्ने तयारी गरिरहेको बेला घर घेरा हाली कब्जामा लिएर २१ जनाको गोली हानी हत्या गरेको थियो ।

युद्धको सामान्य अन्तर्राष्ट्रिय नियमलाई समेत लत्याएर निःशस्त्र व्यक्तिहरूलाई कब्जामा लिएपछि दुवै हात पछाडि बाँधेर अत्यन्तै अमानवीय तरिकाले डडुवा गाविसको डाँडाकटेरीमा पुऱ्याई दुवै हात बाँधेकै अवस्थामा लाम लगाएर गोली हानी हत्या

नेकपा (बहुमत) का केन्द्रीय सल्लाहकार ...

पार्टी र किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) बीच पार्टी एकता अघि बढिसकेको जानकारी गराउँदै नेता सुदर्शनले अब नेपालमा क्रान्तिकारीहरूको बलियो धारा निर्माण हुने विश्वास व्यक्त गरे ।

उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य गगन खड्का ' जीवन', प्रदेश उपाध्यक्ष ढकवीर राणा, नागरिक समाज जाजरकोटका अगुवा राजेन्द्रविक्रम शाह, नेकपा (बहुमत) का कर्णाली ब्युरो इन्चार्ज सङ्गम, केन्द्रीय सदस्यहरू मोतीराम, शीतल, प्रह्लादका श्रीमतीहरू ससिला राणा र जिरी राना, छोरा राजु राना, छोरी चित्रकला राना, सङ्गीता रानालगायत कार्यक्रममा अतिथि थिए । कार्यक्रममा नेकपा (बहुमत) का केन्द्रीय सदस्य तथा जाजरकोट इन्चार्ज धमिलले अध्यक्षता गरेका थिए भने तिलकराज श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए ।

मस्तिष्कघातबाट केही दिनअघि निधन भएका जाजरकोट रिम्ना निवासी जयबहादुर राना सहिदपिता हुन् । जनयुद्धमा उनका छोरा सहिद भएका थिए । प्रह्लाद पञ्चायती शासनविरुद्धको आन्दोलन, २०४६ सालको जनआन्दोलन हुँदै २०५२ सालदेखि सुरु भएको जनयुद्धको आरम्भदेखि नै महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । पार्टीका विभिन्न शाखा तथा विभागहरूमा रहेर काम गरेका र जनयुद्धमा निकै ठूलो योगदान पुऱ्याएका प्रह्लादका कारण रिम्ना, पिपे, मैदेलगायत आसपासका गाउँहरू जनयुद्धकालदेखि नै क्रान्तिका अभेद्य आधारकिल्लाका रूपमा विकास भएका थिए ।

नियमित

दोरम्बाका सहिदका सपना

विप्लवी

साउन महिनाको अन्तिम दिन । जनयुद्ध लडेका माओवादीहरू भन्छन्, २०६० सालको साउन ३२ को कालो दिनपछि कताकता यो दिन नआइदिए पनि हुन्थ्योजस्तो लागिरहन्छ । सहिदहरूले रातो रगत बगाएर धर्ती मुक्त बनाउन बलिदान गरेको दिन हो साउन मसान्त । यो कोणबाट हेर्दा त्यो दिन मालेमाको आदर्श पछ्याइरहेकाहरूका लागि एउटा थप प्रण गर्ने दिन पनि हो । तत्कालीन राजतन्त्रात्मक फासिवादी सत्ताले युद्धविराम र शान्तिवार्ताका न्यूनतम् मूल्य-मान्यता पनि पालना नगरी रामेछापको दोरम्बा- डाँडाकटेरीमा माओवादीका २१ जना नेता-कार्यकर्तालाई लस्करै उभ्याएर छाती र छाउकोमा गोली दागेर हत्या गरेको दिन हो साउन मसान्त ।

माओवादी आदर्श प्राप्तिका लागि २०६० साल साउन ३२ गते दोरम्बामा जनताले बलिदान गरेका थिए । दोरम्बाको डाँडाकटेरीमा तत्कालीन रामेछाप जनसरकार प्रमुख बाबुराम लामा 'पुष्प', अम्बिका दाहाल 'ललिका', प्रदीप दोङ 'रक्तिम', उमा कार्की 'सहारा', पदमराज गिरी, सानुराम तामाङ योञ्जन 'तारा', ठूलोराम तामाङ 'छोप्पा', लछुमन तामाङ, युवराज मोक्तान, लीला मोक्तान, चतुरमान थामी, सङ्गीता, टेकबहादुर थापामगर 'विवेक', विष्णुमाया थापामगर 'विमा', श्याम तामाङ 'इन्क्लाब', हर्क घिसिङ 'यथार्थ', रवि चौहान 'समीर', उषा, जमिन, सोनामलगायतले क्रान्तिकारीहरूको 'तीर्थस्थल' बनाएका थिए ।

इतिहासको सामान्य नियमअनुसार देश र जनतालाई पुरानै समय र व्यवस्थातिर फर्काउन खोज्ने र प्राप्त उपलब्धिहरूमाथि धावा बोल्ने प्रयास भइरहेको समयमा हिजो श्रमजीवी जनताका विरुद्ध युद्धको ऐलान गर्नेहरू, अन्यायपूर्ण युद्धका अनुयायीहरू यतिबेला न्यायको कठघरामा हुनुपर्ने थियो । तर कतै इतिहासले उल्टो मजाक गरेर विपन्न जनता अनि देशको मुक्तिका लागि खटिरहेका क्रान्तिको नेतृत्व, कार्यकर्ता र जनतालई नै कठघरामा थुनिरहेको पो छ कि भनेर चिन्ता गर्नुपर्ने समय पनि हो यो ।

जनयुद्धमा सहभागी भएर आएकाहरूलाई सहिदको रगत, घाइतेका अपाङ्ग शरीर, आफ्ना प्रिय सहयोद्धाहरूका शव, प्रियजनहरूका आँसु र पसिनाको भेल तरेर आएकाहरूका लागि दोरम्बा हत्याकाण्डको दिनले विगतमा जनताका सामु गरेका वाचा एकपटक पुनः स्मरण गर्न बाध्य बनाएको छ । झन्डै १० हजार सहिदको रगत, सपना र भावनाका विरुद्ध कदम चलिरहेका त छैनन् ? शान्ति, सहमति, सम्झौता आदिका नाममा कतै महान् आदर्शहरूलाई तिलाञ्जली दिँदै क्रमशः रसातलतिर भासिइरहेको त छैन समय ? आज आएर पनि पलायन हुनु, घेरामा पर्नु थियो र जनयुद्ध आरम्भताका जनताका सामुन्ने गरेका वाचाहरूबाट स्खलित हुँदै जानु थियो भने किन बगाइयो तीफदीको रगत ? किन चढाइयो दोरम्बामा २१-२१ जना होनहार क्रान्तिकारीलाई बलिमा ? हार्ने थियो र हार्दै जानुमा गौरव गर्दै जानु थियो भने किन बनाइयो दसौँ हजार सहिद-बेपत्ता, अपाङ्ग परिवारको बेहाल ? लाखौँ घरपरिवार विघटन भएर, हजारौँ बेपत्ता, घाइते तथा अपाङ्गहरूको जीवन किन भयो तहसनहस ? आज माओवादी आन्दोलनभित्रका इमानदार र क्रान्तिकारीहरू यो प्रश्न उठाउन थालेका छन् ।

क्रान्तिकारीहरू आशावादी हुन्छन् । उनीहरू भन्छन्- होइन, यस्तो हुनै सक्दैन । समयले कहिलेकहीँ उल्टो मजाक पनि गर्दो रहेछ । क्रान्तिकारीहरूले २०६६ सालको साउन ३२ गते पनि सहिदको रगत बगेको दोरम्बाको माटो मुठीमा लिएर वाचा बाँधेका थिए– महान् सहिदहरू, हामी तिम्रा सुन्दर सपना पूरा नगरेसम्म, जनताको हत्या गर्ने र तिनलाई आदेश दिने र बचाउनेहरूको सुखको स्वर्ग नभत्काएसम्म एकरत्ति पछि हट्नेछैनौँ । हामीलाई सहिदले देखाएको बाटो प्यारो छ । हामीलाई न्यायपूर्ण मृत्यु प्यारो छ ।

जनयुद्ध आरम्भ गर्नुअघि माओवादीले आमजनतासामु व्यक्त गरेको प्रतिबद्धता २०५२ साल फागुन १ गते यसरी पर्चामार्फत अभिव्यक्त भएको थियो :

जनयुद्धको थालनीको हाम्रो यो योजना 'राज्यसत्ताबाहेक अरू सबै भ्रम हो' भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निम्ति राजनीतिक सत्ता कब्जा गर्नु नै सशस्त्र सङ्घर्षको प्रमुख उद्देश्य हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखापर्ने सुधारवाद, अराजकतावादलगायत सबै प्रकारका विचलनवादी प्रवृत्तिविरुद्ध निरन्तर सङ्घर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता जाहेर गर्छ ।

हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानवजातिकै स्वर्णिम भविष्य साम्यवादको व्यवस्थासम्म जाने उद्देश्यमा आधारित हुनेछ ।

एकपटक हतियार उठाएपछि त्यसलाई अन्त्यसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आमजनताप्रति अपराध हुने कुरामा पनि हामी दृढ छौँ ।

यो सङ्घर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दबाब दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न दिइनेछैन ।

यसरी हाम्रो सशस्त्र सङ्घर्ष सबै प्रकारका निम्न पुँजीवादी, सङ्कीर्ण, राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमबाट सम्पूर्ण रूपले मुक्त रहनेछ । अहिले पनि यदि कसैले यही प्रतिक्रियावादी सत्ताभित्र सुधारवादी सङ्घर्षमा नै सीमित रहने कुरा गर्छ भने त्यो अर्को गद्दारीको प्रक्रिया मात्र हुनेछ भन्ने तथ्य अब इतिहाससिद्ध भएको छ ।

दोरम्बा हत्याकाण्ड नेपालको इतिहासकै सबैभन्दा ठूलो, भीषण र नरसंहारकारी हत्याकाण्ड थियो । दोरम्बामा घटनापछि तत्कालीन सत्तासँगको दोस्रो वार्ता भङ्ग भएर मुलुकमा फेरि युद्ध अघि बढेको थियो । इतिहासमा भएका यस्तै त्याग, शौर्य र बलिदानको बलमा नेपालबाट राजतन्त्रको अन्त्य भएको थियो र मुलुक सङ्घीय, धर्मनिरपेक्ष गणतन्त्र घोषणा भएको थियो । दोरम्बाकै बलिदानको जगमा संविधानसभाको निर्वाचनमा माओवादी सबैभन्दा ठूलो पार्टी बन्न सफल भएको थियो ।

तर समय धुमिलधुमिल हुँदै गएको छ । दोरम्बाको भूमिमा पोखिएको क्रान्तिकारीको रगतबाट स्थापित सङ्घीय गणतन्त्र नेपलमा रूपान्तरणकारी युद्धमा कुनै लगानी नगरेकाहरूको रजाइँ चल्न थालेको छ । देशमा क्रान्तिकारीहरू ढल्दा खुच्चिङ गर्नेहरू आज माओवादीभित्रै सशक्त बन्दै गएका छन् । रगतको जगमा उभिएको संविधानसभामा क्रान्तिकारीहरू नै घेरिए । यो उल्टो चक्र अन्त्य गर्न पनि दोरम्बाका सहिदहरूको सपनालाई आधार बनाएर जनविद्रोहको नयाँ तयारी नगरी सुखै छैन । तर के आज हामी हाम्रा विगतका प्रतिबद्धताहरूबाट स्खलित त हुँदै गइरहेका छैनौँ ? सहिदहरूका बिम्ब र प्रतीकहरू बिस्तारै ढल्दै, गल्दै र घुर्मेलो इतिहास बन्दै गएको यो सङ्गीन घडीमा सहिदका सुन्दर सपना पूरा गर्न अरू दोरम्बा र बेथानहरू दोहोरिनेछैनन् भन्ने कसरी ग्यारेन्टी गर्न सकिन्छ र ?

(दोरम्बा हत्याकाण्ड : मुक्तिका लागि बलिदान २०६८ बाट)

देशव्यापी आन्दोलनको दबाबपछि फिर्ता भयो राष्ट्रघाती नागरिकता विधेयक

काठमाडौँ/ लामो समयदेखि मानिसको चासो र बहसको विषय बनेको नागरिकतासम्बन्धी समस्या अझै समाधान भइसकेको छैन । नागरिकताको विषयलाई लिएर संसद्वादी पार्टीहरूले नाफाघाटाको राजनीति गरिरहेकै सन्दर्भमा संसद्बाट पारित भई राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पठाइएको नागरिकता विधेयक ऐन बन्नबाट रोकिएको छ ।

विभिन्न राजनीतिक पार्टी, प्रबुद्ध व्यक्ति, बुद्धिजीवीहरू र क्रान्तिकारी पार्टीहरूको आन्दोलन र दबाब बढेपछि राष्ट्रपतिले उक्त नागरिकता विधेयकलाई प्रमाणीकरण नगरेर आइतबार संसद्मै फिर्ता गरेकी छिन् । राष्ट्रपतिले उक्त विधेयक प्रमाणीकरण गरेको भए तत्काल त्यो मुलुकी ऐन बनेर कार्यान्वयनको प्रक्रियामा अघि बढ्ने थियो । तर चौतर्फी दबाबका कारण पुनर्विचारका लागि राष्ट्रपतिले उक्त विधेयक संसद्मै फिर्ता पठाएकी हुन् ।

नागरिकता विधेयकका विरुद्ध सडक आन्दोलन जारी छ । संसद्बाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पुगेको उक्त नागरिकता विधेयक फिर्ता गराउनका लागि नेकपा (बहुमत), नेकपा (क्रान्तिकारी माओवादी) लगायत ५ दल/मोर्चाले को संसद्का सत्तापक्ष र प्रतिपक्षी दलका नेताहरू, सांसदहरू, सदनभन्दा बाहिरका राजनीतिक पार्टी तथा विभिन्न देशभक्त व्यक्ति–व्यक्तित्व एवम् सङ्घसंस्था, कानुनी र कूटनीतिक क्षेत्रका जानकारहरूका साथै विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालहरूबाट समेत व्यापक विरोध भएको जानकारी गराउँदै राष्ट्रपतिसमक्ष ज्ञापनपत्र बुझाएका थिए ।

सरकार र संसद्वादी दलहरु नागरिकताजस्तो अत्यन्तै संवेदनशील, गम्भीर र महत्वपूर्ण विषयमा खेलबाड गरिरहेका छन् । नेपालको तराई तथा अन्य स्थानमा पुस्तौँपुस्तादेखि बसोबास गर्दै आएका शोषित, पीडित, दलित, भूमिहीन, निर्धा, निमुखा, श्रमजीवी जनसमुदायले नागरिकता पाएका छैनन् तर अनेक जालझेल, लोभलालच, आश्वासन, प्रलोभन, प्रभाव, दबाब र पैसाको चलखेलका आधारमा गैरनेपाली नागरिकले नागरिकता पाउने भित्री उद्देश्यसहित ल्याइएको उक्त विधेयकले सच्चा नेपालीहरूलाई अल्पमतमा पार्ने गम्भीर र भयावह अवस्था उत्पन्न गर्ने दलहरूको ठम्याइ छ । खासगरी भारतीय नागरिकहरूलाई सहज तरिकाले नागरिकता दिनका लागि बन्न लागेको उक्त ऐनले नेपालको राष्ट्रियतामाथि नै असर पार्ने दलहरूको विश्लेषण छ । नेपाली महिलाले भारतमा विवाह गर्दा उनले त्यहाँको नागरिकता पाउन ७ वर्ष कुर्नुपर्ने प्रावधान रहेको जान्दाजान्दै पनि भारतकी महिलाले नेपाली नागरिकसँग विवाह गरेकै भोलिपल्ट नागरिकता पाउने व्यवस्था गर्नु बेठीक भएको दलहरूले बताएका छन् ।

तत्काल सामान्यजस्तो देखिए पनि भविष्यमा नेपालको राष्ट्रियता, सार्वभौमिकता, स्वाधीनता र स्वत्व–अस्तित्वमाथि नै प्रश्न उठ्ने भएकाले सर्वपक्षीय सहमति नजुटाईकन ऐन बनाउन लागिएको उक्त विधेयक व्यापक बहस र छलफल गरी सर्वपक्षीय सहमति कायम गरेर मात्र अन्तिम रूप दिनका लागि संसद्मा नै फिर्ता पठाउन माग गरिएको थियो । सर्वाधिक आलोचना र बहसपछि राष्ट्रपतिले संसद्लाई नागरिकताका विषयमा विभिन्न ९ प्रश्नको जबाफ खोज्दै संसद्मै विधेयक फिर्ता पठाएकी हुन् । उनले सोधेका प्रश्नहरूमा योग्य नेपाली नागरिकले असमर्थ भएकै कारण संविधानप्रदत्त अधिकारबाट कतिन्जेल वञ्चित हुनुपर्ने, विभिन्न मुलुकको व्यवस्था तथा असल सभ्यताको अध्ययन गरी अङ्गीकृत नागरिकतालाई स्थायी समाधान किन नगर्ने, संवेदनशील मुद्दामा राजनीतिक नाफाघाटा हेरेर खास वर्ग र समुदायका नागरिकको सम्मानमा ठेस पुऱ्याउनु उपयुक्त कति छ, नागरिकतासम्बन्धी व्यवस्थालाई कति कठोर र कति उदार बनाउने, आमाको नामबाट नागरिकता बनाउँदा कति समय पर्खिनुपर्नेलगायत छन् । यस्तै अङ्गीकृत नागरिकताको समस्यालाई स्थायी रूपले समाधान गरिनुपर्ने विषयमा पनि उनले चासो देखाएकी छिन् ।

यसअघि केपी शर्मा वली नेतृत्वको सरकारले ९ जेठ २०७८ मा नागरिकता अध्यादेश ल्याएका थिए । तर सर्वोच्च अदालतले २७ जेठ २०७८ मा नागरिकता अध्यादेश कार्यान्वयनमा रोक लगाइदिएको थियो । त्यतिबेला सर्वोच्चले विधायिकाको अधिकार र कार्यक्षेत्रमा हस्तक्षेप गरी अध्यादेश ल्याउन नमिल्ने भनेको थियो । प्रमाणीकरणका लागि राष्ट्राध्यक्षसम्म पुगेको नागरिकता विधेयक फिर्ता भएको यो दोस्रोपटक हो । यसअघि राजा वीरेन्द्रले २०५७ सालमा पनि यो विधेयक संसद्मै फिर्ता पठाएका थिए ।

नागरिकतासम्बन्धी विधेयक संसद्मा फिर्ता भएको अवस्थामा पुनः उक्त विधेयकबारे छलफल हुन समय लाग्न सक्छ । उक्त विधेयकलाई संसद्मा पुनः टेबल गर्नुपर्दछ । संशोधन हाल्नुपर्दछ । टेबल भैसकेपछि दफाबार छलफलका लागि समितिमा पठाई फेरि पारित भएपछि पनि राष्ट्रिय सभाले प्रक्रियागत रूपले पारित गरेपछि मात्रै प्रतिनिधिसभाले राष्ट्रपतिकहाँ संशोधित विधेयक प्रमाणीकरणका लागि पठाउनुपर्छ । देशमा मङ्सिर ४ गतेका लागि निर्वाचन घोषणा भैसकेको अवस्थामा यससम्बन्धी समस्या अहिले समाधान हुन सक्ने अवस्था छैन । तर दलीय सहमति भएको खण्डमा तत्काल प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउन पनि सकिन्छ । तर नागरिकताजस्तो संवेदनशील विषयमा राष्ट्रिय र सर्वपक्षीय सहमति नजुटाईकन हठात् ऐन बनाइएको खण्डमा यसले भविष्यमा देश र राष्ट्रियतालाई गम्भीर दुर्घटनाको बाटोतिर लिन सक्छ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउदा सधै भ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. भ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१-४२६२९७०, ४२६३४८५

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको मित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन: ५३७१२०८ सनराईज बैक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com

साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : झनक श्रेष्ठ, डिजाइन : अग्निराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं